आज मिति २०८२ साल असार ६ गते शुक्रवार नेपाल सम्वत ११४५ तछलागा नवमी तिथि दिउँसो 1:00 बजे ललितपुरको शंखमुल स्थित यल दरवारमा ललितपुर महानगरपालिकाको सातौं नगरसभाको बैठक ललितपुर महानगरपालिकाका प्रमुख श्री चिरीबाबु महर्जनज्यूको अध्यक्षतामा तपसिल बमोजिमका नगरसभा सदस्यको उपस्थितीमा बस्यो ।

## उपस्थिती

| पद | नाम थर | दस्तखत |
| --- | --- | --- |
| प्रमुख एवं नगर सभा अध्यक्ष | श्री चिरीबाबु महर्जन | |
| उप प्रमुख | श्री मञ्जली शाक्य बज्राचार्य | |
| नगरसभा सदस्य | श्री निर्मल तण्डुकार | |
| नगरसभा सदस्य | श्री अञ्जना कार्की | |
| नगरसभा सदस्य | श्री कृष्ण महर्जन | |
| नगरसभा सदस्य | श्री हरिहर तण्डुकार | |
| नगरसभा सदस्य | श्री राजेश कुमार महर्जन | |
| नगरसभा सदस्य | श्री अ[illegible] डंगोल | |
| नगरसभा सदस्य | श्री सजिता नेपाली परियार | |
| नगरसभा सदस्य | श्री पूर्ण महर्जन | |
| नगरसभा सदस्य | श्री अनिता पाण्डे बिष्ट | |
| नगरसभा सदस्य | श्री श्रीगोपाल महर्जन | |
| नगरसभा सदस्य | श्री मिलन महर्जन | |
| नगरसभा सदस्य | श्री रञ्जु तोलाङ्गी | |
| नगरसभा सदस्य | श्री रुपेश थापा | |
| नगरसभा सदस्य | श्री गणेश कुमार रजक | |

| | |
|---|---|
| श्री सन्तोष खड्का | नगरसभा सदस्य |
| श्री श्रद्धा थापा मगर | नगरसभा सदस्य |
| श्री मुना मग्राती | नगरसभा सदस्य |
| श्री सुनिल कुमार राना | नगरसभा सदस्य |
| श्री कृष्णहरी थापा | नगरसभा सदस्य |
| श्री विकासमान श्रेष्ठ | नगरसभा सदस्य |
| श्री शोभादेवी प्रधान श्रेष्ठ | नगरसभा सदस्य |
| श्री मञ्जु रिजाल | नगरसभा सदस्य |
| श्री पुनम निरौला | नगरसभा सदस्य |
| श्री अशोक कुमार श्रेष्ठ | नगरसभा सदस्य |
| श्री रुपेन्द्रराज शाक्य | नगरसभा सदस्य |
| श्री उमा वज्राचार्य | नगरसभा सदस्य |
| श्री सुमन महर्जन | नगरसभा सदस्य |
| श्री सुनिल शाक्य | नगरसभा सदस्य |
| श्री कुल बहादुर महर्जन | नगरसभा सदस्य |
| श्री शान्ति महर्जन | नगरसभा सदस्य |
| श्री देवेन्द्र महर्जन | नगरसभा सदस्य |
| श्री देवेन्द्र शाक्य | नगरसभा सदस्य |
| श्री बाबुरत्न महर्जन | नगरसभा सदस्य |
| श्री लक्ष्मी महर्जन | नगरसभा सदस्य |
| श्री बिमला महर्जन | नगरसभा सदस्य |
| श्री पुनाल महर्जन | नगरसभा सदस्य |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री राजु महर्जन |
| नगरसभा सदस्य | श्री सानु अवाले महर्जन |
| नगरसभा सदस्य | श्री श्रृजना भुजेल |
| नगरसभा सदस्य | श्री अमिर महर्जन |
| नगरसभा सदस्य | श्री हेराकाजी व्यन्जनकार |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री रबिनमान व्यन्जनकार |
| नगरसभा सदस्य | श्री लक्ष्मी शर्मा दाहाल |
| नगरसभा सदस्य | श्री तुलसी परियार |
| नगरसभा सदस्य | श्री अरविन्द सिंह |
| नगरसभा सदस्य | श्री बाबुराजा महर्जन |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री अरोज कुमार खड्गी |
| नगरसभा सदस्य | श्री आपुलु शाक्य |
| नगरसभा सदस्य | श्री सचिना परियार |
| नगरसभा सदस्य | श्री कृष्ण महर्जन |
| नगरसभा सदस्य | श्री जुबन तण्डुकार |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री नारायणलाल अवाले |
| नगरसभा सदस्य | श्री सरिता अवाले |
| नगरसभा सदस्य | श्री सानु अवाले |
| नगरसभा सदस्य | श्री जिवन गोबिन्द बैद्य |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री गणेश के.सी. |
| नगरसभा सदस्य | श्री सरस्वती जोशी थापा |
| नगरसभा सदस्य | श्री पुनम मग्राती |
| नगरसभा सदस्य | श्री रवि बोगटी |
| नगरसभा सदस्य | श्री कृष्ण प्रसाद कोइराला |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री अमृतजंग महत |
| नगरसभा सदस्य | श्री सहनसिला कार्की |
| नगरसभा सदस्य | श्री संगीता आछामी |
| नगरसभा सदस्य | श्री कुबेर के.सी. |
| नगरसभा सदस्य | श्री सनत कार्की |
| नगरसभा सदस्य | श्री सानुकाजी तोलाङ्गे |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री सुरेश शाही |
| नगरसभा सदस्य | श्री शशिकला सुवेदी |
| नगरसभा सदस्य | श्री निशा परियार |
| नगरसभा सदस्य | श्री बैकुण्ठ राउत |
| नगरसभा सदस्य | श्री अनुप घिमिरे |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री निर्मलरत्न शाक्य |
| नगरसभा सदस्य | श्री बबिता श्रेष्ठ |
| नगरसभा सदस्य | श्री पञ्चवज्र वज्राचार्य |
| नगरसभा सदस्य | श्री मदन महर्जन |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री बिनोद महर्जन |
| नगरसभा सदस्य | श्री सुलोचना महर्जन |
| नगरसभा सदस्य | श्री गोपाल महर्जन |
| नगरसभा सदस्य | श्री महेन्द्र श्रेष्ठ |
| | |
| नगरसभा सदस्य | श्री दामोदर खड्का |
| नगरसभा सदस्य | श्री रुकुमणी महर्जन |
| नगरसभा सदस्य | श्री राधिका रोक्का |
| नगरसभा सदस्य | श्री गोपाल डंगोल |
| नगरसभा सदस्य | श्री निरोज कुंवर |
| | |
| नगरसभा सदस्य | श्री राजेन्द्र महर्जन |
| नगरसभा सदस्य | श्री निर्मला खड्गी |
| नगरसभा सदस्य | श्री अञ्जली नेपाली |
| नगरसभा सदस्य | श्री प्रविण श्रेष्ठ |
| नगरसभा सदस्य | श्री वीरेन्द्र ताम्रकार |
| | |
| नगरसभा सदस्य | श्री चन्द्रलाल महर्जन |
| नगरसभा सदस्य | श्री गिता महर्जन |
| नगरसभा सदस्य | श्री मंगलादेवी नेपाली |
| नगरसभा सदस्य | श्री अमर डंगोल महर्जन |
| नगरसभा सदस्य | श्री शैलेन्द्र शाक्य |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री रबिन्द्र महर्जन |
| नगरसभा सदस्य | श्री हेलेन शोभा महर्जन |
| नगरसभा सदस्य | श्री शालिकराम महर्जन |
| नगरसभा सदस्य | श्री प्रदिप डंगोल |
| नगरसभा सदस्य | श्री सागर तुलाधर |
| नगरसभा सदस्य | श्री सुकुमाया लामा |
| नगरसभा सदस्य | श्री जुनु मिजार |
| नगरसभा सदस्य | श्री रत्नभक्त महर्जन |
| नगरसभा सदस्य | श्री उमेश स्यापीत |
| नगरसभा सदस्य | श्री जिवन महर्जन |
| नगरसभा सदस्य | श्री मधु श्रेष्ठ |
| नगरसभा सदस्य | श्री सानुमाया बि.क. |
| नगरसभा सदस्य | श्री किरण खड्का |
| नगरसभा सदस्य | श्री राजन मल्ल ठकुरी |
| नगरसभा सदस्य | श्री दिनेशजङ्ग पाण्डे |
| नगरसभा सदस्य | श्री इन्द्र श्रीस |
| नगरसभा सदस्य | श्री निशा मालवुल |
| नगरसभा सदस्य | श्री हरिकृष्ण महर्जन |
| नगरसभा सदस्य | श्री उद्धव बस्नेत |
| नगरसभा सदस्य | श्री रामशरण पहेली |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री दौलत कुमार खत्री |
| नगरसभा सदस्य | श्री सपना रसकोटी |
| नगरसभा सदस्य | श्री अन्जु पहेली |
| नगरसभा सदस्य | श्री मनश्याम ठकुरी |
| नगरसभा सदस्य | श्री रामबाबु महर्जन |
| नगरसभा सदस्य | श्री बिकास कुमार रोक्का |
| नगरसभा सदस्य | श्री सुरेश महर्जन |
| नगरसभा सदस्य | श्री सरस्वती महर्जन |
| नगरसभा सदस्य | श्री सुरेश महर्जन |
| नगरसभा सदस्य | श्री रगुन महर्जन |
| नगरसभा सदस्य | श्री कृष्णहरी महर्जन |
| नगरसभा सदस्य | श्री रामदेवी महर्जन |
| नगरसभा सदस्य | श्री निरोज महर्जन |
| नगरसभा सदस्य | श्री श्यामकृष्ण महर्जन |
| नगरसभा सदस्य | श्री बिरेन्द्र महर्जन |
| नगरसभा सदस्य | श्री शरण लक्ष्मी महर्जन |
| नगरसभा सदस्य | श्री लक्ष्मी नेपाली |
| नगरसभा सदस्य | श्री जिवन महर्जन |
| नगरसभा सदस्य | श्री सिद्धिराम महर्जन |

| | | |
|---|---|---|
| नगरसभा सदस्य | श्री गणेश कुमार महर्जन | |
| नगरसभा सदस्य | श्री मनमाया महर्जन | |
| नगरसभा सदस्य | श्री बिनिता बि.क. | |
| नगरसभा सदस्य | श्री मधुवन महर्जन | |
| नगरसभा सदस्य | श्री वीर गोविन्द महर्जन | |
| नगरसभा सचिव (प्रमुख प्रशासकीय अधिकृत) | श्री रेखा दास श्रेष्ठ | |

कार्यसूची :
आ.ब. २०८२/८३ को नीति तथा कार्यक्रम

निर्णय,

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १९ बमोजिम आव्हान गरिएको ललितपुर महानगरपालिकाको सातौं नगरसभाको पहिलो बैठक आज २०८२ असार ६ गते शुक्रवार दिउँसो १ बजे नगर प्रमुख श्री चिरीबाबु महर्जनको अध्यक्षतामा ललितपुर महानगरपालिका शंखमुल स्थित यल दरवारमा शुभारम्भ भयो ।

ललितपुर महानगरपालिकाका उप-प्रमुख श्री मन्जली शाक्य बज्राचार्यको स्वागत मन्तव्य पश्चात ललितपुर महानगरपालिकाका प्रमुख एवं नगरसभा अध्यक्ष श्री चिरीबाबु महर्जनवाट दीप प्रज्वलन गरी नगरसभाको उद्घाटन गर्नु भयो ।

नेपाल सङ्घीय लोकतान्त्रीक गणतन्त्र सम्म आइपुग्दा आफ्नो जिवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति एक मिनेट मौनधारण गरी नेपाल सङ्घीय लोकतान्त्रीक गणतन्त्र सम्म आइपुग्दा आफ्नो जिवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धासुमन व्यक्त भयो ।

सभाका सचिव श्री रेखा दास श्रेष्ठद्धारा नगरसभा सञ्चालन (कार्यविधि) सम्वन्धी ऐन २०७५ को दफा १२ बमोजिम बैठकमा पालना गर्नुपर्ने आचारसंहिताको बारेमा जानकारी गराउनु भयो ।

सभाध्यक्षले सातौं नगरसभाको पहिलो बैठकको कार्यसूचीको प्रस्तुती पश्चात आ.ब.२०८२/८३ का लागि प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम नगरसभा समक्ष प्रस्तुत गर्नु भयो । सभाध्यक्षज्यूको निर्देशन अनुसार प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम मस्यौदा नगरसभा सदस्यहरुलाई वितरण गरियो ।

कार्यसूची बमोजिम नगरसभामा छलफल गर्न अन्य विषय नभएको हुँदा अर्को बैठक २०८२ असार ९ गते सोमवार दिउँसो २ बजे बस्ने गरी सभाध्यक्षवाट बैठक स्थगित भयो ।

आज मिति २०८२ साल असार ९ गते सोमवार नेपाल सम्वत ११४५ तछलागा त्रयोदशी तिथि दिउँसो २:०० वजे ललितपुरको शंखमुल स्थित यल दरवारमा ललितपुर महानगरपालिकाको सातौं नगरसभाको दोश्रो दिनको बैठक ललितपुर महानगरपालिकाका प्रमुख श्री चिरीबाबु महर्जनज्यूको अध्यक्षतामा तपसिल बमोजिमका नगरसभा सदस्यको उपस्थितीमा बस्यो ।

## उपस्थिती

| पद | नाम थर | दस्तखत |
|---|---|---|
| प्रमुख एवं नगर सभा अध्यक्ष | श्री चिंरीबाबु महर्जन | |
| उप प्रमुख | श्री मञ्जली शाक्य बज्राचार्य | |
| नगरसभा सदस्य | श्री निर्मल तण्डुकार | |
| नगरसभा सदस्य | श्री अञ्जना कार्की | |
| नगरसभा सदस्य | श्री कृष्ण महर्जन | |
| नगरसभा सदस्य | श्री हरिहर तण्डुकार | |
| नगरसभा सदस्य | श्री राजेश कुमार महर्जन | |
| नगरसभा सदस्य | श्री अलिशा डंगोल | |
| नगरसभा सदस्य | श्री सजिता नेपाली परियार | |
| नगरसभा सदस्य | श्री पूर्ण महर्जन | |
| नगरसभा सदस्य | श्री अनिता पाण्डे विष्ट | |
| नगरसभा सदस्य | श्री श्रीगोपाल महर्जन | |
| नगरसभा सदस्य | श्री मिलन महर्जन | |
| नगरसभा सदस्य | श्री रञ्जु तोलाङ्गी | |
| नगरसभा सदस्य | श्री रुपेश थापा | |
| नगरसभा सदस्य | श्री गणेश कुमार रजक | |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री सन्तोष खड्का |
| नगरसभा सदस्य | श्री श्रद्धा थापा मगर |
| नगरसभा सदस्य | श्री मुना मग्राती |
| नगरसभा सदस्य | श्री सुनिल कुमार राना |
| नगरसभा सदस्य | श्री कृष्णहरी थापा |
| नगरसभा सदस्य | श्री बिकासमान श्रेष्ठ |
| नगरसभा सदस्य | श्री शोभादेवी प्रधान श्रेष्ठ |
| नगरसभा सदस्य | श्री मञ्जु रिजाल |
| नगरसभा सदस्य | श्री पुनम निरौला |
| नगरसभा सदस्य | श्री अशोक कुमार श्रेष्ठ |
| नगरसभा सदस्य | श्री रुपेन्द्रराज शाक्य |
| नगरसभा सदस्य | श्री उमा वज्राचार्य |
| नगरसभा सदस्य | श्री सुमन महर्जन |
| नगरसभा सदस्य | श्री सुनिल शाक्य |
| नगरसभा सदस्य | श्री कुल बहादुर महर्जन |
| नगरसभा सदस्य | श्री शान्ति महर्जन |
| नगरसभा सदस्य | श्री देवेन्द्र महर्जन |
| नगरसभा सदस्य | श्री देवेन्द्र शाक्य |
| नगरसभा सदस्य | श्री बाबुरत्न महर्जन |
| नगरसभा सदस्य | श्री लक्ष्मी महर्जन |
| नगरसभा सदस्य | श्री बिमला महर्जन |
| नगरसभा सदस्य | श्री पुनाल महर्जन |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री राजु महर्जन |
| नगरसभा सदस्य | श्री सानु अवाले महर्जन |
| नगरसभा सदस्य | श्री श्रृजना भुजेल |
| नगरसभा सदस्य | श्री अमिर महर्जन |
| नगरसभा सदस्य | श्री हेराकाजी व्यञ्जनकार |
| नगरसभा सदस्य | श्री रबिनमान व्यञ्जनकार |
| नगरसभा सदस्य | श्री लक्ष्मी शर्मा दाहाल |
| नगरसभा सदस्य | श्री तुलसी परियार |
| नगरसभा सदस्य | श्री अरविन्द सिंह |
| नगरसभा सदस्य | श्री बाबुराजा महर्जन |
| नगरसभा सदस्य | श्री अरोज कुमार खड्गी |
| नगरसभा सदस्य | श्री आपुलु शाक्य |
| नगरसभा सदस्य | श्री सचिना परियार |
| नगरसभा सदस्य | श्री कृष्ण महर्जन |
| नगरसभा सदस्य | श्री जुवन तण्डुकार |
| नगरसभा सदस्य | श्री नारायणलाल अवाले |
| नगरसभा सदस्य | श्री सरिता अवाले |
| नगरसभा सदस्य | श्री सानु अवाले |
| नगरसभा सदस्य | श्री जिवन गोबिन्द बैद्य |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री गणेश के.सी. |
| नगरसभा सदस्य | श्री सरस्वती जोशी थापा |
| नगरसभा सदस्य | श्री पुनम मग्राती |
| नगरसभा सदस्य | श्री रवि बोगटी |
| नगरसभा सदस्य | श्री कृष्ण प्रसाद कोइराला |
| नगरसभा सदस्य | श्री अमृतजंग महत |
| नगरसभा सदस्य | श्री सहनसिला कार्की |
| नगरसभा सदस्य | श्री संगीता आछामी |
| नगरसभा सदस्य | श्री कुवेर के.सी. |
| नगरसभा सदस्य | श्री सनत कार्की |
| नगरसभा सदस्य | श्री सानुकाजी तोलाङ्गे |
| नगरसभा सदस्य | श्री सुरेश शाही |
| नगरसभा सदस्य | श्री शशिकला सुवेदी |
| नगरसभा सदस्य | श्री निशा परियार |
| नगरसभा सदस्य | श्री बैकुण्ठ राउत |
| नगरसभा सदस्य | श्री अनुप घिमिरे |
| नगरसभा सदस्य | श्री निर्मलरत्न शाक्य |
| नगरसभा सदस्य | श्री बबिता श्रेष्ठ |
| नगरसभा सदस्य | श्री पञ्चवज्र वज्राचार्य |
| नगरसभा सदस्य | श्री मदन महर्जन |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री बिनोद महर्जन |
| नगरसभा सदस्य | श्री सुलोचना महर्जन |
| नगरसभा सदस्य | श्री गोपाल महर्जन |
| नगरसभा सदस्य | श्री महेन्द्र श्रेष्ठ |
| नगरसभा सदस्य | श्री दामोदर खड्का |
| नगरसभा सदस्य | श्री रुकुमणी महर्जन |
| नगरसभा सदस्य | श्री राधिका रोक्का |
| नगरसभा सदस्य | श्री गोपाल डंगोल |
| नगरसभा सदस्य | श्री निरोज कुंवर |
| नगरसभा सदस्य | श्री राजेन्द्र महर्जन |
| नगरसभा सदस्य | श्री निर्मला खड्गी |
| नगरसभा सदस्य | श्री अञ्जली नेपाली |
| नगरसभा सदस्य | श्री प्रविण श्रेष्ठ |
| नगरसभा सदस्य | श्री वीरेन्द्र ताम्रकार |
| नगरसभा सदस्य | श्री चन्द्रलाल महर्जन |
| नगरसभा सदस्य | श्री गिता महर्जन |
| नगरसभा सदस्य | श्री मंगलादेवी नेपाली |
| नगरसभा सदस्य | श्री अमर डंगोल महर्जन |
| नगरसभा सदस्य | श्री शैलेन्द्र शाक्य |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री रबिन्द्र महर्जन |
| नगरसभा सदस्य | श्री हेलेन शोभा महर्जन |
| नगरसभा सदस्य | श्री शालिकराम महर्जन |
| नगरसभा सदस्य | श्री प्रदिप डंगोल |
| | |
| नगरसभा सदस्य | श्री सागर तुलाधर |
| नगरसभा सदस्य | श्री सुकुमाया लामा |
| नगरसभा सदस्य | श्री जुनु मिजार |
| नगरसभा सदस्य | श्री रत्नभक्त महर्जन |
| नगरसभा सदस्य | श्री उमेश स्थापीत |
| | |
| नगरसभा सदस्य | श्री जिवन महर्जन |
| नगरसभा सदस्य | श्री मधु श्रेष्ठ |
| नगरसभा सदस्य | श्री सानुमाया बि.क. |
| नगरसभा सदस्य | श्री किरण खड्का |
| नगरसभा सदस्य | श्री राजन मल्ल ठकुरी |
| | |
| नगरसभा सदस्य | श्री दिनेशजङ्ग पाण्डे |
| नगरसभा सदस्य | श्री इन्द्र श्रीस |
| नगरसभा सदस्य | श्री निशा मालवुल |
| नगरसभा सदस्य | श्री हरिकृष्ण महर्जन |
| नगरसभा सदस्य | श्री उद्धव बस्नेत |
| नगरसभा सदस्य | श्री रामशरण पहेली |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री दौलत कुमार खत्री |
| नगरसभा सदस्य | श्री सपना रसकोटी |
| नगरसभा सदस्य | श्री अन्जु पहेली |
| नगरसभा सदस्य | श्री मनश्याम ठकुरी |
| नगरसभा सदस्य | श्री रामबाबु महर्जन |
| नगरसभा सदस्य | श्री बिकास कुमार रोक्का |
| नगरसभा सदस्य | श्री सुरेश महर्जन |
| नगरसभा सदस्य | श्री सरस्वती महर्जन |
| नगरसभा सदस्य | श्री सुरेश महर्जन |
| नगरसभा सदस्य | श्री रगुन महर्जन |
| नगरसभा सदस्य | श्री कृष्णहरी महर्जन |
| नगरसभा सदस्य | श्री रामदेवी महर्जन |
| नगरसभा सदस्य | श्री निरोज महर्जन |
| नगरसभा सदस्य | श्री श्यामकृष्ण महर्जन |
| नगरसभा सदस्य | श्री बिरेन्द्र महर्जन |
| नगरसभा सदस्य | श्री शरण लक्ष्मी महर्जन |
| नगरसभा सदस्य | श्री लक्ष्मी नेपाली |
| नगरसभा सदस्य | श्री जिवन महर्जन |
| नगरसभा सदस्य | श्री सिद्धिराम महर्जन |

| | |
|---|---|
| नगरसभा सदस्य | श्री गणेश कुमार महर्जन |
| नगरसभा सदस्य | श्री मनमाया महर्जन |
| नगरसभा सदस्य | श्री बिनिता बि.क. |
| नगरसभा सदस्य | श्री मधुवन महर्जन |
| नगरसभा सदस्य | श्री वीर गोविन्द महर्जन |
| नगरसभा सचिव (प्रमुख प्रशासकीय अधिकृत) | श्री रेखा दास श्रेष्ठ |

कार्यसूची :
आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम

निर्णय नं. १,

आज २०८२ असार ९ गते नगरसभाको दोस्रो बैठकमा सभाध्यक्ष श्री चिरीबाबु महर्जनबाट कार्यसूची बमोजिम २०८२ आषाढ ६ गतेको पहिलो बैठकमा पेश भएको नीति तथा कार्यक्रम उपर छलफलका लागि सहभागि हुन आव्हान भई नीति तथा कार्यक्रम माथिको छलफल प्रारम्भ भयो ।

नीति तथा कार्यक्रम छलफलका क्रममा १९ जना नगरसभा सदस्यहरुले नीति तथा कार्यक्रका विषयमा आफ्नो मन्तव्यका लागि नाम टिपाउनु भई नीति तथा कार्यक्रमका विषयमा आफ्नो मन्तव्य राख्नु भयो । नगरसभा सदस्यहरुले नीति तथा कार्यक्रमका विषयमा सुझाव राख्नुभए पश्चात प्राप्त सुझावहरु समेत औचित्य अनुसार समावेस गरी आगामी आ.ब.२०८२/८३ को देहाय बमोजिमको नीति तथा कार्यक्रम पारित भयो ।

## नगर प्रमुख श्री चिरीबाबु महर्जनबाट २०८२ असार ६ गते शुक्रबार सातौं नगरसभामा प्रस्तुत आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रमः

नगर सभा सदस्यज्यूहरु,

अन्य उपस्थित महानुभावज्यूहरु,

नमस्कार ! ज्वजलपा !

स्थानीय तहको दोश्रो निर्वाचन पश्चातको सातौं नगरसभाको यस गरिमामय सभामा उपस्थित नगर सभा सदस्यहरु, कर्मचारीवर्ग, पत्रकारमित्रहरु, सुरक्षाकर्मीहरु लगायत सम्पूर्ण महानुभावहरुमा यस सभाको अध्यक्षको हैसियतले स्वागत गर्दछु। सभा सञ्चालनमा यहाँहरुको अमूल्य र रचनात्मक योगदान रहनेछ भन्ने अपेक्षा लिएको छु।

यस अवसरमा नेपालमा राष्ट्रियता, नागरिक सर्वोच्चता, लोकतन्त्र तथा गणतन्त्र स्थापनाको लागि आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धासुमन अर्पण गर्दछु।

यस गरिमामय सभामा नगर प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित भएको महसुस गरेको छु। आगामी आ.व.को नीति तथा कार्यक्रम तर्जुमा गर्दा सार्वजनिक सुनुवाईमा व्यक्त सुझाव तथा गुनासाहरु, सरोकारवाला निकायहरु, सल्लाहकारज्यूहरु तथा ललितपुर जिल्लाबाट प्रतिनिधि सभा र बागमती प्रदेश सभामा प्रतिनिधित्व गर्नु हुने माननीय सदस्यज्यूहरुबाट प्राप्त सुझाव एवम् पृष्ठपोषण तथा महानगरबाट नीतिगत सल्लाह सुझावको लागि प्रकाशित सूचना अनुसार महानगरवासीबाट प्रेषित सुझावहरु समेतलाई दृष्टिगत गरिएको व्यहोरा यहाँहरु समक्ष राख्न चाहन्छु। ती सबै विषयहरुलाई स्मरण गर्दा म सबै नगरवासीहरुलाई भावनात्मक रुपले सम्झिरहेको छु र यो नीति कार्यक्रम पनि सबै नगरवासीको सर्वोपरी हितलाई केन्द्रविन्दुमा राखी तर्जुमा गरिएको व्यहोरा उल्लेख गर्न चाहन्छु।

विगत ३ वर्षदेखि नीति तथा कार्यक्रम र बजेट छुट्टा छुट्टै रुपमा प्रस्तुत हुने परम्परालाई निरन्तरता दिदैं यस नगरसभा समक्ष आज नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु र सो उपर छलफल भई पारित भए पश्चात स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेको समय सीमा (असार १०) भित्र बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने व्यवस्था मिलाएको छु। यसंबाट यहाँहरुको समग्र ध्यान महानगरपालिकाले लिने नीति तथा कार्यक्रममा मात्र केन्द्रित हुने र महानगरलाई विकास निर्माण, कला संस्कृति तथा सम्पदा संरक्षण, विपद् व्यवस्थापन, सेवा

प्रवाह र सुशासन कायम गर्न मार्गनिर्देश गर्ने नीति तथा कार्यक्रम तर्जुमा हुनेछ भन्ने अपेक्षा लिएको छु।

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्नु अघि बिगतमा यस महानगरपालिकाले अवलम्बन गरेका नीति तथा सञ्चालन गरेका कार्यक्रमले बिकास निर्माण, कला संस्कृति तथा सम्पदा संरक्षण, बिपद् व्यवस्थापन, नागरिकमैत्री सेवा प्रवाह र सुशासनका क्षेत्रहरुमा गरेका असल अभ्यास, प्रयास र उपलब्धिहरुको संक्षिप्त चर्चा गर्न सान्दर्भिक ठान्दछु। यी सबै उपलब्धिहरु हासिल गर्नमा यहाँहरुले गरेको योगदान सह्रानीय छ।

बिगत लामो समयदेखि अलमलमा रहेको महानगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) गत नगरसभाबाट पारित भएकोले सेवा प्रवाह थप प्रभावकारी हुने अपेक्षा लिएको छु।

यसै गरी २३ वटा सुविधा सहितको LMC Alert App सञ्चालनबाट नगरवासीको गुनासो व्यवस्थापन तत्काल समाधान गर्न सहज भएको छ।

स्थापना दिवसको अवसरदेखि सञ्चालन गरिएको एकद्वार सेवा केन्द्रबाट सेवाग्राहीलाई सेवा प्राप्त गर्न कोठा कोठा चाहर्नु पर्ने झन्झटलाई अन्त्य गरेको छ । यसबाट सेवाग्राहीलाई सेवा प्राप्त गर्न सहज भएको छ।

ललितपुरको कुसुन्तीमा अपाङ्गतामैत्री हुने गरी Lift सहितको आकाशे पुल निर्माण कार्य शुरु भई आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी कार्य भइरहेकोछ। सम्भवतः नेपालमा नै यो स्तरको आकाशे पुल पहिलो हो भन्ने मेरो ठम्याई छ। साथै यो वर्षमात्र तीनवटा पक्की मोटरेवल पुल निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याईएको छ।

समपाताल पोखरी र पलेस्वाः पोखरीमा कमलको फूल फूलाउने योजनाका साथ यसको निर्माण कार्य तिव्र गतिमा अघि बढेकोछ।

काठमाण्डौका सबै स्थानीय तहहरुको मुख्य समस्याको रुपमा रहेको फोहर विसर्जनलाई उपत्यका मेयर्स फोरमको अध्यक्षको हैसियतले सङ्घीय सरकार र प्रदेश सरकारसँग निरन्तर सम्वादमा रही समस्याको अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन निराकरणका लागि भगिरथ प्रयत्न गरिरहेको छु।

त्यस्तै नगरवासीलाई शुद्ध पिउने पानी उपलब्ध गराउन मेलम्चीमा मात्र भर नपरी स्थानीय स्रोतहरुको सर्वेक्षण तथा पहिचान लगायतका काम निरन्तर भैरहेको व्यहोरा उल्लेख गर्न चाहन्छु।

शहरको मुख्य क्षेत्रमा बिकराल समस्याको रुपमा रहेको ट्राफिक जामको दीर्घकालीन समाधानका लागि सरोकारवाला निकायहरुसँग निरन्तर सम्वादमा रहेको छु। जसको फलस्वरुप World Bank को आयोजनामा महानगर क्षेत्रमा दुइपाङ्ग्रे मोटरसाइकलको

अनियन्त्रित प्रयोग र अधिक चापले निम्त्याएको समस्यालाई सुधार गर्न एकीकृत Strategic Workshop गरी समस्याको विश्लेषण र समाधानका विषयमा व्यापक छलफल पश्चात अन्तर्राष्ट्रिय शहरी यातायात व्यवस्थापन सम्बन्धी प्रतिवेदन तयारी अन्तिम चरणमा रहेको र उक्त प्रतिवेदनका केही खण्ड ललितपुर महानगरमा केन्द्रित भएको हुँदा आगामी दिनमा यस समस्याको समाधान हुने कुरामा विश्वस्त रहेको व्यहोरा उल्लेख गर्न चाहन्छु।

यी उपलब्धीहरुको प्राप्तिमा हाम्रा सही नीति र असल अभ्यासका साथै नगरवासीहरुको भावना प्रतिबिम्बित भएको मैले महसुस गरेको छु।

छिमेकी तथा अन्य स्थानीय तहहरुले समेत हामीले लिएका नीतिहरु, सञ्चालन गरेका विकास निर्माण योजनाहरु तथा कला संस्कृति र सम्पदाको संरक्षण, सेवा प्रवाह र सुशासनका क्षेत्रमा गरेका असल अभ्यासहरुको अनुसरण र अनुकरण गरेको देख्र, सुन्र पाउँदा अत्यन्त खुसी लागेको छ।

यस अवधिमा हामीले अवलम्बन गरेका नीतिहरु, सञ्चालन गरेका विकास निर्माण, कला संस्कृति र सम्पदाको संरक्षण, सेवा प्रवाह र सुशासनका क्षेत्रमा गरेका प्रयास तथा उपलब्धिहरु मध्ये मुख्य मुख्य विषय र क्षेत्रहरुको बारेमा संक्षेपमा प्रकाश पार्न चाहन्छु:-

**यस अवधिमा हासिल भएका उल्लेख्य उपलब्धीहरु:**

१. सुशासन, वित्तीय अनुमान तथा समग्र मूल्याङ्कनका लागि सङ्घीय सरकारद्वारा निर्माण गरिएका देहायका सूचकाङ्कहरु तथा अन्य संवैधानिक निकाय तथा संघ संस्थाले गरेको मूल्याङ्कनमा यो महानगरपालिका उत्कृष्ट रहेको छः

- नेपाल सरकारद्वारा नेपालका स्थानीय तह र प्रदेशहरु मध्ये ललितपुर महानगरपालिकालाई यस वर्षको ICT Awards २०२५ प्रदान गरेको छ। विगतमा पनि यस महानगरपालिकाले बागमती प्रदेश सरकारद्वारा संस्कृतिको श्री वृद्धिमा उल्लेखनिय कार्य गरेको कदर स्वरुप **"संस्कृति दिप"** पुरस्कार प्रदान गरेको र सामाजिक क्षेत्रमा उल्लेखनिय योगदान गरेकोमा नेपाल नगरपालिका संघद्वारा **"उत्कृष्ट नगरपालिका"** घोषणा गरेको व्यहोरा यहाँहरुमा विदितै छ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA):-९३.५% (महानगरपालिकाहरु मध्ये सर्वोत्कृष्ट अङ्क प्राप्त गरेको।)
- स्थानीय तह वितीय जोखिम मूल्याङ्कन (FRA):-९९.५% (महानगरपालिकाहरु मध्ये सर्वोत्कृष्ट अङ्क प्राप्त गरेको।)
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको कार्यसम्पादन मूल्याङ्कनः- ७४.७१% (उत्कृष्ट) अङ्क प्राप्त गरेको।

- PRINCIPALS ASSOCIATION OF NEPAL द्वारा शिक्षाविद डा. विद्यानाथ कोइरालाको नेतृत्वमा गठित समितिले २५ वटा शैक्षिक मापदण्डका आधारमा मूल्याङ्कन गर्दा सबै भन्दा उत्कृष्ट महानगरपालिका ठहरिएको हुँदा **PAN उत्कृष्ट महानगर पुरस्कार-२०८२** प्रदान गरेको व्यहोरा समेत यहाँहरुलाई जानकारी गराउन चाहन्छु।
- आ.व. २०८०/८१ को आर्थिक कारोबारको महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण हुँदा ०.५२% मात्र बेरुजु कायम रहेकोले वित्तीय अनुशासन समेत अब्बल रहेको तथ्य पुष्टि हुन्छ।।
- गत आ.व.मा पुँजीगत खर्च ८२% (उत्कृष्ट)।

२. गत तीन बर्षदेखि निरन्तर रुपमा सार्वजनिक सुनुवाई गरी सरोकारवाला, पत्रकार, नागरिक समाज लगायत नगरवासीहरुको गुनासोहरु, सुझाव तथा सल्लाह लिदै आएको।

३. सार्वजनिक जग्गाको एकीकृत लगत संकलनको कार्य भइरहेको।

४. स्वास्थ्य बीमा कार्यक्रम लागु गरी चालु आ.व. मा एकल महिला, स्वास्थ्यकर्मी, सफाइकर्मी, नगर प्रहरी लगायतको स्वास्थ्य बीमाको प्रिमियम महानगरपालिकाबाट व्यहोरिएको र सबै नगरवासीहरुको स्वास्थ्य बीमाको नवीकरण गर्दा लाग्ने प्रिमियम बापतको रकमको ४०% महानगरपालिकाबाट व्यहोरिएको।

५. कबाडी करलाई राजस्वको दायरामा समावेश गरी महानगरपालिकाको आन्तरिक आयमा बृद्धि भएको। यसमा केही कमजोरी समेत देखिएकोले आगामी आ.व. मा सुधारका साथ निरन्तरता दिइने।

६. राजस्व सङ्कलनलाई वडास्तरसम्म विस्तार गर्दै आगामी आ.व. भित्र राजस्व सङ्कलनमा Online System पूर्ण रुपमा लागु गर्ने गरी कार्य भइरहेको।

७. गुनासो व्यवस्थापनका लागि बिभिन्न २३ विषयहरु समेटीएको LMC Alert सञ्चालन गरिएका कारण गुनासो सङ्कलन र व्यवस्थापन प्रभावकारी देखिएको।शुल्क नलाग्ने टेलिफोन नम्बर ११३१ को समेत व्यवस्था गरिएको।

८. वातावरण प्रहरीको अवधारणा अनुसार आवश्यक जनशक्ति व्यवस्थापन गरी कार्य भईरहेको।

९. अत्याधुनिक दमकल (थान-२) खरिद गरी सञ्चालनमा ल्याई आगलागी नियन्त्रणमा प्रभावकारी रुपमा प्रयोग गरिदै आएको।

१०. १०६ वर्ष पुरानो Dennis दमकल मर्मत गर्न सफल भई पुनः प्रयोगमा ल्याईएको।

११. वडामा अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकसँग महानगरपालिका स्वास्थ्य कार्यक्रम सञ्चालन गरिएको। हालसम्म १५ वडामा विस्तार गरिएको र ४२७५ जना लाभान्वित भएको। यो कार्यक्रम अन्य वडाहरुमा समेत क्रमशः लागु गर्ने तयारी भएको।

१२. अत्याधुनिक Water Sprinkle (थान-२) खरिद गरी सञ्चालनमा ल्याई बोटबिरुवा पखाल्ने, पानी हाल्नेदेखि सडक सफा गर्ने कार्यमा प्रयोग गरिदै आएको।

१३. "सुन्दर ललितपुर नगरी घर घरमा नगर प्रहरी" कार्यक्रमको माध्यमबाट नगर प्रहरी परिचालन गरी महानगरपालिकाको काम कारवाही सम्बन्धी गुनासो एवम् सुझावहरु घर घरबाट सङ्कलन गर्नुका साथै महानगरपालिकाले प्रदान गर्दै आएको सेवाहरुको बारेमा जानकारी गराइएको।

१४. श्री हरिसिद्धि र श्री रुद्रायणी देवीको १२ वर्षे जात्रा सञ्चालन गरिएको, श्री नरदेवी र श्री पचली भैरवको जात्रालाई महानगरमा स्वागत गरिएको।

१५. संस्कृति शिरोमणि श्री हरेराम जोशी र भाषा विज्ञ श्री छत्रबहादुर कायस्थलाई उहाँहरुले भाषा, कला, सहित्य र संस्कृतिको प्रवर्द्धन तथा संरक्षणको क्षेत्रमा गरेको अतुलनीय योगदानको कदर स्वरुप सर्वमान्य व्यक्तित्वको रुपमा सम्मान गर्दै विगतमा वाङ्मय शताव्दी पुरुष डा. सत्यमोहन जोशीलाई दिए सरहको (सवारी साधन, सञ्चार र सुरक्षा) सुविधा उपलब्ध गराईएको।

१६. यस महानगरपालिकाको प्रमुखको हैसियतमा काठमाण्डौ उपत्यका मेयर्स फोरमको अध्यक्षमा सर्वसम्मत निर्वाचित भई उक्त फोरमको नेतृत्व गर्दै उपत्यकाको समग्र विकास निर्माण एवम् वातावरण सुधारमा सहजीकरण र स्थानीय तहका समस्या सम्बन्धित निकायमा प्रस्तुत गरी समाधानमा प्रमुख भूमिका निर्वाह गर्दै आएको।

१७. महानगरको सेवा प्रवाह, सुरक्षा, ट्राफिक व्यवस्थापन, विपद् व्यवस्थापन लगायतका कार्यलाई अझ प्रभावकारी बनाउन ५० जना नगर प्रहरी थप गरिएकोले विपद् व्यवस्थापन, सार्वजनिक जग्गा संरक्षण लगायतका कार्यमा उल्लेखनीय सुधार भएको।

१८. विदेश तर्फ कोरियाको चेरोन शहर र रसियाको उलान उदेसँग भगिनी सम्वन्ध कायम भएको साथै स्वदेश तर्फ संखुवासभाको चैनपुर नगरपालिका र मुस्ताङ्गको घरपझोङ्ग गाउँपालिकासँग भगिनी सम्वन्ध कायम भई एक आपसमा सदभाव, असल अभ्यासको आदान प्रदान, विकास निर्माणमा सहयोग पुऱ्याउदै आएको। साथै अमेरिकाको Broomfield शहरसँग भगिनी सम्वन्ध कायम गर्न पूर्वस्वीकृति प्राप्त भई भई प्रक्रिया अगाडि बढिरहेको र चिनको हाङ्गजाउ शहरसँग विगतमा भएको Friendship City लाई Sister City को रुपमा सम्वन्ध कायम गर्न पहल भईरहेको।

१९. नेपालको सबैभन्दा लामो ऐतिहासिक एवम् धार्मिक जात्राको रुपमा परिचित श्री रातो मछिन्द्रनाथको जात्रालाई विश्व सामु परिचित गराउने उद्देश्यले गत वर्षदेखि नेपालस्थित कूटनीतिक नियोगका प्रमुखहरुलाई जात्राको शुभारम्भको दिन अवलोकन गराउने व्यवस्था गरिएको।

२०. श्री रातो मछिन्द्रनाथको जात्रालाई विश्व सामु परिचित गराउने उद्देश्यले असमको गुवाहाटी विश्वविद्यालयमा भएको यस सम्बन्धी अन्तराष्ट्रिय सम्मेलन नगर प्रमुखको नेतृत्वमा सहभागी भई श्री रातो मछिन्द्रनाथको जात्राको ऐतिहासिक र धार्मिक महत्व बारे प्रकाश पार्दै गुवाहाटी शहरसँग सम्बन्ध समेत विस्तार भएको।

२१. श्री रातो मछिन्द्रनाथको रथ निर्माण सम्बन्धी सीप पुस्तान्तरणका लागि बाराहीहरुलाई सो सम्बन्धी तालिम प्रदान गरिएको।

२२. विगत लामो समय देखिको अथक प्रयासबाट यस वर्ष श्री रातो मछिन्द्रनाथको जात्रा पछि श्री रातो मछिन्द्रनाथको मुर्तिलाई बुङ्गमतीमा रहेको मन्दिरमा विराजमान गराउन सफल भएको।

२३. नेवारी समुदायमा अत्यन्त लोकप्रिय र स्वादिष्ट परिकारको रुपमा परिचित योमरीलाई विश्व सम्पदा अमूर्त सूचीमा सूचिकृत गराउनका लागि जातिय संघसंस्थासँग सहकार्य गरिएको। साथै राजा सिद्धि नरसिंह मल्लका ३६ वटा गितहरुको संङ्गीत तथा गायन र बुङ्गद्योःको रथ निर्माण विधिलाई सूचिकरणका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालयमा पठाईएको। UNESCO Creative Cities Network को सदस्यताको लागि प्रकृया शुरु भएको।

२४. पाटन दरबार सङ्ग्रहालयलाई महानगरपालिका अन्तर्गत ल्याउन पहल भईरहेको।

२५. महानगरपालिकाबाट प्रदान गरिने सेवालाई व्यवस्थित, पारदर्शी र सरल बनाउन एकद्वार सेवा केन्द्र सञ्चालन गरिएको कारणले सेवाग्राहीलाई सहज भएको। हाल सम्म केन्द्रबाट ११,४०० पटक सेवाग्राहिले सेवा लिएको।

२६. नगरवासीहरुले सरल र सहज रुपमा राष्ट्रिय परिचय पत्र प्राप्त गर्न सकुन भन्ने हेतुले महानगरपालिकामा छुट्टै Station सञ्चालन गरिएको।

२७. फोहरमैला सङ्कलन, वर्गीकरण र ढुवानीलाई व्यवस्थित र सहज बनाउन LMC Garbage App शुरुवात गरिएको र वडास्तरबाट नै फोहर सङ्कलन गर्ने गरी कार्यविधि लगायतका आवश्यक स्रोत साधनको व्यवस्था गरी आगामी आ.व. देखि वडास्तरबाट फोहरमैला सङ्कलन, वर्गीकरण र ढुवानी प्रभावकारी रुपमा गर्न तयारी भइरहेको।

२८. महानगरपालिकाबाट गरिने भुक्तानी व्यवस्था सरल बनाउन Electronic Fund Transfer-EFT मार्फत भुक्तानी गर्ने गरिएको।

२९. सार्वजनिक सम्पत्तिको अभिलेख व्यवस्थित गर्न Public Assets Management System-PAMS प्रणालीको शुरुवात गरिएको।

३०. नक्सा पासलाई सरल र सहज बनाउन Digital Signature सहित Online विधिबाट नक्सा पासको शुरुवात गरिएको कारणबाट नगरवासीलाई सहज र सरल भएको।

३१. २०७२ सालको विनाशकारी भूकम्प गएको दिनको स्मृतिमा गत बैशाख १२ गते सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक, सुरक्षाकर्मी, पत्रकार, विद्यार्थी विभिन्न संघ संस्था तथा समूह लगायत नगरवासीहरुको सहभागितामा पुल्चोकदेखि मङ्गलबजारसम्म प्रभातफेरी गरी भूकम्प लगायतका विपद् सम्बन्धी सचेतनाका लागि प्रदर्शनीको आयोजना गरिएको।

३२. गत असोज ११ र १२ गते परेको अविरल वर्षाका कारण आएको विनाशकारी बाढीले महानगरपालिकाको क्षेत्र भित्रका नदि किनाराहरुमा जम्मा भएको फोहर गत कार्तिक १० गते विभिन्न समूह परिचालन गरी सरसफाई गरिएको।

३३. गत असोज ११ र १२ गते परेको अविरल वर्षाका कारण पानीका मूहानहरुमा क्षति पुगेका कारण खानेपानीको समस्या देखिएकोमा दक्षिणकाली नगरपालिकासँग आवश्यक सहकार्य गरी खानेपानीको आपूर्ति तत्काल सूचारु गरिएको।

३४. Intelligent Traffic Light जडान कार्य सम्पन्न भएका कारण जावलाखेलदेखि कुपण्डोलसम्मको ट्राफिक व्यवस्थापन सहज भई यस खण्डमा विगतमा हुने अव्यवस्थित ट्राफिक जाम नियन्त्रणमा आउनुका साथै पैदलयात्रीलाई बाटो काट्न समेत सहज भएको। साथै आ.व. २०८२/८३ मा जावलाखेलदेखि हरिसिद्धि, जावलाखेलदेखि वुङ्गमती र पुल्चोकदेखि ग्वार्को चोकसम्मका व्यस्त स्थानहरुमा विस्तार गर्ने गरी विस्तृत अध्ययन भईरहेको।

३५. ऐतिहासिक तथा धार्मिक महत्व बोकेको नागदहको संरक्षण र व्यवस्थापनका लागि चालु आ.व. मा जग्गा अधिग्रहण सहितका कार्यका लागि रकम विनियोजन गरिएको र सो अनुसारको कार्य भईरहेको।

३६. परम्परागत कला, सम्पदा तथा संस्कृति संरक्षण र प्रवर्द्धन, महानगरको विकास निर्माण विपद् व्यवस्थापनको क्षेत्रमा उल्लेखनीय योगदान गर्ने महानुभावहरुलाई महानगरको स्थापना दिवसको अवसंरमा सम्मान-पत्र र रू. एकलाख रकमको "महानगर गौरव" द्वारा सम्मानित गरिदैं आएको।

३७. ज्यापु समाज समेतको सहकार्यमा ११० Bed Capacity भएको जेष्ठ नागरिक सेवा केन्द्र सञ्चालनको लागि अध्ययन भई रहेको।

३८. ADB को ५४ करोडको अनुदान सहयोगमा लगनखेल- पाटनदरवार स्क्वायर- शङ्खमूल सम्मको २.८ कि.मि को TrunkLine Project निर्माण भएको कारणले पाटन दरवार स्क्वायर, महापाल, क्वालखु लगायत क्षेत्रमा पानी जम्ने समस्या निराकरण भएको।

३९. UNDP China को आयोजनामा ११-१३ जुन २०२५ मा Beijing, China मा भएको Beijing CBD Multinational Enterprises Conference & Asian Mayors Forum को "Collaborative Innovation: Shaping Low-Carbon and Sustainable Cities of the Future" कार्यक्रममा भाग लिई Sustainable Cities of the Future सम्बन्धमा Panelist को रुपमा नगर प्रमुखबाट सशक्त प्रस्तुति भएको। साथै नेपाल सरकारले सञ्चालन गरेको अन्तर्राष्ट्रियस्तरको सगरमाथा सम्वाद लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरुमा स्थानीय तहको प्रमुखहरुको प्रतिनिधित्व गर्दै नेतृत्वदायी भुमिका निर्वाह गरेको।

४०. शहरी क्षेत्रमा अधिक संख्यामा रहेका Two Wheelers को प्रयोग व्यवस्थित गर्न World Bank को सहकार्यमा अध्ययन भई प्रतिवेदन प्राप्त हुने चरणमा रहेको।

<u>चालु आ.व. को हालसम्मको वित्तीय विवरण:</u>

<u>खर्च तर्फः (२०८२ जेष्ठ मसान्तसम्म)</u>

| खर्चको विवरण | बजेट | हालसम्मको खर्च | खर्च. प्रतिशत |
|---|---|---|---|
| कूल वजेट | ७ अर्ब ४६ करोड ८३ लाख ९२ हजार | ४ अर्ब ५० करोड | ६०% |
| चालू खर्च | २ अर्ब ७८ करोड ८९ लाख ६९ हजार | २ अर्ब ०२ करोड | ७२% |
| पूँजीगत खर्च | ४ अर्ब ६७ करोड ९४ लाख २३ हजार | १ अर्ब ९५ करोड | ४१% |

<u>आय तर्फः (२०८२ जेष्ठ मसान्तसम्म)</u>

| आयको विवरण | आय | प्रतिशत |
|---|---|---|
| वार्षिक आन्तरिक आय (अनुमान) | ३ अर्ब ५५ करोड ९६ लाख | |
| हाल सम्म असुली | २ अर्ब ०९ करोड २३ लाख | ५८.७% |

<u>बेरुजु तर्फः</u>

- विगतको तुलनामा गत २ आ.व.को बेरुजु न्यून रहेको।
- आ.व.०७८/०७९मा कुल खर्चको ४.१५% बेरुजु कायम रहेकोमा आ.व.०७९/०८० मा कुल खर्चको ०.४६%, आ.व. ०८०/०८१ मा कुल खर्चको ०.५२% मात्र बेरुजु कायम रहेको।

- यस वर्ष ३० करोड ६२ लाख राजस्व बेरुजु र अन्य बेरुजु १ करोड ८२ लाख गरी कूल ३२ करोड ४४ लाख बेरुजु फछ्र्यौट गरिएको।
- विगतको वेरुजुलाई फछ्र्यौट गर्ने सिलसिलामा आवश्यक कागजात र प्रमाणहरु जुटाई ६६ करोड सम्परीक्षणका लागि पेश गरिएको।

क्षेत्रगत रुपमा भए/गरेका मुख्य उपलब्धिहरुः

क. योजनाः

- महानगरपालिकाको आवधिक योजना (Periodic Plan) को मस्यौदा प्रतिवेदन पेश भएको र आगामी आ.व.२०८२/८३ भित्र कार्यान्वयनमा ल्याइने।
- बजेट तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न **"कार्यक्रम कार्यान्वयन कार्ययोजना"** तथा **"खरिद योजना"** तयार गरी कार्यान्वयनमा ल्याईएको।
- महानगर क्षेत्र भित्र विगत आ.व. २०७४/७५ देखि २०७९/८० सम्म सम्झौता भई सञ्चालन भएका तर विविध कारणले सम्पन्न हुन नसकेका र प्रचलित कार्यविधि बमोजिम म्याद थप हुन नसक्ने आयोजनाहरुको फरफारक सम्वन्धी **"उपभोक्ता समितिद्वारा सञ्चालित दायित्व सरेका आयोजना व्यवस्थापन तथा फरफारक कार्यविधि,२०८१"** कार्यपालिकाबाट स्वीकृत भै कार्यान्वयन प्रक्रियामा रहेको ।
- योजनाहरुको कार्यान्वयन तथा अभिलेख व्यवस्थापन सम्बन्धमा विघुतीय सफ्टवेयरमा आवद्ध गर्ने गरी सफ्टवेयर निर्माण भई कार्यान्वयनको चरणमा रहेको।

ख. शहरी सडकः

- महानगरपालिका भित्रका सडक निर्माण तथा मर्मत कार्यलाई प्राथमिकतामा राखी निर्माण तथा मर्मत कार्य शुरु गरिएको।
- सडक कालोपत्रे गर्दा कम्तीमा डेड इन्च मोटाइको मात्र गर्ने गरी हाल ५४ वटा विभिन्न सडक खण्ड अन्तर्गत कुल लम्बाई २३.४ कि.मी. वरावरको सडक निर्माणको लागि जम्मा ७ वटा आयोजनाको ठेक्का सम्झौता भई करिव १५.५ कि.मि. सडक खण्डमा कालोपत्रे तथा PCC ढलान कार्य सम्पन्न भईसकेको र वाँकी सडकहरु निर्माणको विभिन्न चरणमा रहेको।
- महानगरपालिका अन्तर्गत कुल १९.५ कि.मि. लम्बाईको अपाङ्गतामैत्री गुणस्तरयुक्त फुटपाथ निर्माण कार्य सम्पन्न भई सकेकोमा यसै आ.व. मा पनि कुल ३.६७ कि.मि. अपाङ्गतामैत्री फुटपाथ निर्माणको लागि ठेक्का सम्झौता भई भनिमण्डलदेखि कानदेवतास्थान सम्मको सडक

खण्डमा फुटपाथ निर्माण कार्य सञ्चालन भइरहेको। विभिन्न वडाहरुबाट समेत अपाङ्गतामैत्री फुटपाथ निर्माण भईरहेको।

- महानगरपालिकाका २९ वटै वडाहरुमा सडक निर्माण र स्तरोन्नतिका लागि कुल ११.३५ करोड बजेट विनियोजन भई सडक विस्तारका १० वटा बाटो Overlay तथा PCC ढलान/ब्लक छाप्ने कार्यका लागि २२ वटा योजनाहरु सम्पन्न गर्ने गरी कार्य भईरहेको।
- महानगर भित्रका १३ वटा सडक खण्डहरु अन्तर्गत कुल लम्बाई ५.२८ कि.मि को सडक निर्माणका लागि बोलपत्र आह्वान भई मूल्याङ्कनको चरणमा रहेको र आगामी आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न गरिने।
- हाल भइरहेको महानगरपालिका भित्रका करिव १.५ कि.मि. लम्वाई कालोपत्र सडकको मर्मत तथा Overlay कार्य यसै आ.व. २०८१/८२ मा सम्पन्न गरिने।
- महानगरपालिकाबाट निर्मित सडकहरु मध्ये अधिकांश सडकहरु चक्रपथ बाहिरका वडाहरुमा रहेका छन् । हाल सञ्चालनमा रहेका सडक योजनाहरु मध्ये ८८ प्रतिशत सडक चक्रपथ बाहिर र १२ प्रतिशत सडक मात्र चक्रपथ भित्रका वडाहरुमा रहेका ।
- हालसम्म १८ कि.मी. साइकल लेन निर्माण गरिएको र यस आ.व. मा पुन रङ्गरोगन गर्ने गरी कार्य भईरहेको। चक्रपथ बल्खुदेखि बालकुमारी खण्डको साइकल लेन निर्माण गर्ने सम्बन्धमा सडक विभागसँग समन्वय गरिएको।
- नख्खु कोरिडोरबाट महानगरभित्र प्रवेश गर्ने टिपरहरुले गर्दा हुने प्रदूषण नियन्त्रणका लागि टिपरहरुको चक्का पखाल्ने संरचनाको निर्माण सम्बन्धमा बोलपत्र आव्हान भई सम्झौताको चरणमा रहेको।

ग. <u>खानेपानी तथा ढल व्यवस्थापनः</u>

- ढल निर्माण तथा मर्मतका लागि २९ वटै वडाहरुमा रु. १० करोड विनियोजन भएको र सो अन्तर्गत ढल निर्माण तथा मर्मत सम्बन्धी ३५ वटा योजना यसै आर्थिक वर्षमा सम्पन्न गरिने।
- महानगरपालिका भित्र खानेपानी व्यवस्थापन सम्बन्धमा काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडसँग सहकार्य/सम्झौता गरी वार्षिक रु १० करोड रकम विनियोजन गरी महानगरपालिकाभित्र खानेपानी विस्तारको लागि सम्भावित ठाउँहरुमा खानेपानीको पाईप लाईन विस्तार गरिएको।
- खानेपानीको मुहान पहिचान लगायत मुहान संरक्षणको लागि समेत गोदावरी नगरपालिका र कोन्ज्योसोम गाउँपालिकासँग सहकार्य गरिएको।

- असोज ११ र १२ गतेको वर्षाले दक्षिणकाली नगरपालिकाको ललितपुर महानगरपालिका भित्र वितरण हुने खानेपानी मुहान लगायत पाइपलाइन तत्काल पुनर्निर्माण/मर्मत गर्नु पर्ने देखि ललितपुर महानगरपालिकाले छिमेकी पालिकाहरुलाई समस्याहरुको तत्काल सम्बोधन हुने गरी सहायता रकम उपलब्ध गराइएको।

घ. **पार्क तथा पोखरी संरक्षण:**

- छ्यासीकोट पार्क र हरिसिद्धि पार्कहरु निर्माणाधिन अवस्थामा रहेको। अन्य विभिन्न स्थानहरुमा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी वार्षिक रुपमा बजेट विनियोजन गरी कार्यान्वयन गर्दै आईरहेको।
- यस आ.व.मा DPR भएका ९ वटा पार्कहरु निर्माण कार्य सुरु गरिएको। वडा नं २५ स्थित संजीवनी पार्कको निर्माण कार्य सम्पन्न गरिएको।
- सडक सौन्दर्यलाई ध्यानमा राखी महानगरपालिका भित्रका सडकहरुमा हरियाली प्रवर्द्धन कार्य गरिएको।
- महानगरपालिकामा अवस्थित पुल्चोक इन्जिनियरिङ्ग क्याम्पस र जावलाखेलको सदर चिडियाखाना लगायत विभिन्न स्थानमा गरी कुल १७५० मि. Transparent Green Fence निर्माण गरिएको। हाल पाटन क्याम्पस, महालक्ष्मी मन्दिर परिसर, वडा नं. ४ को कार्यालय अगाडिको बगैचा, महेन्द्र भृकुटी मा.वि. परिसर र धोबिघाट परिसरमा ९२४.४७ मि. र अन्य स्थानमा थप ५१० मि. निर्माण कार्य भइरहेको।
- महानगरपालिकाको Green and Blue Project अन्तर्गत लगनखेलको करिब १४ रोपनी जग्गामा सप्तपाताल र करिब ३० रोपनी जग्गामा पलेस्वा पोखरीको निर्माण कार्य भइरहेको। हालसम्म सप्तपाताल पोखरीको ६५ प्रतिशत र पलेस्वा पोखरीको ४० प्रतिशत काम सम्पन्न भएको र आगामी आ.व. २०८२/८३ सम्ममा दुबै पोखरीको निर्माण कार्य सम्पन्न गरिने।
- लगनखेल स्थित न्हु: पुखुको १८ रोपनी जग्गामा रहेको पोखरीको विस्तृत अध्ययन प्रतिवेदन तयार गरी पोखरी भित्रको पुनर्निर्माण कार्य शुरु गरिएको छ। साथै त्यहाँ अवस्थित ५ नं. वडा कार्यालयको सहितका भवन/टहराहरु भत्काईएको र अन्य टहराहरु समेत हटाउने सम्बन्धमा सरोकारवालाहरुसँग छलफल गरिएको।
- सप्तपाताल पोखरी तथा पलेस्वा: पोखरीमा पानी भर्ने प्रयोजनको लागि ऐतिहासिक राजकुलो अन्तर्गत पहिलो चरणमा सुनाकोठीदेखि सप्तपातालसम्मको ३.४४ कि.मि. खण्डको विस्तृत अध्ययन प्रतिवेदन (Detailed Project Report) तयार गरी निर्माण कार्य शुरु गरिएको र हाल उक्त योजनाको भौतिक प्रगति ८५% रहेको। दोश्रो चरण अन्तर्गत नल्लुदेखि टिकाभैरवसम्मको २.३ कि.मि. र टिकाभैरव देखि सुनाकोठीसम्मको ८.८ कि.मि. राजकुलोको विस्तृत अध्ययन प्रतिवेदन (Detailed Project Report) सहित आयोजनाको संयुक्त कार्यान्वयनको लागि गोदावरी

नगरपालिकासँग सहमति/सम्झौता गरी गोदावरी नगरपालिकालाई आ.व. २०८१/८२ मा बिनियोजित रकम रु.१ करोड ५० लाख उपलब्ध गराइएको।

- महानगरपालिका वडा नं २० स्थित पलेस्वा पोखरी न:टोल, बुङ्गमतीमा रहेका भुत्र पोखरी तथा धोकापिनी पोखरीहरुको समेत निर्माण कार्य शुरु गरी यसै आर्थिक बर्षमा सम्पन्न गर्ने लक्ष्य लिइएको।

ङ. भवन निर्माण तथा मर्मत:

- महानगर भित्रका बिभिन्न ९ बटा स्थानमा अपाङ्गतामैत्री सार्बजनिक शौचालय निर्माण कार्य भइरहेको र यसै आ.व. २०८१/८२ सम्ममा सम्पन्न गरिने।
- पाटनढोका र मंगलबजारमा अपाङ्गतामैत्री सार्वजनिक शौचालय तथा जावलाखेल र वडा नं ३ टाङोढुङ्गामा नुहाउने सुविधा सहितको सार्वजनिक शौचालय सञ्चालनमा रहेको।
- पाटन दरबार स्क्वारमा आउने पर्यटकहरुलाई मध्यनजर गरी दरबार स्क्वायर भित्र अत्याधुनिक अपाङ्गतामैत्री पर्यटक शौचालय निर्माण सम्पन्न भई सञ्चालनमा रहेको।
- ३ बटा Mobile Toilet ले जात्रा पर्व लगायत सार्वजनिक कार्यक्रमहरुमा प्रभावकारी सेवा उपलब्ध गराएको।
- आफ्नै सुविधा सम्पन्न कार्यालयबाट सेवा प्रदान् गर्ने गरी महानगर अन्तर्गत पुल्चोकमा Block-B र वडा नं १२ लगनखेलमा Block-C निर्माण भैरहेको। Block-B आयोजनाको भौतिक प्रगति ७०% र Block-C को भौतिक प्रगति ६०% रहेको ।
- २९ वटै वडा कार्यालयहरु मध्ये २० बटा वडा कार्यालयहरु नयाँ तथा सुरक्षित निर्माण गरिएको। बाँकी वडा कार्यालय भवन निर्माण गर्ने सम्बन्धमा बार्षिक बजेट बिनियोजन गरी जग्गा प्राप्तिको प्रक्रिया अगाडि बढाएको। निर्मित अधिकांश वडा कार्यालयहरु अपाङ्गता मैत्री बनाईएको।
- ललितपुर महानगरपालिका क्षेत्रभित्र रहेको नेपालकै जेठो इन्जिनियरिङ्ग अध्ययन संस्थान पुल्चोक क्याम्पसको हाताभित्र अबस्थित राणाकालीन संरचनाहरुको मर्मत/पुन: निर्माण तथा जीर्णोद्धारका लागि बिस्तृत अध्ययन प्रतिवेदन तयार भई स्वीकृतिको चरणमा रहेको।
- २०७२ सालको भूकम्पबाट पूर्णतया क्षति भएको पुल्चोक स्थित जुद्ध बारुणयन्त्र भवन यथास्थितिमै पुनर्निर्माण गरी उक्त परिसरमा रहेको दमकल, एम्बुलेन्स, शव वाहन र नगर प्रहरी सेवामा प्रयोग हुने सवारी साधनहरु व्यवस्था गर्न भूमिगत पार्किङ्ग सहितको भवन निर्माणको लागि बिस्तृत अध्ययन् प्रतिवेदन तयार भै स्वीकृतिको चरणमा रहेको।
- धपगालमा रहेको भवन २०७२ सालको भूकम्पले क्षति भएकोले Retrofitting मार्फत पुनर्निर्माणको कार्य भैरहेको।

## च. पुल निर्माणः

- ललितपुर महानगरपालिकाले रिङ्गरोडको कुसुन्तीमा नेपालमै पहिलो लिफ्ट सहितको अपाङ्गतामैत्री आकाशे पुल निर्माण कार्य शुरु गरी आगामी दशैं भित्र सम्पन्न गरिने।
- ललितपुर महानगरको खोकना, बुङ्गमती, भैसेपाटी, सुनाकोटी, धापाखेल र हरिसिद्धिमा बसोबास गर्ने जनता तथा अन्य पर्यटकहरुको आवागमनलाई सहजता प्रदान गर्न नख्खु खोलामा ३ वटा मोटरेबल पुल निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा रहेको।
- धापाखेल वडा नं २४ र सुनाकोटी वडा नं २७ ओखाड स्थित महादेव खोल्सामा कल्भर्ट निर्माण कार्य शुरु गरी यसै आ.व. २०८१/८२ मा निर्माण सम्पन्न गर्ने गरी कार्य भईरहेको।
- धापाखेल र हरिसिद्धि जोड्ने कर्मनाशा खोलामा आ.व.२०८१/८२ मा मोटरेबल पुल (Double Cell Culvert) निर्माण कार्यको ठेक्का सम्झौता भई कार्य प्रारम्भ हुने चरणमा रहेको।
- पैदल यात्रीहरुको चापलाई दृष्टिगत गरी पाटन अस्पताल अगाडि आकाशे पुल निर्माणको लागि विस्तृत अध्ययन प्रतिवेदन (DPR) सम्बन्धी कार्य अन्तिम चरणमा रहेको। सरोकारवालाहरुसँग प्रारम्भिक छलफल समेत सम्पन्न गरिएको।
- धोबिघाट चक्रपथमा साइकल सहितको आकाशे पुल निर्माणको लागि विस्तृत अध्ययन प्रतिवेदन (DPR) तयारी गरी सडक बिभागको सहमतिमा यसै आ.व. २०८१/८२ मा निर्माण कार्य शुरु गर्ने गरी कार्य भईरहेको।
- महानगरपालिका वडा नं १४ र २५ जोड्ने नख्खु खोलामा निर्मित पुरानो मोटरेबल पुल २०८१ आश्विन ११ र १२ गतेको अविरल वर्षाले क्षति हुन गई सवारी साधन आवतजावत नै रोकिएकोले उक्त पुल सञ्चालन गर्नको लागि आवश्यक कार्य भईरहेको।
- महानगरपालिका वडा नं १४ र २५ जोड्ने नख्खु खोला स्थित पैदल यात्री वारपार गर्ने पुल २०८१ आश्विन ११ र १२ गतेको अविरल वर्षाले बगाएकोले तत्काललाई आवातजावातको सहज व्यवस्था मिलाई पुलको पुनःनिर्माण समेत शुरु गरिएको।
- वडा नं ४ र वडा नं १८ स्थित नक्खु खोलामा मोटरेबल पुल निर्माणको लागि विस्तृत अध्ययन प्रतिवेदन तयारी अन्तिम चरणमा रहेको।
- संघीय सडक अन्तर्गतको सातदोबाटो-धापाखेल सडक खण्ड अन्तर्गत GEMS अगाडिको निर्माणाधीन पुलको दायाँबायाँ पैदलयात्रीको आवतजावत तथा सुरक्षाको लागि Footbridge/Footpath निर्माण बाँकि रहेकोले उक्त Footbridge/Footpath निर्माण महानगरपालिकाले गर्ने गरी प्रक्रिया अगाडि बढाईएको।

## छ. विद्युत तथा सडक बत्तीः

- हालसम्ममा महानगरपालिका भित्रका सडकहरुमा सडक बत्ती तर्फ २०६९ वटा Smart Street Lights र ९१ वटा CCTV जडान गरिएको ।

- सुरक्षा लगायतका विषयलाई ध्यानमा राखी चक्रपथ बाहिर एकान्तकुनादेखि बुङ्गमतीसम्म, सातदोबाटो चापागाँउ दोबाटोदेखि सुनाकोठी, सातदोबाटोदेखि धापाखेल र सातदोबाटोदेखि हरिसिद्धि सडक खण्डमा पर्ने मुख्य मुख्य चोकहरुमा अत्याधुनिक CCTV जडान गर्ने सम्बन्धमा काठमाण्डौ उपत्यका प्रहरी कार्यालयसँग समन्वय गरिएको ।
- बालकुमारी- बल्खु चक्रपथ खण्डको लागि सडकबत्ती १३३७ वटा, ११ मि. को Mini Mast Light ६५ वटा र १६ मि. को High Mast Light २ वटा नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा लागत साझेदारीमा (६० प्रतिशत महानगरपालिका र ४० प्रतिशत नेपाल विद्युत प्राधिकरण) निर्माण कार्य शुरु गरिएको र आगामी दशैं सम्ममा सम्पन्न गरिने। महानगरपालिकाले व्यहोरेको ६०% मध्ये नेपाल सरकारको सडक विभागबाट हालसम्म ३ करोड प्राप्त भएको।
- अव्यवस्थित तार व्यवस्थापनको कार्यलाई तिव्रता दिइदै आएको। हालसम्म मुख्य सडक, श्री मच्छिन्द्रनाथको रथ यात्रा हुने स्थानमा तारहरुको व्यवस्थापन भएको र बाँकी स्थानमा समेत तार व्यवस्थापनका लागि सरोकारवाला निकायसँग छलफल गरिएको।

ज. <u>नगर गौरव आयोजना:</u>

- चक्रपथ ललितपुर स्थित अपुरो हरियाली खण्डमा हरियाली बढाउने उद्देश्यले थप निर्माण कार्यको लागि बोलपत्र आव्हान भै सम्झौता चरणमा रहेको।
- Recharge Lalitpur, Cycle Sharing र स्कुलहरुमा Robotics कार्यक्रम जस्ता Creative तथा Innovative कार्यहरुको अध्ययन तथा कार्यान्वयन गरिएको।
- नख्खु खोला सौन्दर्यकरण तथा सुधार योजना लगायत व्यवस्थित शहरीकरणका लागि जग्गा विकास कार्यक्रम (Land Pooling) को पुर्व सम्भाव्यता अध्ययन (Pre-feasibility Study) सम्पन्न गरी सम्भाव्यता अध्ययन (Feasibility Study) को लागि परामर्शदाता मार्फत अध्ययन अगाडि बढाइएको।
- जावालाखेलमा श्री रातो मछिन्द्रनाथ संग्रहालय भवन निर्माण गर्ने कार्यलाई निरन्तरता दिई कार्यान्वयन गरिएको।
- राष्ट्रिय विभूति अरनिकोको घर पुनर्निर्माण गरी सम्पदा घर घोषणाका लागि अध्ययन कार्य अगाडि बढाइएको।
- बुङ्गमति खान्द्रापार्क सुधार गुरु योजना निर्माण, सिवहाल स्थित सिवहाल बिहार निर्माण, चामुन्डा मन्दिर पुनर्निर्माण सम्बन्धी विस्तृत अध्ययन प्रतिवेदन तयारीको कार्य अगाडि बढाइएको।
- सम्पदा संरक्षणका लागि बुङ्गमति स्थित ढोकापिनीदेखि कोटाटोल बहिली सम्मको ऐतिहासिक मार्गमा ढुङ्गा छाप्ने कार्य, मछिन्द्रबहाल छेत्रमा तेलिया इट्टा छाप्ने, क्वाल्खु स्थित श्री भिमसेन मन्दिर पछाडिको पट्को पाटी पुनर्निर्माण, श्री चुनदेवी मन्दिर पुनर्निर्माण योजना, मछिन्द्र बहाल ढोकापाटी पुनर्निर्माण कार्य तीव्र गतिमा अगाडि बढाएको र यसै आ.व. मा सम्पन्न गरिने।

- वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशीको १०६ औं जन्मजयन्तीको अवसरमा पुल्चोक झनाख्यो पार्कमा शालिक निर्माण गरी अनावरण समेत गरिएको।
- प्लास्टिक झोला मुक्त ललितपुर घोषणा गर्ने तयारी प्रयोजनार्थ आ.व. २०८१/८२ मा रु ४० लाख रकम विनियोजन गरिएको र झोला खरिद गरी वितरणको चरणमा रहेको ।
- पाटनढोकादेखि पाटन दरवार स्क्वायरसम्मको सडकमा आ.व. २०८२/८३ मा Flag Stone Paving गर्ने गरी विस्तृत अध्ययन प्रतिवेदन तयारी गरिएको।
- शहरी क्षेत्रहरुमा सवारी साधन पार्किङ्ग व्यवस्थापन गर्नको लागि पाटनढोका, जावलाखेल र झम्सिखेल लामोचौरमा Vertical Parking सहितको पार्किङ्ग व्यवस्था गर्ने गरी पुर्व सम्भाव्यता अध्ययन (Pre-Feasibility Study) सम्पन्न भै कार्यान्वयनको विधि सम्बन्धमा छलफल भैरहेको। लगनखेल स्थित पेट्रोल पम्प अगाडिको जग्गामा Underground Palika बजार र Vertical Parking सहितको पार्किङ्ग व्यवस्था गर्ने गरी विस्तृत अध्ययन प्रतिवेदन (DPR) तयार गरिएको। उक्त आयोजनाहरु कार्यान्वयनको लागि जग्गा प्राप्ति सम्बन्धी प्रकृया थालनी गरिएको।
- नगरस्तरीय खेलकुद मैदानको लागि धापाखेल स्थित जाल्पा स्कुल नजिकको खेल मैदानलाई दुवै टिमका ११/११ जना खेलाडि खेल्न मिल्ने गरी फुटवल खेलकुद मैदान तयार गर्न विस्तृत अध्ययन प्रतिवेदन (DPR) तयार भएको।
- ललितपुर महानगरपालिका जावलाखेल स्थित वाघद्वार (Tiger Gate) सडक विस्तारको क्रममा भत्केकोले त्यसको पुनर्निर्माण गरिएको ।
- सदर चिडियाघरमा अवलोकनका लागि आउने अशक्त, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाको सहजताको लागि Shuttle Bus सञ्चालन गरिएको। सदर चिडियाघरमा एतिहासिक फल्चापाटी समेत निर्माण गरिएको।
- "Adopt an Animal" अन्तर्गत सदर चिडिया घरमा रहेको महाराज बाघलाई महानगरपालिकाको तर्फबाट वार्षिक खाना खर्च प्रायोजन गरिएको।

झ. <u>शहरी विकास:</u>

- विगत्मा विभिन्न कारणले नक्सा नियमित हुन नसकेका भवनहरुको अभिलेखिकरणका लागि महानगरपालिकाले छुट्टै भवन अभिलेखिकरण नियमित गर्ने ऐन, २०८१ जारी गरी सो अनुसार भवन अभिलेखिकरण गर्नका लागि सूचना समेत प्रकाशित गरेको।
- महानगरपालिका भित्र निर्माण हुने भवनहरु भूकम्पिय दृष्टिले जोखिम रहित बनाउन "भवन निर्माण सम्बन्धी कार्यविधि, २०८१" जारी गरिएको।
- घर नम्वर वितरण कार्य सम्पन्न भएको।
- नक्सापासका लागि EBPS प्रणाली लागु गरी यसलाई राजश्व असुली प्रणालीसँग आवद्ध गराउने कार्य भई रहेको।

- सम्पदा मैत्री भवन निर्माणमा झिंगटी लगाउने लगायत विभिन्न प्रकार [illegible] कार्यक्रम सञ्चालन गरिएको।

ञ. <u>वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धनः</u>

- Open Fire (खुला क्षेत्र मा आगो बाल्न) निषेध गरिएको। नगर प्रहरीद्वारा नियमित रुपमा सवारी साधनको प्रदुषण जाँच गर्दै आएको।
- हरियाली प्रवर्द्धनका लागि नर्सरी स्थापना गरी बिरुवा तयार गर्दै आएको।
- महानगरपालिकाले विद्युतीय सवारी साधन मात्र खरिद गर्ने गरेको। महानगरपालिका भित्र विद्युतीय बस सञ्चालनका लागि साझा यातायातसँग सम्झौता गरिएको र सो अनुसार साझा यातायातबाट विद्युतीय Shuttle बस सञ्चालन भइरहेको।
- बोटबिरुवालाई नोक्सान गर्ने व्यक्तिलाई तत्काल जरिवाना गर्ने गरिएको।
- अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको अधिकार क्षेत्र भित्र रहेको बागमती कोरिडोरलाई व्यवस्थित हरियाली पार्क निर्माण गर्नका लागि महानगरपालिकालाई हस्तान्तरण गरी दिन नेपाल सरकारसँग अनुरोध गरिएको।
- विद्युतीय सवारी साधन प्रयोग गर्ने सवारी धनी नगरवासीहरुलाई प्रोत्साहन गर्ने नीति लिएको।
- भैंसेपाटी स्थित रेडियो नेपालको जग्गामा हरियाली प्रवर्द्धन गर्न सहमतिको लागि सूचना प्रविधि तथा सञ्चार मन्त्रालयमा पत्राचार गरिएको।

ट. <u>विपद् व्यवस्थापन र उद्धारः</u>

- महानगरीय विपद् व्यवस्थापन कोषलाई प्रभावकारी रुपमा व्यवस्थापन गरी विपदको समयमा राहत, उद्दार तथा पुनर्स्थापनाका लागि वित्तीय तथा कानूनी व्यवस्थालाई सुदृढ गरिएको।
- वडा नं. ४ मा भूमिगत पानी टयाङ्की निर्माणका लागि आवश्यक प्रक्रिया पूरा गरी निर्माण कार्य सुरु भएको।
- ललितपुर महानगरपालिकाबाट विपद् खोज उद्धार तालिम प्राप्त स्वयंसेवकहरुको सहभागितामा श्री राजदल गण लगनखेल, सशस्त्र प्रहरीबल दक्षिणकाली, जिल्ला प्रहरी परिसर, ललितपुर र राष्ट्रिय भूकम्प प्रविधि समाज नेपाल (NSET) सँगको सहकार्यमा वडा नं २२ बुङ्गमती, बसपार्कमा संयुक्त विपद् प्रतिकार्य अभ्यास-२०८१ सम्पन्न भएको ।
- युनिसेफ नेपालद्वारा विपद्को समयमा आवश्यक पर्ने उद्धारका सामाग्रीहरु उपलब्ध गराएको र निकट भविष्यमा सो सामाग्रीहरु वडा कार्यालयहरुमा वितरण गरिने व्यवस्था मिलाइएको ।
- महानगरपालिका भित्रका युवाहरुलाई सामुदायिक खोज तथा उद्धार तालिम प्रदान गरिएको।
- महानगरपालिका भित्र आगलागीको जोखिम न्यूनीकरण सम्वन्धमा सचेतना सम्बन्धी कार्यक्रम नियमित रुपमा सञ्चालन गरिएको।

- विपद् व्यवस्थापनमा एकीकृत सेवा (Ambulance, Fire Brigade, LMC Police) परिचालन गर्ने गरी "DRRM Under One Roof System" सञ्चालन गरिएको।
- गुइतदोमार, बुङ्गमती र धापाखेलमा विपद् सम्बन्धी DRR Sub Station सञ्चालनको प्रक्रिया अगाडि बढाइएको।
- अत्याधुनिक उपकरण : दमकल, Sky Lift, Close Compactor जस्ता साधन खरिद गरिएको।
- विपद् सामाग्रीहरुको भण्डारण तथा व्यवस्थापनको लागि Municipal Emergency Operation Center (MEOC) को स्थापना गरिएको।
- गत वर्ष आएको विनाशकारी बाढीमा उद्दारको लागि डुङ्गा अति आवश्यक रहेको महसुस गरी चालु आ. व. मा ५ वटा डुङ्गा खरिद सम्बन्धी कार्य अघि बढेको।
- गत असोज ११ र १२ गते को बाढि पहिरोमा परेका २ जना व्यक्तिको ज्यान जोगाउन सफल श्री चैनिक लाल तामाङ्गलाई महानगरपालिकाको तर्फबाट पुरस्कृत गरिएको।
- जेष्ठ ११ गतेदेखि राष्ट्रिय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणको सहकार्यमा विपद् व्यवस्थापन तथा उद्दारमा खटिने जनशक्तिको लागि विपद् जोखिम न्युनीकरण तथा उद्दार सम्बन्धी प्रशिक्षण सञ्चालन गरिएको।
- सशस्त्र प्रहरी बलको सहकार्यमा वडास्तरमा रहेका विपद् फोकल पर्सनहरु समेतको लागि १८ दिने विपद् उद्दार सम्बन्धी तालिम सञ्चालन भइरहेको।
- नगर प्रहरी र फायरमेनको संयुक्त प्रयासबाट यस वर्ष १७५ स्थानमा (महानगर भित्र -११५ अन्यन्त्र ६०) आगलागी नियन्त्रणका लागि दमकल परिचालन गरिएको।
- विभिन्न स्थानमा सर्पको कारणले नगरवासीहरुलाई परेको समस्या समाधनका लागि नगर प्रहरी तत्काल परिचालन भई सर्पलाई सुरक्षित स्थानमा छोडि नगरवासीहरुलाई भयमुक्त गराएको।

ठ. <u>सम्पदा संरक्षण-मूर्तः</u>

- सम्पदा क्षेत्रका दरवार, मन्दिर, बिहार, सत्तल, पाटिहरु लगायतका संरचनाहरुको पुनःनिर्माण सम्बन्धी ८२ वटा योजनाहरु कार्यान्वयनको चरणमा रहेको।
- वालकुमारी मन्दिर र देगु तलेजु मन्दिरको पुनःनिर्माण कार्य सम्पन्न भई सम्माननीय राष्ट्रपतिज्यूबाट समुद्घाटन समेत भैसकेको।
- महानगरपालिकामा सम्पदा मैत्री भवन निर्माण गरी सम्पदा संरक्षण गर्न "सम्पदा मैत्री भवन निर्माण सहुलियत सम्बन्धी कार्यविधि, २०८१" जारी गरी कार्यान्वयनको चरणमा रहेको।
- दरवार स्क्वायर क्षेत्र अन्तर्गत रहेका २०७२ सालको विनासकारी भूकम्पबाट क्षति भएका मठ मन्दिर मध्ये रुद्रायणी मन्दिर, दत्तात्रय मन्दिर र नरसिंह मन्दिर पुनः निर्माण कार्य कार्यान्वयनको चरणमा रहेको।

- वडा नं. १६ सहित श्री संकटा मन्दिर, ललितपुर पाटी तथा लोकाकृति महाविहार पुनः निर्माणको कार्य भईरहेको। भाईः देग मन्दिरको निर्माण कार्य अन्तिम चरणमा कार्यान्वयन भईरहेको छ।
- वडा नं. २७ स्थित भृङ्गारेश्वर मन्दिर पुन निर्माणको लागि उपभोक्ता समितिसँग सम्झौता भई हाल पुरातत्व विभागमा स्वीकृतिको लागि समन्वय भईरहेको छ।
- यस महानगरपालिकासँग भगिनी सम्बन्ध कायम भएको कोरियाको चेरोन र रसियाको उलान उदे शहरमा यस महानगरको कला र संस्कृति झल्कने गरी परम्परागत शैलीमा उपयुक्त स्थानमा पाटी निर्माण गर्न आवश्यक प्रक्रिया अघि बढेको जानकारी भएको।

ङ. <u>सम्पदा संरक्षण-अमूर्तः</u>

- यस महानगरपालिकाको पहलमा श्री रातो मछिन्द्र नाथसँग आवद्धता रहेको किर्तिपुर स्थित याकः मिसालाई नेपाल सरकारबाट दक्षिणा दरबन्दीको व्यवस्था भएको।
- महानगरपालिकामा सञ्चालन हुदैं आएका परम्परागत जात्रा, पर्व, मेलाको लागि अक्षयकोषको व्यवस्था गरिएको।
- महानगरपालिकाको निधिको रुपमा रहेका अमूर्त सम्पदा, जात्रा पर्वहरुको दरबन्दीलाई निरन्तरता दिईंदै आएको।
- अप्रिल-१८ मा मनाईने विश्व सम्पदा दिवस भव्य रुपमा मनाइएको।

ढ. <u>स्वास्थ्यः</u>

- २०७८ साल देखि हालसम्म ६८ वर्ष उमेर पूरा भएका ७९२४ ज्येष्ठ नागरिकहरुलाई निमोनिया विरुद्धको निःशुल्क खोपको व्यवस्था गरिएको। जेष्ठ नागरिकसँग महानगर कार्यक्रमबाट ४२७५ जना लाभान्वित भएको।
- महिलाहरुमा देखिने पाठेघरको मुख तथा स्तन क्यान्सरलाई नियन्त्रण र रोकथामका लागि परीक्षण र उपचारको कार्यलाई निरन्तरता दिदैं २९ वटा वडामा नै सेवा विस्तार गरिएको र सो अनुसार ७०३१ को परीक्षण गर्दा ५८४(८.३१%) जनामा संक्रमण देखिएको र Early Intervention सम्भव भएको।
- महानगरपालिका भित्र बसोबास गरिरहेका विपन्न दीर्घ रोगीहरुको उपचारमा सहजताका लागि मासिक पाँचहजार उपलब्ध गराउँदै आएको। यसबाट हाल सम्म ६९५ जनाले सुविधा लिईरहेको।
- लामो समयदेखि व्यवस्थापन हुन नसकेको चिकित्साजन्य फोहरको उचित व्यवस्थापन गर्दै आएको।
- गत असोज ११ र १२ गते आएको अविरल बर्षाका कारण विपद् पश्चात हुने हैजा लगायतका महामारीहरु फैलिन सक्ने कुरालाई दृष्टिगत गरी स्वास्थ्यकर्मीहरुको Rapid Response Team परिचालन गरी महामारी फैलन नदिएको।

- ललितपुर महानगरपालिकालाई पूर्ण खोप पालिकाको रुपमा घोषणा गरिएको।
- वर्षाको समयमा देखिने डेंगु, हैजा लगायतका महामारी रोग नियन्त्रणका लागि आवश्यक तयारी गरिएको र डेंगुको उपचारको लागि खोप खरिद गर्न चालु आ.व. मा बजेट बिनियोजन गरिएको।
- हालसम्म यस महानगरपालिकामा ४६२४६ परिवारले स्वास्थ्य बीमा गरेको। त्यसै गरी स्वास्थ्य बिमाको लागि प्रथम सेवा बिन्दुको रुपमा यल स्वास्थ्य केन्द्रबाट हालसम्म ५३६३२ जनाले सेवा लिएको।
- स्वास्थ्य बीमा अन्तर्गत यल स्वास्थ्य केन्द्रमा उपचार गर्न आउने बिरामीको चाप अधिक भएकोले अन्य स्थानमा समेत प्रथम सेवा बिन्दुको रुपमा स्वास्थ्य सेवा केन्द्र सञ्चालनका लागि अध्ययन भइरहेको।

ण. <u>बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक कार्यक्रमः</u>

- जेष्ठ नागरिकहरुलाई महानगरपालिकाको तर्फबाट थप सामाजिक सुरक्षा भत्ता रू १०,०००/- प्रदान गर्ने गरिएको।
- महानगरपालिकामा रहेका ४८० महिला समूह, जेष्ठ नागरिक सञ्जाल, बालक्लबहरुको सञ्चालन र क्षमता विकास लगायतका कार्यमा महानगरपालिकाबाट सहयोग गरिदैं आएको।
- लैंगिक हिंसा विरुद्धको कार्यलाई प्रभावकारी बनाउन महानगरको निःशुल्क हटलाईन नं. ११३१ प्रयोगमा ल्याइएको।
- ललितपुर महानगरपालिका र सुन्दरढोका साथी संस्थासँगको सहकार्यमा ६ जना अपाङ्गता भएका व्यक्तिलाई कृत्रिम गोडा सहितको खुट्टा उपलब्ध गराईएको।
- अति अशक्त अपाङ्गता भएका नगरवासीहरुको सहजताका लागि सहयोगी सेवाको व्यवस्था गरिएको।
- अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोग गर्ने सहयोगीहरुको लागि Care Taker तालिमको व्यवस्था गरिएको।
- अपाङ्गता भएका व्यक्तिहरुको आवत जावतलाई सहज बनाउन महानगरपालिकाद्वारा अपाङ्गता मैत्री सवारी साधन सञ्चालन गरिएको।
- अटिज्म भएका बालबालिकाहरुको क्षमता विकासका लागि सरोकारवाला निकायहरुसँगको सहकार्यमा कार्यक्रम गर्न बजेट व्यवस्था गरिएको।
- डिसेम्बर-३ मा मनाईने अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा पाटन दरवार क्षेत्रमा अस्थायी ऱ्याम्पको सहायताले व्हिलचेयर प्रयोगकर्ता लगायत आपाङ्गता भएका व्यक्तिहरुले समेत पाटन दरवार क्षेत्रको भित्री चोकहरुमा अवलोकन गर्ने अवसर प्रदान गरिएको।
- महिला उद्यमीहरुको तथ्यांक संकलनको शुरुवात गरिएको।

- महानगरपालिकामा रहेका महिला उद्यमीहरुले सञ्चालन गरेका उद्योगहरुमा देखिएका समस्याहरु निराकरण, विकास र प्रवर्द्धनका लागि महिला उद्यमी सम्मेलन गरिएको।
- बालबालिकाको नेतृत्व विकास र महानगरपालिकाका गतिविधिहरु जानकारी गराउने उद्देश्यले नमुना बाल नगर सभा सञ्चालन गरिएको।
- महिलाहरुको नेतृत्व विकास तथा समग्र क्षमता विकासका लागि महानगरपालिका भित्र रहेका महिला समूहलाई उनिहरुले सञ्चालन गरेका कार्यक्रम लगायतका विषयहरुमा आधारित रहि मूल्याङ्कन गरी उत्कृष्ट महिला समूह घोषणा गरिएको।

त. <u>युवा तथा खेलकुद:</u>

- नेपाल सुपरलिग फुटवल प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने ललितपुर क्लवका खेलाडी तथा पदाधिकारीहरुलाई सम्मान गरिएको।
- ललितपुर निवासी दुईजना अन्तराष्ट्रिय तथा राष्ट्रिय पदक प्राप्त व्याडमिन्टन खेलाडीहरुलाई २ वर्षसम्म महानगरपालिकाको लोगो अंकित जर्सी लगाई प्रतियोगितामा भाग लिने गरी समझदारी गरिएको।
- A, B, C डिभिजन लिगका क्लबहरुलाई League तयारी खर्च स्वरुप क्रमशः ४ लाख, ३ लाख र २ लाखका दरले सहयोग गरिदैं आएको।
- एन्फा मा A Division मा स्तरोन्नती हुने ललितपुर महानगरका क्लबहरुलाई दिईदैं आएको सहयोगलाई निरन्तरता दिने गरिएको।
- राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता नियमित रुपमा सञ्चालन गरी विद्यालयस्तरका विद्यार्थीहरुको खेलकुद विकासमा जोड दिइएको। गत वर्षदेखि प्रतियोगिता तयारी खर्च स्वरुप केही रकम विद्यालयलाई प्रदान गरिदैं आएको।
- महानगरपालिकास्तरमा हुने खेलकुद प्रतियोगिता मध्ये माग र औचित्यताका आधारमा सबै प्रकारका खेल तथा खेलाडीहरुलाई प्रोत्साहन हुने गरी गरिने सहयोगलाई निरन्तरता दिईदैं आएको।
- मेयर्स कप महिला क्रिकेट प्रतियोगिता सञ्चालन गरिएको।

<u>सहकारी नियमन तथा प्रवर्द्धन:</u>

- सहकारी दर्ता तथा कार्यक्षेत्र विस्तारमा निर्मम रुपमा प्रस्तुत हुने गरेको।हाल दर्ता तथा कार्यक्षेत्र विस्तारमा पूर्णतः रोक लगाइएको ।
- सहकारी संस्थाहरुको क्षमता विकासमा सहयोग तथा सहजीकरण गरिएको ।
- जिल्ला सहकारी संघ र विषयगत सहकारी संघहरुसँग समन्वय र सहकार्यमा सहकारी संस्थाहरुको नियमन र प्रवर्द्धन गर्ने गरिएको ।

- बचत फिर्ताका लागि प्राप्त भएका निवेदन उपर संस्थाका पदाधिकारीहरु र निवेदनकर्ताहरुसँग संयुक्त वा छुटाछुट्टै बसी छलफल गरी समस्याको समाधान गर्ने प्रयास गरिएको। छलफलबाट समाधान हुन नसकेका समस्याहरु प्रचलित कानून बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा पठाइएको।
- समस्या देखिएका सहकारी संस्थाहरुको नियमित एवं सघन अनुगमन गरी संस्थामा देखिएको समस्या निराकरणको लागि राय सुझाव निर्देशन दिने गरिएको ।
- वडास्तरमा सहकारी सचेतना सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दै आएको ।
- सहकारी संस्थाका सदस्यहरुका लागि आय आर्जन सम्बन्धी साझेदारी कार्यक्रम सञ्चालन गरिएको।
- महानगरमा संचालित सहकारी संस्थाहरु एवं प्रदेश र संघको क्षेत्राधिकार भित्रका सहकारीहरुको तथ्याङ्क अद्यावधिक गर्ने कार्य शुरु गरिएको ।
- निष्कृय रहेका सहकारी संस्थाहरु क्रमश प्रक्रिया पुरा गरी खारेज गर्ने एवं आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा पेश गरिएको ।

थ. <u>उद्योग र हस्तकला प्रवर्द्धनः</u>

- विश्व हस्तकला परिषदको ३५ औं सदस्य नगरको रुपमा रहेको यस महानगरपालिकाले कोशेली घर सञ्चालनमा ल्याएको।
- यस महानगरपालिबाट सञ्चालन हुने सीप विकास तालिमको प्रभावकारिता सम्बन्धी अध्ययन भई रहेको।
- उद्यमशील स्वरोजगार कोष सञ्चालन कार्यविधि कार्यान्वयनमा रहेको।
- उद्यमीहरुलाई मागका आधारमा सीप विकास तालिम तथा उपयुक्त प्रविधि हस्तान्तरण गरी व्यवसाय सञ्चालनमा सहयोग पुऱ्याउँदै आएको।
- औद्योगिक तथ्याङ्क संकलन र अद्यावधिक गर्ने कार्यलाई तिव्रता दिईएको।
- ४० माइक्रोन भन्दा कमका प्लाष्टिकका झोलाहरुको प्रयोगलाई क्रमश निरुत्साहित गर्दै जाने महानगरपालिकाको नीति अनुसार कपडा कागज एवं फेब्रिकका झोला बनाउने तालिम सञ्चालन गर्दै आएको।

द. <u>पर्यटन प्रवर्द्धनः</u>

- पर्यटन प्रवर्द्धन लागि छुटै वेभसाइट tourism.lmc.gov.np निर्माण गरिएको।
- यस वर्षको हालसम्म आन्तरिक तथा बाह्य पर्यटकबाट पर्यटन शुल्क वापत रु.१२ करोड १३ लाख ३० हजार उठेको। गत वर्षको तुलनामा ४% थप संकलन भएको।
- ललितपुर महानगरपालिका वडा नं. २१, खोकना स्थित ऐतिहासिक श्री रुद्रायणी देवीको १२ वर्षे नाच प्रदर्शन, नरदेवी श्री श्वेतकाली (ङ्यतभुल अजिमा) १२ वर्षे देवी नाच र श्री पचली

भैरव तथा श्री भद्रकाली (लुँमधि) अजिमाको १२ बर्षे खड्ग सिद्धि जात्राका सहभागी देवगण लगायत सहभागी हरुलाई महानगरको तर्फबाट भव्य रुपमा स्वागत र सहयोग गरी सम्पन्न भएको ।

- पर्यटन रुट प्रवर्द्धन गर्न नक्सा तथा ब्रोसर तयार गरी पर्यटकहरुलाई वितरण गर्न शुरु गरिएको।
- प्रमुख सम्पदा स्थलहरुमा सम्पदा सम्बन्धी जानकारीको लागि QR Code राख्ने कार्यक्रम सञ्चालन हुँदै आएको ।
- पर्यटन रुटमा E-Shuttle Bus सञ्चालनको तयारी गरिएको।

ध. <u>पशु सेवाः</u>

- पशुहरुको उपचार र व्यवस्थापनका लागि Vet Ambulance Service सञ्चालनमा रहेको।
- मासु पसल सुधारको लागि कार्य भइरहेको।
- महानगरपालिका क्षेत्र भित्र नियमित खोप सञ्चालन गर्दा पशुपंक्षीमा महामारीजन्य रोगहरु नियन्त्रणमा रहेको।
- कृत्रिम गर्भाधान कार्यक्रमबाट गाईभैंसी तथा बाख्रामा नश्ल सुधार भै उत्पादकत्वमा वृद्धि भैरहेको।
- हिउदे तथा बर्षे घासको बिउ वितरणबाट पशु अहारामा सहयोग पुगेको।
- सेवा केन्द्रहरु मार्फत कृषकको घरदैलोमा पशु उपचार सेवा, पशु बीमा कार्यक्रम, कृत्रिम गर्भाधान सेवा कार्यक्रममा सञ्चालन बाट पशुपालन व्यवसायमा सहयोग पुगेको।
- सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रमबाट सामुदायिक कुकुर नियन्त्रणमा सहयोग पुगेकोले यस बर्ष पनि यसका लागि आवश्यक व्यवस्था गरिएको।

प. <u>शिक्षाः</u>

- महानगरपालिकाभित्र सामुदायिक विद्यालय (४०), संस्थागत विद्यालय (२५२), बालविकास केन्द्र (९१), अनौपचारिक प्रौढ (धार्मिक, विशेष, खुला) (४) रहेका छन्। महानगरपालिका भित्रका शैक्षिक संस्थाहरुको लागि एकीकृत शैक्षिक क्यालेन्डर तयार गरी विगत बर्षदेखि लागु गरिएको।
- महानगरपालिका भित्रका सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी मिलान गरिएको।
- सबै सामुदायिक विद्यालयमा विद्युतीय हाजिरीको व्यवस्था गर्नुका साथै CCTV समेत जडान गरिएको।
- शैक्षिक सुधारका लागि विद्यालयका प्रधानाध्यापक र विषयगत शिक्षक बीच सूचकाङ्क सहितको कार्यसम्पादन सम्झौता गर्ने गरी तयारी भएको।
- विद्यालयको भर्ना प्रक्रिया लाई बढी पारदर्शी बनाउन हाल विद्यालयले प्रदान गर्दै आएको कोटा प्रणालीलाई पुनरावलोकन गरी संविधानले निर्दिष्ट गरे बमोजिमका क्लस्टर हरुमा सिमित रही

कोटा प्रणालीद्वारा कक्षा १ को भर्ना प्रक्रिया विगत ३ वर्षदेखि सेन्ट जेभियर्स स्कुलमा र विगत २ वर्षदेखि सेन्ट मेरिज स्कुलमा समेत अवलम्बन गरी गोला प्रथाद्वारा विद्यार्थी छनौट गर्ने व्यवस्था गरिएको।

- SEE परीक्षामा उत्कृष्ट नतिजा GPA -४ हासिल गर्ने संस्थागत विद्यालयका विद्यार्थी र GPA-३.९५ हासिल गर्ने सामुदायिक विद्यालयका विद्यार्थी गरी जम्मा ६ वटा विद्यालयका १४ जना विद्यार्थीहरु र विद्यालयलाई पुरस्कृत तथा सम्मान गरिएको।
- सामुदायिक विद्यालयतर्फ SEE परीक्षामा उत्कृष्ट नतिजाको आधारमा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयलाई छुट्टै पुरस्कृत गरिएको।
- शैक्षिक गुणस्तर र सुधारका लागि STEAM लगायतका प्रभावकारी शैक्षिक प्रयासहरु सुरु गरिएको।
- सडक सुरक्षा शिक्षाको पाठ्यसामाग्री तयार गरी पाठ्यक्रममा समावेश गरिएको छ ।
- ललितपुर महानगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयलाई स्मार्ट विद्यालयका रुपान्तरणको कार्य अघि बढाइएको।
- हरित विद्यालयको अवधारणा अनुसार महानगर अन्तर्गत सञ्चालित विद्यालयहरुमा "एक विद्यालय एक बँगैचा" कार्यक्रम सुरु गरिएको।
- विद्यार्थीको सिकाइमा अभिभावकहरूको प्रत्यक्ष संलग्नता रहने हुँदा शिक्षक-अभिभावक अभिमुखिकरण कार्यक्रमको सुरुवात गरिएको। साथै अभिभावक शिक्षा अन्तर्गत २९ वटै वडाका १५०० अभिभावकहरुको लागि तालिमको व्यवस्था गरिएको।
- विद्यालय र विद्यार्थीहरुको सम्पदा संरक्षणमा प्रत्यक्ष भूमिका रहने गरी "एक विद्यालय एक सम्पदा संरक्षण" कार्यक्रम शुरुवात गरिएको।
- सामुदायिक विद्यालयको SEE परीक्षाको नतिजामा उल्लेखनिय रुपमा वृद्धि गर्नको लागि यस वर्षको जाडो विदाको समयमा समेत विषयगत कक्षाहरु सञ्चालनको व्यवस्था गरिएको।
- परम्परागत, ऐतिहासिक, सम्पदा, संस्कृति तथा रहन सहनलाई समावेश गरी सामुदायिक विद्यालयमा कक्षा ४ सम्म र संस्थागत विद्यालयमा कक्षा ३ सम्म स्थानीय पाठ्यक्रम (नेपाल भाषा) कार्यान्वयनमा ल्याइएको।
- स्थानीय नेपाल भाषा पठनपाठनको लागि सामुदायिक विद्यालयमा नेपाल भाषाको शिक्षक व्यवस्था गरिएको।
- नेपाल भाषाको प्रवर्द्धनका लागि २२५ जनालाई नेपाल भाषाको प्रशिक्षक प्रशिक्षण तालिमको व्यवस्था गरिएको।
- +२ को लागि छुट्टै दरवन्दी नभएका सामुदायिक विद्यालय र सामुदायिक कलेजहरुलाई सञ्चालनमा सहयोग गरिदै आएको।

फ. फोहरमैलाः

- फोहरमैला संकलन तथा व्यवस्थापनलाई प्रभावकारी रुपमा सञ्चालन गर्न फोहरमैलाका लागि आवश्यक पर्ने जनशक्ति, Close Compact Truck, Dump Placer लगायत साधन तथा उपकरणको व्यवस्था गरिएको।
- फोहरमैला व्यवस्थापनमा प्रयोग हुने आधुनिक प्रविधियुक्त Incinerator Plant, Compositing र Gasification Technology सम्बन्धमा अध्ययन भैरहेको।
- फोहरमैला व्यवस्थापनका सम्बन्धमा संकटको बेला Crisis Management गरेर शहरलाई दुर्गन्धित हुनबाट जोगाइएको।
- गत वर्षको बाढिजन्य विपद पश्चात प्रभावित क्षेत्रमा कष्टिक सोडा लगायतका दुर्गन्ध नियन्त्रण गर्ने औषधीहरुको प्रभावकारी रुपमा व्यवस्था गरी दुर्गन्ध फैलन नदिएको र फोहरमैला सङ्कलनका लागि समेत थप जनशक्ति र साधन स्रोतको व्यवस्था गरिएको।
- ब्रुमर लगायतका अत्याधुनिक यन्त्र प्रयोग गरी शहर सफा राख्न सफल भएको।
- फोहरको वर्गीकरणलाई अनिवार्य गरी कुहिने र नकुहिने फोहरका लागि छुट्टा छुट्टै डष्टबिनको व्यवस्थापन गरी फोहर सङ्कलन गरिएको।

ब. कृषि विकासः

- उन्नत तरकारी बिउ बितरण हिउँदे तरकारी र बेमौसमी तरकारी प्रवर्द्धनका लागि कृषकहरुलाई सहयोग गरिएको।
- यस महानगरपालिकासँग भगिनी सम्बन्ध कायम भएको कोरियाको चेरोन शहरको तर्फबाट वडा नं. २७ मा एकल महिलाहरुको आय आर्जन बृद्धिका लागि ग्रिन हाउस टनेल निर्माण भइरहेको।
- कौसी खेती प्रवर्द्धन, कम्पोष्ट बिन वितरण गरी प्राङ्गारिक मलको प्रयोगमा प्रोत्साहन, कृषिमा आधुनिकीकरणका लागि जोड दिँदै आएको। विषादी रहित/न्यून विषादी भएका कृषि उत्पादनका लागि प्रोत्साहन गर्दै आएको।
- कृषक सूचीकरण कार्यक्रम मार्फत कृषकको पहिचान तथा कृषक परिचय पत्र बितरण गरी कृषकहरुको यथार्थ र व्यवस्थित बिवरण तयार गरिएको।
- जग्गा बहालमा लिई कृषि खेती गर्ने कृषकहरुलाई बहाल कर छुटको व्यवस्था गरिएको।

भ. कानुन न्याय तथा सुशासन

- न्यायिक समितिमा ६५ वटा उजुरी दर्ता भएकोमा ४६ वटा अर्थात ६९% फछर्यौट भएको।
- हाल सम्म महानगरपालिकाबाट सेवा प्रवाह र विकास निर्माणसँग सम्बन्धित १४ वटा ऐन र ४१ वटा निर्देशिका, कार्यविधि, मापदण्ड तर्जुमा भई कार्यान्वयनमा रहेको।
- महानगरपालिकामा र वडास्तरमा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिएको।

- प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गर्दै जाने नीति अन्तर्गत मेलमिलाप सम्बन्धी तालिम प्रदान गरिएको। हाल सम्म २१ वटा वडाहरुमा मेलमिलाप केन्द्र स्थापना गरिएको। बाँकी वडाहरुमा स्थापनाको क्रममा रहेको ।
- यस बर्षदेखि महानगरपालिकाका उच्च पदाधिकारी (कर्मचारी) हरु विच कार्यसम्पादन करार सम्झौता गरी पदाधिकारीहरुलाई थप जिम्मेवार र जवाफदेही बनाईएको।
- महानगरबाट गर्ने खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्न अधिकतम प्रयास गरिएको।
- कार्यालयबाट गरिने सेवा तथा बस्तुहरुको खरिद प्रकृयालाई पारदर्शी र मितव्ययी बनाउन सम्भव भएसम्म E-Bidding गर्ने व्यवस्था मिलाईको।

म. <u>वित्तीय सुशासन तथा राजश्व असुली</u>

- राजश्व असुलीलाई विद्युतीय प्रणाली मार्फत कर निर्धारण र भुक्तानीको व्यवस्था गरिएको।
- राजस्व तिर्न सरल र सहज बनाउनुको साथै करको दरभन्दा पनि दायरा बिस्तार गर्ने गरी कार्य भईरहेको।
- वेरुजु न्युनीकरणका लागि कार्य योजना बनाइ सो अनुसार कार्य गर्ने गरिएको।

य. <u>भगिनी सम्बन्धः</u>

- विगतमा जुम्लाको चन्दननाथ नगरपालिका, दोलखाको भिमेश्वर नगरपलिका, गुल्मीको मालिका गाउँपालिका र सल्यानको सारदा नगरपालिकासँग भगिनी सम्बन्ध कायम गरिएकोमा यस बर्ष संखुवासभाको चैनपुर नगरपालिका र मुस्ताङ्गको घरपझोङ्ग गाउँपालिकासँग भगिनी सम्बन्ध कायम भएको।
- छिमेकी तथा भगिनी सम्बन्ध कायम भएका स्थानीय तहलाई वातावरण तथा सम्पदा सम्बन्धी परियोजना सहयोग गर्ने गरिएको।
- यस बिचमा महानगरपालिकाको विकास निर्माणका सहयोग गर्न रुचि राखी भएको कोरियन, रसियन, जापानिज, चाईनिज Delegates ले गरेको महानगपालिकाको भ्रमणले दुबै देशका असल अभ्यासको आदान प्रदान र सहयोगको प्रतिवद्धता समेत प्राप्त भएको।
- यस अवधिमा प्रमुखको दक्षिण कोरिया, अमेरिका, भारत, बंगलादेश, चिन, फिलिपिन्स भ्रमणले पनि ललितपुर महानगरपालिकालाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउन सफल भएको छ भने तहाँको विकास निर्माण र सेवा प्रवाहमा भएका असल अभ्यासलाई यहाँ कार्यान्वयन गर्ने गरी नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुगेको छ। यसै गरी उप-प्रमुखबाट यस अवधिमा भएको जापान, दक्षिण कोरिया, फिलिपिन्स र बंगलादेश लगायतका वैदेशिक भ्रमणले समेत उतिकै सहयोग पु-याएको छ। प्रमुख र उपप्रमुखबाट भएको वैदेशिक भ्रमणमा महानगरपालिकाबाट कुनै पनि सुविधा उपलब्ध नगराइएको।

आगामी आ.व. २०८२/८३ नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु।

## क. योजना तथा अनुगमनः

१. आ.व. २०८२/८३ मा महानगरपालिकाको आवधिक योजना (Periodic Plan) तर्जुमा सम्बन्धी कार्य सम्पन्न गरी सोही बमोजिम मध्यमकालीन खर्च संरचना (MTEF) समेत तयार गरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ।

२. महानगरपालिकाको "आयोजना बैंक" को कार्य सम्पन्न गरी आगामी आ. व. देखि अनिवार्य रुपमा आयोजना बैङ्कबाट आयोजना छनौट गरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ।

३. बजेट तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न "कार्यक्रम कार्यान्वयन कार्ययोजना" तथा "खरिद योजना" स्वीकृत गरी कार्यान्वयन गरिनेछ।

४. स्वीकृत योजनाको कार्यान्वयन तथा प्रगति सम्बन्धमा त्रैमासिक समीक्षा गर्ने व्यवस्था अनिवार्य तवरले गरिनेछ।

५. आयोजनाहरुको अनुगमन तथा सुपरीवेक्षण कार्यलाई प्रभावकारी तथा नियमित गर्नको लागि **"योजना अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी कार्यविधि"** तर्जुमा गरी आयोजना/कार्यक्रमहरुको नियमित अनुगमन गरिनेछ।

६. विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएका आयोजनाहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

७. आयोजनामा छुटयाइएको Contingency वापतको रकमको छुट्टै लेखा राख्ने र कार्यविधि तर्जुमा गरी परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

८. महानगरपालिका भित्र विगत लामो समयदेखि अधुरा रहेका प्राविधिक, सामाजिक तथा आर्थिक हिसाबले सम्भाव्य नरहेका योजनाहरुको लगत कट्टा गरिनेछ। यसका लागि पेश्की/ आयोजना फछ्यौंट कार्यदल गठन गरिनेछ।

९. महानगर क्षेत्र भित्र विगत आ.व.२०७४/७५ देखि २०७९/८० सम्म सम्झौता भई सञ्चालन भएका तर विविध कारणले सम्पन्न हुन नसकेका र प्रचलित कार्यविधि बमोजिम म्याद थप हुन नसक्ने आयोजनाहरुको हकमा बढिमा २०८२ पौष मसान्तसम्म म्याद थप गरी "उपभोक्ता समितिद्वारा सञ्चालित दायित्व सरेका आयोजना व्यवस्थापन तथा फरफारक कार्यविधि,२०८१" बमोजिम आ.व. २०८२/८३ मा फरफारक गरिनेछ।

१०. महानगरपालिकाबाट चालु आ.व.२०८१/८२ मा सम्झौता भई सञ्चालन भएका तर विविध कारणले यस आ.व. मा सम्पन्न हुन नसकेका उपभोक्ता समिति मार्फत सञ्चालन भएका योजनाहरुको हकमा म्याद समाप्त भएको मितिले बढिमा एक आर्थिक बर्षसम्म म्याद थप गरिनेछ।

११. योजना सञ्चालनका लागि उपभोक्ता समितिले लागत सहभागिता बराबरको रकम महानगरपालिकाको आन्तरिक राजश्व खातामा दाखिला गरे पश्चात मात्र योजनाको सम्झौता गरिनेछ। पाटीपौवा, मठ-मन्दिर, गुठी भवन, चोक, वही, विहार, महाविहार, चपा, गुम्बा, पोखरी, ढुङ्गेधारा, क्रियापुत्री भवन, पार्क, मसानघाट, हिटि, इनार, चौतारा एवम् विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदा, ढल निर्माण र अपाङ्गतामैत्री फुटपाथ निर्माण सम्बन्धी योजनामा जनसहभागिताको अंश समावेश गर्नु नपर्ने नीतिलाई निरन्तरता दिईनेछ।

१२. स्वीकृत कार्यविधि भित्र रही ४०/६० प्रतिशत जनसहभागिता सहित आयोजना निर्माण/सञ्चालन गरिने नीतिलाई निरन्तरता दिइनेछ।

## ख. सडक, यातायात र पुलः

१३. महानगर भित्रका सम्पूर्ण सडकहरुको स्रोत र साधन सहितको जिम्मेवारी महानगरपालिकालाई हस्तान्तरणका लागि सङ्घीय सरकार र प्रदेश सरकारसँग पहल/समन्वय गरिनेछ।

१४. कालोपत्र गरिने सडकहरुको गुणस्तर सुनिश्चितताको लागि परामर्शदाता परिचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ। आगामी दिनमा Knowledge/Technology Transfer को माध्यमबाट आन्तरिक सक्षमता अभिबृद्धि गर्दै लगिनेछ।

१५. कालोपत्रे भएका नयाँ सडकहरु कम्तीमा २ वर्षसम्म खन्न स्वीकृती नदिइने नीतिलाई निरन्तरता दिइनेछ भने महानगरपालिकाको सहमति वेगर कुनै पनि प्रयोजनका लागि सडक खन्न दिइने छैन।

१६. सडक विस्तार गर्दा Demarcation Wall, विद्युत पोल सार्ने, ढल र खानेपानी लाइनको काम सम्पन्न भएपछि मात्र सडक कालोपत्रे/ढलान गरिनेछ। सडक आयोजनाहरु कार्यान्वयन गर्दा अन्तर निकाय समन्वयलाई जोड दिइनेछ।

१७. सङ्घीय तथा प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरी सम्भाव्यता अध्ययन गरिएका स्थानहरुमा Vertical Parking सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक कार्य गरिनेछ।

१८. प्राथमिकताका आधारमा महानगरभित्रका ८ मि. भन्दा कम चौडाइ भएका सडकहरुको मर्मत तथा Overlay सम्बन्धी कार्य क्रमशः कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइनेछ। कालोपत्रे भएका सडकहरुको वार्षिक मर्मत सम्भार योजना तयार गरी नियमित मर्मत सम्भार (Pot-holes Repair, Patching works and Overlay) को लागि आफ्नै Asphaltic Plant को समेत व्यवस्था मिलाइनेछ।

१९. शहरी सडकहरुमा अपाङ्गतामैत्री पैदलयात्री मार्ग (Disabled Friendly Footpath) सहितको संरचना निर्माणलाई निरन्तरता दिइनेछ।

२०. सुरक्षाको दृष्टिकोणले उपयुक्त सडकमा Cycle Lane निर्माण गरिनेछ।

२१. अनधिकृत रुपमा सडक तथा पैदल यात्री मार्गमा राखिएका निर्माण सामाग्रीहरुलाई प्रचलित कानुन बमोजिम उचित व्यवस्थापन गर्नुका साथै सडक सुरक्षा कार्यक्रम लागु गरिनेछ।

२२. सम्पदा क्षेत्र अन्तर्गतका सडक किनारमा रहेका भवनहरुलाई पर्ने असर (पिचमाथि पिच थप्दा घरको कम्पाउण्ड भन्दा सडक अग्लो हुने समस्या) लाई मध्यनजर गरी सडकको साविकको उचाई नबढ्ने गरी कालोपत्रे गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२३. महानगरपालिका भित्रका सबै सडक सञ्जालको अद्यावधिक तथ्याङ्क सहितको Web- Based GIS Digital Road Inventory तयार गरी निरन्तर अद्यावधिक गर्न मिल्ने गरी प्रणालीको बिकास गरिनेछ। यस प्रणालीलाई शहरी सडकहरुको Routine, Periodic and Emergency Maintenance Plan सँग आवद्ध गरी सडक मर्मत संभारका आयोजना छनौट तथा कार्यान्वयनलाई छिटो, छरितो र व्यवस्थित बनाउदै लगिनेछ।

२४. नख्खु, बागमती र कर्मनाशा कोरिडोर निर्माणको लागि सङ्घीय/प्रदेश सरकारसँग समन्वय गरिनेछ।

२५. ललितपुर महानगरपालिकाभित्र पाटन दरबार स्क्वायर, बुङ्गमति, खोकना, सुनाकोटी, नागदह धापाखेल र हरिसिद्धिलाई समेटेर रणनीतिक सांस्कृतिक सडक (Strategic Cultural Road) को रुपमा घोषणा गरी सडक निर्माण कार्यलाई प्राथमिकता साथ कार्यान्वयन गरिनेछ।

२६. सडक सौन्दर्यलाई ध्यानमा राखी Utility Corridor निर्माण गर्न सकिने शहरी सडकहरुको पहिचान गरी Piloting को रुपमा निर्माण कार्य थालनी गरिनेछ।

२७. दीर्घकालीन महत्व बोकेका सडकहरु पहिचान गरी महानगरपालिकाका अन्तर्गतका रणनीतिक सडकहरुको वर्गीकरण गरिनेछ। वडा कार्यालय र महानगरपालिकको कार्यालयबाट निर्माण तथा मर्मत गरिने सडकहरुको समेत वर्गीकरण गरिनेछ।

२८. सडक विस्तारको आयोजना सञ्चालन गर्दा स्थानीय निर्देशित जग्गा विकास (GLD) मापदण्डले कायम गरेको बाटोको चौडाइ कायम हुने गरी निर्माण कार्य गरिनेछ।

२९. नख्खु, सैंबु, भैसेपाटी, बुङ्गमती, खोकना, सुनाकोटी, धापाखेल र हरिसिद्धि लगायत क्षेत्रका खोलाहरुका आवश्यक स्थानहरुमा पुल निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। महानगरपालिका अन्तर्गतका रहेका झोलुंगे पुलहरुको नियमित मर्मत सम्भारको लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ।

३०. नख्खु कोरिडोरबाट महानगरभित्र प्रवेश गर्ने टिपरहरुले गर्दा हुने प्रदूषण नियन्त्रणका लागि टिपरहरुको चक्का पखाल्ने संरचनाको निर्माण आ.व. २०८२/०८३ मा सम्पन्न गरिनेछ।

३१. टिपर लगायतका ठूला सवारी साधनहरुको आवागमन कोरिडोर (नख्खु, बागमती) हरुबाट मात्र सञ्चालन गर्न सम्बन्धित निकायमा समन्वय गरिनेछ। टैब, हरिसिद्धि, धापाखेल, बुङ्गमति

लगायतका आवासीय क्षेत्रहरुबाट वडा कार्यालयको सहमति बेगर टिपर चलाउन नपाउने गरी समन्वय गरिनेछ।

३२. ललितपुर महानगरपालिकाले रिङ्गरोडको कुसुन्तीमा नेपालमै पहिलो लिफ्ट सहितको अपांगतामैत्री आकाशे पुल निर्माण कार्य आ.व. २०८२/८३ मा सम्पन्न गरिनेछ ।

३३. महानगरपालिकाद्वारा निर्माण गरिने पूर्वाधार निर्माणसँग सम्बन्धित संरचनाहरु सम्भव भए सम्म अपाङ्गतामैत्री बनाउने नीतिलाई निरन्तरता दिईनेछ।

३४. पैदलयात्रीहरुको सुरक्षालाई दृष्टिगत गरी पैदल यात्रीहरुको अधिक चाप हुने पाटन अस्पताल अगाडि स्थान लगायतका अन्य उपयुक्त स्थानहरुमा बिस्तृत अध्ययन प्रतिवेदन (DPR) अनुसार आकाशे पुल निर्माणको लागि सरोकारवालाहरुसँग समन्वय गरी निर्माण गरिनेछ।

३५. पैदलयात्री तथा साईकलको सहज तथा सुरक्षित आवातजाबातको लागि धोबिघाट चक्रपथमा साइकल सहित आवतजावत गर्न सकिने आकाशे पुल निर्माण कार्य शुरु गरिनेछ।

३६. लगनखेल स्थित बसपार्कलाई व्यवस्थित, सूचनामैत्री तथा यात्रुमैत्री बनाउनको लागि लगनखेल बसपार्क गुरुयोजना (Lagankhel Bus park Master Plan) तयार गरिनेछ। महानगरपालिका भित्र रहेका अन्य बसपार्क तथा वसस्टपहरु सरोकारवाला निकायसँग समन्वय गरी व्यवस्थित बनाईनेछ।

३७. साविक उप-महानगरपालिका अवस्थाको तयार भएको महानगरस्तरीय यातायात गुरुयोजना (Municipal Transport Master Plan) लाई महानगर घोषणा पश्चात थप भएका हाल वडा नं १८, २१, २२, २३, २४, २५, २६, २७, २८ र २९ समेत समेटेर एकीकृत रुपमा Master Plan तयार गरिनेछ।

३८. ५० मि. भन्दा कम लम्बाई भएका सडकहरुमा ब्लक/ईंटा/ढुङ्गा छाप्ने कार्यलाई प्रोत्साहित गर्दै लगिनेछ।

३९. महानगरभित्र सम्भावना भएका रुटहरुमा साझा बस सञ्चालनका लागि साझा यातायातसँग समन्वय गरिनेछ।

<u>ग. भवन निर्माण तथा मर्मतः</u>

४०. महानगरपालिकाका निर्माणाधीन "B-Block" र "C-Block" आयोजनाहरु सम्पन्न गरी कार्यालय प्रयोजनका लागि प्रयोगमा ल्याइनेछ।

४१. सार्वजनिक ऐलानी पर्ति जग्गामा पूर्ववत सार्वजनिक प्रयोजनको भोगचलन गरेको संरचना बाहेक अन्य संरचना निर्माण गर्न नदिने नीतिलाई निरन्तरता दिइनेछ।

४२. महानगरपालिकाले कार्यालय सञ्चालन तथा बिस्तार गर्ने क्रममा आफ्नो स्वामित्व तथा लगानीमा निर्मित भवनहरु नै प्रयोग गर्ने नीतिलाई प्राथमिकता दिइनेछ। अत्यावश्यक बाहेक कार्यालय सञ्चालनका लागि भवन भाडामा नलिने नीतिलाई निरन्तरता दिइनेछ।

६३. महानगरपालिकाद्वारा निर्माण हुने पूर्वाधार निर्माण सम्बन्धी कार्यको गुणस्तर परीक्षणको लागि आफ्नै इन्जिनियरिङ्ग प्रयोगशाला (Engineering Laboratory) स्थापना, सञ्चालन तथा व्यवस्थापन गरिनेछ। आफ्नै प्रयोगशाला सञ्चालन नभएसम्म इन्जिनियरिङ्ग अध्ययन संस्थानसँग गुणस्तर परीक्षणमा सहकार्य गरी गुणस्तरको सुनिश्चिताको प्रवन्ध मिलाइनेछ।

६४. सबै वडाहरुमा स्मार्ट सार्वजनिक शौचालय निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ। निर्मित शौचालयहरुको सञ्चालन तथा व्यवस्थापनका लागि छुट्टै प्रवन्ध मिलाइनेछ।

६५. वडा भवन निर्माण हुन बाँकी रहेका वडाहरुको हकमा जग्गाको आवश्यक प्रवन्ध गरी भवन र अन्य संरचना निर्माण तथा पुनर्निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

६६. महानगरपालिकाको आफ्नै सभाहल निर्माणको व्यवस्था मिलाइनेछ। हाल निर्माणाधिन रहेका छ्यासीकोट र महेन्द्र युवालय लगायतका सभाहल छिटो सम्पन्न गर्न आवश्यक पहल र व्यवस्था गरिनेछ।

६७. विद्यालयहरुमा भौतिक पूर्वाधारहरु (कक्षाकोठा, शौचालय, क्यान्टिन, हल तथा घेराबार आदि) को मर्मत सम्भार तथा निर्माण लगायतका कार्य गरी सामुदायिक विद्यालयहरुलाई सुविधायुक्त बनाइनेछ।

६८. महानगरपालिका भित्र जीर्ण अवस्थामा रहेका पुराना भवनहरुलाई प्रवलीकरण सम्बन्धी अध्ययन गरी सोहि प्रतिवेदनका आधारमा प्रवलिकरण गरिनेछ।

६९. २०७२ सालको भूकम्पबाट पूर्णतया क्षति भएको पुल्चोक स्थित जुद्ध वारुणयन्त्रको भवनको यथास्थितिमै पुनर्निर्माण गरी उक्त परिसरमा रहेको दमकल, एम्बुलेन्स, शववाहन र नगर प्रहरी सेवामा प्रयोग हुने सवारी साधनहरुको पार्किङ्ग व्यवस्था गर्न अर्ध-भूमिगत पार्किङ्ग सहितको भवन स्तरोन्नति गरिनेछ।

**<u>घ. खानेपानी तथा ढल व्यवस्थापनः</u>**

७०. खानेपानीका मुहानहरुको संरक्षण, विकास र समुचित प्रयोगका लागि अन्तरपालिका तथा सरोकारवाला निकायहरुको समन्वय र सहकार्यमा स्रोतको पहिचान, संरक्षण र प्रवर्द्धनको व्यवस्था मिलाइनेछ।

७१. परम्परागत पानीका मुहानहरु ढुङ्गेधारा, कुवा, इनार, पोखरी जस्ता स्रोतलाई संरक्षण गर्न विशेष ध्यान दिइनेछ। Groundwater Recharge लाई अभियानको रुपमा अगाडि बढाइनेछ। निजी जग्गामा रहेका पानीका मुहानहरु संरक्षणका लागि त्यस्ता जग्गाहरु महानगरपालिकाले आवश्यक प्रक्रिया पुरा गरी अधिग्रहण गरी मुहान संरक्षण गरिनेछ।

७२. सिम्लेरी खोलाको पानीलाई ललितपुरमा ल्याउने सम्बन्धमा सम्बद्ध निकायहरुको समन्वयमा आवश्यक गृहकार्य गरी कार्यान्वयन गरिनेछ।

६३. Smart Street Light, High Mast Light र सिसिटिभी जडानलाई निरन्तरता दिइनेछ। शहरी सडक बत्ती र सुरक्षाको लागि जडान गरिने सिसिटिभीको गुणस्तर तथा एकरुपता कायम गर्नको लागि सरोकारवाला निकायहरुसँगको समन्वयमा न्युनतम मापदण्ड तयार गरी लागु गरिनेछ।

६४. सिसिटिभी जडान कार्यको लागि माग सङ्कलन गरी एकीकृत रुपमा जडान गर्ने व्यवस्था मिलाईनेछ। सार्वजनिक स्थल र मुख्य सडकहरुमा जडान गर्दा महानगरीय प्रहरी प्रभागसँगको समन्वय तथा सहकार्यमा बिस्तार गर्दै लगिनेछ।

## च. सम्पदा संरक्षणः

६५. ऐतिहासिक र पुरातात्विक सम्पदाहरुको अभिलेखिकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। पुनर्निर्माण/जीर्णोद्धार भएका सम्पदाहरुको भौगोलिक सूचना प्रणाली (GIS) मा अभिलेख राखिनेछ।

६६. सम्पदा अतिक्रमण निरुत्साहित गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

६७. गत आ.व. मा सञ्चालन भई अधुरा रहेका आयोजना र बजेटको कमीले क्रमागत रहेका सम्पदा सम्बन्धी आयोजनाहरु सम्पन्न गर्ने कार्यलाई पहिलो प्राथमिकता दिइनेछ।

६८. भूकम्पबाट क्षति भई पुनर्निर्माण हुन बाँकी रहेका सम्पदाहरुको लगत संकलन गरी क्रमशः पुनर्निर्माण तथा जीर्णोद्धार गरिनेछ।

६९. सम्पदाहरुलाई पुनर्निर्माण गर्दा दशलाख रुपैयाँभन्दा कम लागतका नगरस्तरीय सम्पदा संरक्षणका आयोजनाहरु वडास्तरबाट र सो भन्दा माथिका आयोजनाहरु मात्र नगरस्तरबाट कार्यान्वयन गरिनेछ।

७०. सम्झौता भई सञ्चालन गरिएका आयोजनाहरु सोही आ.व.मा सम्पन्न गर्ने गरी आवश्यक कार्य गरिनेछ।

७१. विश्व सम्पदा संरक्षित स्मारक क्षेत्र/उपक्षेत्र र तोकिएका सम्पदा बस्तीमा निर्माण वा पुनर्निर्माण हुने आवसीय भवनहरु पुरातात्विक मापदण्ड पुरा गरी निर्माण गर्न प्रोत्साहित गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

७२. संरक्षण गरिनु पर्ने सम्पदामा बर्गीकृत निजी आवासीय घर/भवनहरुको तथ्याङ्क अद्यावधिक गरिनेछ। साथै साविककै अवस्थामा मौलिकपन झल्कने गरी पुनर्निर्माण गरिएमा नक्शा पास दस्तुर मिनाहा/छुट गरिनेछ।

७३. QR Code मार्फत सम्पदाको जानकारी सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

७४. संरक्षण कार्यहरुको प्रगति बिवरण, फोटो र दस्तावेज समेटिएको पुस्तक "ललितपुर सम्पदा स्मारिका" तयार पारिनेछ। संरक्षण गरिएका सम्पदा पोखरी, बँगैचा लगायतका सम्पदाहरुको विवरण सहितको स्मारिका प्रकाशनलाई निरन्तरता दिइनेछ। सम्पदा संरक्षण सम्बन्धी फोटो प्रदर्शनीको आयोजना गरिनेछ।

७५. सम्पदा संरक्षण कार्यमा स्थानीय श्रम, सीप र प्रविधिलाई प्राथमिकतालाई दिइनेछ र यस क्षेत्रमा उत्कृष्ट कार्य गर्ने व्यक्ति तथा संस्थालाई सम्मानको व्यवस्था गरिनेछ।

७६. परम्परागत सीपको संरक्षणका लागि स्थानीय कालिगढलाई प्रशिक्षण दिने कार्यलाई निरन्तरता दिइनेछ।

७७. महानगरबाट तालिम प्राप्त गरी सम्पदा संरक्षण कार्यमा संलग्न सीपयुक्त दक्ष जनशक्ति तथा पेशाकर्मीहरुको विवरण सङ्कलन गरी व्यक्तिगत फोटो र सम्पर्क नम्बर सहितको लगत तयार गरी विद्युतीय माध्यमबाट प्रकाशित गरिनेछ।

७८. परम्परागत निर्माण सामग्री काठ, ढुंगा, इँटा आदि उपलब्ध गर्न सम्बन्धित सरोकारवाला निकायहरुमा समन्वय गरिनेछ।

७९. ललितपुर महानगरपालिका वडा नं. २१ खोकना स्थित नेपालमा मात्र नभई दक्षिण एसियामा नै सबैभन्दा पहिलो बिजुली बलेको घरको संरक्षण गर्न अध्ययन गरी हालको मौलिक स्वरुपमा पुनःनिर्माणको लागि पहल गरिनेछ।

८०. सम्पदा अन्तर्गत दह, पोखरी पुननिर्माण र ढुङ्गेधाराहरुको स्रोत व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ। ढुङ्गेधाराको मुहान मात्र नभई प्रणालीलाई नै संरक्षण गर्ने नीति लिइनेछ।

८१. महानगरपालिका भित्र रहेका हिटीहरुको अध्ययन गर्न विद्यालयसँग सहकार्य गरी कक्षा ८-१० का विद्यार्थीहरुलाई Project Work को रुपमा अध्ययन गर्न प्रोत्साहित गरिनेछ।

८२. ललितपुर महानगरपालिकाको कला, सम्पदा पुननिर्माण प्रणाली सम्बन्धी अध्ययन तथा अनुसन्धान कार्य गर्न प्रोत्साहित गरिनेछ। सम्पदा क्षेत्रमा धार्मिक आस्था, परम्परा अनुरुप चढाइने सामाग्री बाहेक जथाभावी र मनोमानी ढंङ्गले साविकमा भएका भन्दा बाहेकका संरचना र सामानहरु थपेर सम्पदा क्षेत्रलाई कुरुप बनाउने कार्यलाई निषेध गरिनेछ ।

## छ. नगर गौरव आयोजनाः

८३. लगनखेल स्थित ससपाताल, पलेस्वा र न्हू पोखरी निर्माण तथा पुनर्भरण कार्यलाई निरन्तरता दिईनेछ। साथै पोखरी भर्ने प्रयोजनार्थ निर्माण गरिने ऐतिहासिक राजकुलो निर्माण सम्बन्धमा गोदावरी नगरपालिकासँग समेत समन्वय तथा सहकार्य गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

८४. पाटन दरबार स्क्वायर तथा बुङ्गमति स्थित मछिन्द्रनाथ मन्दिर परिसरमा तेलीया इँटा छाप्ने कार्यलाई निरन्तरता दिईनेछ।

८५. नख्खु खोला सौन्दर्यकरण तथा सुधार योजना लगायत अन्य क्षेत्र समेतको व्यवस्थित शहरीकरणका लागि जग्गा एकीकरण कार्यक्रम (Land Pooling) को सम्भाव्यता अध्ययन (Feasibility Study) तथा विस्तृत अध्ययन प्रतिवेदन (Detailed Project Report) गरी कार्यान्वयन गरिनेछ।

८६. सार्वजनिक पार्क, पोखरी लगायतका स्थानहरूमा Transparent Green Fence निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

८७. पाटन दरबार स्क्वायर, मंगलबजारमा पैदलयात्री तथा साईकल यात्रीहरूलाई प्राथमिकता दिईनेछ। साथै नमुना तथा परीक्षणको रुपमा उक्त क्षेत्रलाई "Vehicle Free Zone" घोषणा गरी कार्यान्वयनमा ल्याईनेछ।

## ज. शहरी व्यवस्थापन तथा विकासः

८८. भवन निर्माण मापदण्ड र भवन संहिता पालनालाई थप प्रभावकारी बनाउन भवन निर्माण कार्यविधि २०८१ को प्रभावकारी कार्यान्वयन गरिनेछ।

८९. भवन निर्माण मापदण्ड, भवन संहिता र भवन निर्माण कार्यविधि पालना सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

९०. सार्वजनिक जग्गाको लगत सङ्कलन तथा सिमाङ्कन गरी सार्वजनिक जग्गा संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

९१. महानगरलाई पर्यायवरण मैत्री बनाउन पुरानो शहरी क्षेत्रमा सम्भव भए मात्र र सो बाहेकका अन्य क्षेत्रमा Septic Tank, Soak Pit, Ground Recharge Pit, Fire Extinguisher र कम्तीमा २ वटा रुख भएमा मात्र निर्माण सम्पन्न प्रमाण पत्र दिने नीतिलाई निरन्तरता दिइनेछ।

९२. नक्सा पासमा प्रयोग हुँदै आएको e-BPS प्रणालीमा सुधार गर्नुको साथै Digital Signature अन्तर्गत Less-Paper Work प्रविधिलाई निरन्तरता दिइनेछ।

९३. Metric Addressing System मा आधारित घर नं. वितरणलाई निरन्तरता दिनुका साथै भवन अभिलेखीकरण र राजस्व सङ्कलन प्रक्रियामा समेत जोडिनेछ।

९४. महानगर क्षेत्रभित्र १४ मिटरसम्मका सडकले छोएका जग्गामा निर्माण हुने सबै प्रकारको भवनहरूमा भवन निर्माण मापदण्ड, २०६४ को व्यापारिक उपक्षेत्र अनुसार भूमिगत पार्किङ व्यवस्था गर्नुपर्ने नीतिलाई निरन्तरता दिइनेछ। तर जग्गाको मोहडा ४ मिटर भन्दा कम रहेको हकमा भूमिगत पार्किङको व्यवस्था अनिवार्य गरिने छैन।

९५. व्यापारिक प्रयोजनमा निर्माण गरिने दुई तल्लासम्मका Steel Structure का संरचनालाई अस्थायी प्रकृतिको संरचना मानी भूमिगत तल्ला अनिवार्य नगरिने नीति लिइनेछ तर मापदण्ड अनुसारको पार्किङको व्यवस्थालाई अनिवार्य गरिनेछ।

९६. Double Basement Structure निर्माण गर्दा सधियारको संरचनाको जोखिमलाई न्यूनीकरण गर्न अस्थायी नक्सा स्वीकृत हुनु पूर्व बीमा सम्बन्धी कागजात पेश गर्ने नीतिलाई निरन्तरता दिइनेछ। यस प्रकृतिको संरचनाको हकमा सधियार तर्फको Set Back-३.० मिटर हुनुपर्ने व्यवस्थालाई समेत निरन्तरता दिईनेछ।

९७. शहरको सौन्दर्यीकरणको लागि अव्यवस्थित रुपमा रहेको तारहरुलाई वडा कार्यालय र सरोकारवाला निकायको समन्वयमा व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

९८. विद्यमान GLD तथा Land Use Map लाई डिजिटल प्रविधिमा समेत क्रमश: अद्यावधिक गर्दै लगिनेछ। GLD मा परेको बाटो खोल्न सबै जग्गाधनीहरूको अनिवार्य सहमति र वडा कार्यालयको सिफारिसमा सिमाङ्कन गर्ने कार्यलाई निरन्तरता दिइनेछ। साना प्रकृतिका समुदायस्तरमा नै Land Pooling कार्यान्वयन गर्न सकिने क्षेत्रहरुको पहिचान गरी Land Pooling को अवधारणा अनुसार कार्य गर्ने नीति लिइनेछ ।

९९. महानगरपालिकामा नयाँ निर्माण, मर्मत वा प्रवलीकरण हुने भवनहरूमा ऊर्जा खपत कम गरी भवनलाई ऊर्जा प्रभावकारी बनाउन र जलवायु अनुकूल डिजाइनलाई प्रोत्साहनको लागि कार्यविधि बनाई नक्सा पास प्रक्रियामा समेत समावेश गर्ने व्यवस्था लागु गरिनेछ। साथै यस सम्बन्धमा क्षमता विकास तथा सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरी पुनर्निर्माण समेत सहयोग गरिनेछ।

१००. नक्सा पास नगरी तथा भवन निर्माण मापदण्ड विपरित निर्माण गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न नगर प्रहरी बलसँगको समन्वयमा त्यस्ता संरचनाहरूको निर्माणमा रोक लगाउने नीतिलाई निरन्तरता दिइनेछ।

१०१. सम्पदा क्षेत्रका घरहरूको ऐतिहासिकता, वास्तुकला साथै कलात्मक स्वरूप खण्डित नभएका भवनहरूको सूचीकरण गरी बहुमूल्य सम्पत्तिको रुपमा संरक्षणका लागि अध्ययन गरिनेछ।

१०२. नक्सा पास प्रक्रियामा सरलता ल्याउन तथा सिमाना विवादलाई न्यूनीकरण गर्न नापी कार्यालय, ललितपुरबाट हुँदै गरेको हालसाबिक कार्यलाई वडा कार्यालयबाट नापी कार्यालयसँग समन्वय गरी छिटो छरितो गर्न सहयोग र सहकार्य गरिनेछ।

१०३. सम्पदा मैत्री तथा पुरानो मौलिकता झल्किने गरी एकै प्रकृतिका भवनहरु (Plinth को उचाई, तल्लाको उचाई, भवनको उचाई, बाटोतर्फको फसाद, दाँया/बाँयाको भवनसँग लम्बाई मिलेको) निर्माण गर्न सकिने बाटो/चोकको पहिचान गर्न अध्ययन गरिनेछ ।

१०४. निर्माण सम्पन्न भवन नियमित/अभिलेखीकरण ऐन,२०८१, भवन निर्माण कार्यविधि २०८१ विद्युतीय प्रणाली e-BPS, Digital Structure र अभिलेखीकरण बारे तालिम तथा अभिमुखीकरणको माध्यमबाट सम्बन्धित सबैको क्षमता अभिवृद्धि गरिनेछ।

१०५. स्थायी नक्सा पास भएको २ बर्ष व्यतित भएको ६ महिनाभित्र र सो समयभित्र निर्माण सम्पन्न गर्न असमर्थ भई म्याद थप भएको हकमा स्थायी नक्सा पास भएको बढीमा ४ बर्ष व्यतित भएको ६ महिनाभित्र भवन निर्माण सम्पन्न प्रमाणपत्र नलिएको खण्डमा दण्ड/ जरिवाना लिई भवन निर्माण सम्पन्न प्रदान गर्ने नीति लिइनेछ ।

१०६. भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ अनुसार भूउपयोग क्षेत्र वर्गीकरण तथा नक्साङ्कन गर्ने नीति लिइनेछ ।

१०७. सार्वजनिक जग्गामा रहेका पाटी पौवा लगायतका संरचना अनधिकृत रुपमा प्रयोग गर्ने वा भाडामा दिई सञ्चालन गर्ने कार्यलाई निरुत्साहित गरिनेछ।

## झ. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन:

१०८. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यका लागि जोखिम क्षेत्रको पहिचान तथा नक्साङ्कन गरिनेछ। साथै विपद्को समयमा प्रयोग गर्न सकिने किसिमका खुला क्षेत्र तथा भवनहरुको पहिचान गरी सहज आश्रयस्थलको रुपमा उपयोग गर्ने गरी व्यवस्था मिलाइनेछ।

१०९. विपद् व्यवस्थापनसँग सम्बन्धित सेवालाई छिटो छरितो एवम् द्रुत रुपमा प्रवाह गर्न महानगरपालिका स्थित DRR Center को समन्वयमा रहने गरी विभिन्न स्थानमा DRR subcenter स्थापना र सञ्चालन गरिनेछ।

११०. स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र DRR subcenter हरुमा सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रणाली स्थापना गरी विपद् प्रतिकार्यलाई वैज्ञानिक एवम् प्रभावकारी रुपले अगाडि बढाइनुका साथै पुल्चोक स्थित विपद् आपतकालिन कार्यसञ्चालन केन्द्रलाई थप प्रविधि मैत्री बनाउँदै लगिनेछ। विपद् व्यवस्थापन कार्यमा पूर्व चेतावनी (early warning) प्रणालीको समेत थालनी गरिनेछ।

१११. विपद् व्यवस्थापन कार्यमा श्रोत, साधन, जनशक्ति, र सूचना संयन्त्रलाई समन्वयात्मक रुपमा एउटै छाना मुनि (Under one roof system) बाट परिचालन गरिनेछ। Patan city doesn't sleep भन्ने अवधारणा लाई विपद् व्यवस्थापनमा समेत लागु गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

११२. जुद्धवारुण यन्त्रको स्तरोन्नती एवम् शाखा विस्तार गरी यसमा संलग्न जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ। दमकल पुग्न नसक्ने स्थानमा वैकल्पिक उपायहरु अवलम्बन गरिनेछ।

११३. स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा (Local Disaster and Climate Resilence Framework LDCRF) निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

११४. विपद् व्यवस्थापनको क्षेत्रमा सरोकारवाला निकायहरु (सेना, प्रहरी, सशस्त्र प्रहरी, सरकारी तथा गैरसरकारी संघ संस्थाहरु तथा अस्पताल) सँग समन्वय र सहकार्य गरिनेछ।

११५. पर्यटकीय क्षेत्रमा Disaster Evacuation Route पहिचान गरी सो को संरक्षण सुधार तथा प्रयोग गर्न आवश्यक व्यवस्थापकीय कार्यहरु गरिनेछ ।

११६. विपद् व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित बनाउन Information Education and Communication (IEC) Strategy अवलम्बन गरिनेछ।

११७. विपद् व्यवस्थापन सम्बन्धी तालिम, गोष्ठी, जनसचेतनामूलक कार्यक्रम, अध्ययन अवलोकन भ्रमण, प्रशिक्षण कार्यक्रम, कृत्रिम घटना अभ्यास लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिनुका साथै उक्त कार्य सरोकारवाला निकायहरुसँगको समन्वय र सहकार्यमा सञ्चालन गरिनेछ।

११८. सडक दुर्घटनाका कारण मृत्यु र घाईते हुनेको संङ्ख्या ज्यादै बढेकोले यस्ता दुर्घटना न्यून गर्ने खालका कार्यक्रम सञ्चालन तथा उपकरणहरु जडान गरिनेछ।

११९. महानगरपालिकाका सबै जनप्रतिनिधिहरुलाई विपद् सम्बन्धी सचेतना अभिवृद्धि गर्ने उद्देश्यले विपद् पुर्वतयारी, विपद् प्रतिकार्य तथा विपद् पुर्नस्थापना गर्न सक्ने गरी भविष्यमा आउन सक्ने विपद्को जोखिम न्यूनीकरणका लागि विपद् व्यवस्थापन सम्बन्धी विज्ञहरुबाट अभिमुखिकरण कार्यक्रम/ तालिम सञ्चालन गरिनेछ।

१२०. समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई आधार मानि कार्यक्रम सञ्चालन गरिनेछ। साथै हरेक वडामा विपद् स्वयंसेवक समूह गठन गरी आवश्यकतानुसारको तालिम प्रदान गरिनेछ।चालु आ.व. दिइएको विपद् स्वयंसेवक तालिममा भाग लिएका स्वयंसेवकहरुलाई विपद् उद्धार तथा व्यवस्थापनका लागि परिचालन गरिनेछ। विपद्को समयमा खोज उद्धार कार्यमा खटिने स्वयंसेवकहरुलाई प्रोत्साहन स्वरुप उचित पारिश्रमिक/ सुविधा दिइनेछ।

१२१. घना वस्तीहरुमा आगलागीका घटना तत्काल नियन्त्रण गर्न भूमिगत पानी ट्याङ्की र Fire Hydrant निर्माणलाई प्राथमिकता दिइनेछ।

१२२. महानगरपालिका कार्यालय भवन, वडा कार्यालय भवन लगायत विपद् सम्वद्ध कार्यालयहरुमा Emergency Evacuation and Response Plan बनाउने र सोही योजना अनुरुप कार्यालयका कर्मचारीहरुलाई समेत पुर्वाभ्यास गराइनेछ।

१२३. विपद् व्यवस्थापनतर्फ भए गरेका कार्य प्रगतिहरुलाई वार्षिक रुपमा प्रकाशन हुने विपद् पुस्तिकामा अभिलेख गरिनेछ।

१२४. वडा कार्यालयहरुमा विपद् खोज तथा उद्धारका सामाग्रीहरुको भण्डारण तथा सोको व्यवस्थित परिचालनको लागि पाँचवटा सबसेन्टरहरुसँग जोडिनेछ र खोज तथा उद्धार सामाग्रीहरुको उपलब्धता र आवश्यकताका सम्वन्धमा महानगरपालिकाबाट अनुगमन गरिनेछ।

१२५. आगलागीको तथ्याङ्क हेर्दा विद्युतीय गडवडीबाट हुने आगलागीको सङ्ख्या बढी रहेको देखिएकोले विद्युतीय चुहावट तथा गडवडीबाट हुने आगलागी न्यूनीकरणका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै जोखिम न्यूनीकरण गर्न समुदाय स्तरमा जनसचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१२६. विपद् खोज तथा उद्धार कार्यमा खटिने तालिम प्राप्त स्वयं सेवकहरुलाई प्रोत्साहित गर्ने उद्देश्यले जीवन जोखिम बीमा, पोशाक, परिचय कार्डको व्यवस्था मिलाईनेछ। यसका लागि आवश्यक

अध्ययन गरिनेछ। विपद् जोखिम न्यूनीकरण, उद्दार र व्यवस्थापनका लागि नगर प्रहरी फायरमेन लागयतका जनशक्तिलाई सो सम्बन्धी तालिम दिइनेछ।

१२७. विद्यालय स्तरमा विपद् जोखिम न्यूनीकरणका लागि जनसचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमहरुलाई महत्वका साथ सञ्चालन गरिनेछ।

१२८. महानगरपालिका स्थित वडा नं. ८ र २२ मा रहेका विपद् आपतकालिन कार्यसञ्चालन केन्द्रमा आवश्यक विपद् खोज तथा उद्धारका सामाग्रीहरुको व्यवस्थापन एवम् म्याद नाघेका औषधीजन्य सामाग्रीहरुको प्रतिस्थापन गरी चुस्त दुरुस्त र व्यवस्थित रुपमा राखिनेछ।

१२९. विपद्को समयमा मानवीय सम्वेदनशिलतालाई प्राथमिकता दिदैं छिमेकी पालिका तथा अन्य पालिकाहरुमा आवश्यक सहयोग उपलब्ध गराइनेछ।

## ञ. वन तथा वातावरण व्यवस्थापनः

१३०. जलवायु परिवर्तन अनुकुलन, वायु गुणस्तरमा सुधार तथा हरित नीति बनाई लागु गर्न विज्ञ सहितको प्राविधिक समिति गठन गरिनेछ ।

१३१. जलवायु परिवर्तन अनुकुलन कार्यक्रमहरु सञ्चालन गरिनेछ। भौतिक पूर्वाधार निर्माणमा प्रकृति आधारित रहि निर्माण गर्ने नीतिलाई प्रोत्साहित गरिनेछ।

१३२. प्रत्येक वर्ष एक हजार बोट बिरुवा बृक्षारोपणका लागि संघ संस्था, बैंक र व्यापारिक प्रतिष्ठानसँग सहकार्य गरिनेछ। बृक्षारोपण गर्दा नेपालमा पाइने रैथाने बिरुवालाई प्राथमिकता दिइनेछ । विपद्को सम्भावित क्षेत्र नदी किनारा र भूक्षय हुने स्थानमा भौगोलिक विविधताका आधारमा बृक्षारोपण गरिनेछ।

१३३. महानगरपालिका क्षेत्रभित्र हरियाली प्रवर्द्धन गर्दै पार्क निर्माण तथा सोको संरक्षण गर्ने तथा भूःक्षय नियन्त्रण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिबाट हस्तान्तरण भएको बागमती कोरिडोरलाई सौन्दर्यीकरण गर्दै लगिनेछ।

१३४. नवीकरणीय उर्जा प्रवर्द्धन तथा प्रोत्साहन गर्ने नीति लिइनेछ। नगर क्षेत्रभित्र विघुतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहित गरिनेछ। वातावरण प्रदुषण नहुने साइकलको प्रयोगमा वृद्धि गर्न आवश्यक साइकल स्टाण्डको स्थापना तथा साइकल साझेदारी कार्यक्रमको शुरुवात गरिनेछ।

१३५. आकाशेपानी पुःन भरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३६. अपार्टमेन्ट हाउजिङ्ग, व्यापारिक भवन तथा सामुहिक आवास निर्माण गर्दा अनिवार्य रुपमा Environment Impact assessment (EIA)/Initial Environmental Examination/Brief Environment Study गनु पर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१३७. ४० माइक्रोनभन्दा कमका प्लाष्टिकका झोला-प्लाष्टिकका फुलहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ। विकल्पको रुपमा फाइवर, कपडा, कागज वा स्टार्च लगायतका वातावरण मैत्री सामाग्री प्रयोग भएका झोला उत्पादनका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१३८. उपयुक्त स्थानमाहरुमा प्रदुषण मापन यन्त्र जडान गरी नियमित अनुगमनको व्यवस्था गरिनेछ । महानगर भित्र खुल्ला आगो बाल्न निषेध गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१३९. वायु प्रदुषण मापन, तथ्याङ्क अपडेट र वायु प्रदुषण कम गर्न पेट्रोल/डिजेलबाट चल्ने सवारी साधन लाई विद्युतीय सवारी साधनमा प्रतिस्थापन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

## ट. सरसफाई तथा फोहरमैला व्यवस्थापनः

१४०. महानगर क्षेत्रभित्रबाट दैनिक फोहरमैला उत्पादन तथा उत्पादन हुने क्षेत्र समेत वृद्धि भईरहेकोले अस्थायी ट्रान्सफर स्टेशन थप स्थानमा स्थापना र सञ्चालन गरिनेछ।

१४१. फोहरमैला व्यवस्थापनमा प्रयोग हुने सवारी साधनहरुको पार्किङ्ग र मर्मतको लागि पार्किङ्ग सहितको यान्त्रिक कार्यशाला स्थापना गरिनेछ।

१४२. फोहरमैला वर्गीकरण प्लान्ट र कम्पोष्ट प्लान्ट स्थापनाका लागि सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ।

१४३. ढलको फोहर पानी प्रशोधन तथा दिसाजन्य लेदोको प्रशोधनका लागि प्रशोधन केन्द्रको स्थापनालाई प्राथमिकता दिइनेछ। अस्पताल र उद्योगहरुबाट उत्सर्जन हुने हानीकारक फोहर सिधै ढलमा मिसाउने कार्यलाई निषेध गरिनेछ।

१४४. फोहरमैला श्रोतमै व्यवस्थापन, वर्गीकरण, कम्पोष्टिङ्ग तथा पुनःप्रयोगमा ल्याउन जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। यस सम्वन्धी विषयवस्तुलाई विद्यालय स्तरमा अध्ययन गर्ने व्यवस्था मिलाइनेछ।

१४५. फोहरमैला श्रोतमै व्यवस्थापन, वर्गीकरण, कम्पोष्टिङ्ग तथा पुनःप्रयोगमा ल्याउन जनचेतनामूलक कार्यक्रम सञ्चालन लागि महिला समूहहरुलाई अधिकतम परिचालन गर्ने व्यवस्था गरिनेछ। सो कार्यको लागि आवश्यक पर्ने प्लाष्टिकका बाल्टिन र कम्पोष्ट बिन सहुलियत दरमा वडा कार्यालयहरुबाट वितरण गरिनेछ। यस कार्यमा उत्कृष्ट कार्य गर्ने वडा कार्यालय र समूहलाई पुरस्कृत गरिनेछ।

१४६. मृत चौपाया तथा बेवारिसे लास व्यवस्थापनको लागि क्रियाशिल संघसंस्थाहरुसँगको सहकार्यमा व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१४७. महानगरभित्र विभिन्न स्थानमा फोहरमैला अव्यवस्थित थुपार्ने तथा रातिको समयमा फोहर फाल्ने कामलाई निरुत्साहित गर्न सिसिटिभीको माध्यमबाट अनुगमन गरिने र नगर प्रहरीहरुलाई समेत अनुगमनका लागि परिचालन गरिनेछ।

१४८. महानगरपालिका कार्यालय, शाखा, उपशाखा, इकाई तथा वडा कार्यालयहरुमा फोहरमैला वर्गीकरणका लागि बिनहरु राखिनेछ।

१४९. फोहरमैला व्यवस्थापनमा पुराना प्रविधिका उपकरण तथा साधनहरुलाई आधुनिक प्रविधिका उपकरण तथा साधनहरुद्वारा विस्थापित गर्दै लगिनेछ।

१५०. सबै वडा कार्यालयहरुबाट सरसफाई तथा फोहरमैला सङ्कलन वर्गीकरण र ढुवानी गर्ने व्यवस्थाका लागि कार्यविधि तर्जुमा गरी लागु गरिनेछ। साथै वडा कार्यालयहरुमा फोहरमैला सङ्कलनका लागि जनशक्ति र उपकरणहरु सहित साधन स्रोतको व्यवस्था गरिनेछ।

१५१. फोहरमैला व्यवस्थापनका आधुनिक प्रविधिहरुको अध्ययन तथा स्थापना सम्भाव्यताका अध्ययन अवलोकन भ्रमण गर्ने व्यवस्था मिलाईनेछ।

१५२. LMC Garbage Alert App र सवारी साधनमा जडान गरिएको GPS प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

ठ. शिक्षाः

१५३. विद्यार्थीको सिकाइमा अभिभावकहरूको प्रत्यक्ष संलग्नता रहने हुँदा अभिभावक शिक्षा कार्यक्रमलाई निरन्तरता दिँदै महानगरमा अभियानका रुपमा सञ्चालन गरिनेछ।

१५४. शैक्षिक सत्र २०८२ लाई शैक्षिक उन्नयन वर्षको रुपमा मनाइने छ। विद्यालय तहका २०८१ को परीक्षाको नतिजालाई आधार वर्ष मानी लक्ष्यमा आधारित रही साविकको नतिजामा कम्तीमा ५ प्रतिशत थप सिकाइ सुधार गर्दै जाने नीति अवलम्वन गरिनेछ।

१५५. महानगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा २०८२ को शैक्षिक तथ्याङ्कका आधारमा विद्यार्थी र शिक्षकको अनुपातलाई दृष्टिगत गरी आवश्कयता र औचित्यताको आधारमा शिक्षक दरबन्दी मिलान गर्ने, विषयगत दरबन्दी मिलान गर्ने, तह घटाउने तथा विद्यालय एकीकरण गर्ने नीति अवलम्बन गरिनेछ। दरवन्दी मिलान पश्चात विद्यालयमा आवश्यक हुने विषयगत दरवन्दीमा महानगरपालिकाद्वारा स्वयंसेवक शिक्षकको रुपमा (शिक्षक बैंक) थप शिक्षकको व्यवस्थापन गरिनेछ। महानगरपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत कुनै शिक्षक तथा कर्मचारीका सम्बन्धमा विद्यालय व्यवस्थापन समिति, सम्बन्धित वडा कार्यालय, तथा अन्य निकायबाट गुनासो तथा उजुरी प्राप्त हुन आई सो उपर छानविन गर्दा दोषी देखिएमा त्यस्ता शिक्षक तथा कर्मचारीलाई अन्य विद्यालयमा व्यवस्थापन गरिनेछ।

१५६. महानगरपालिका क्षेत्रभित्र सञ्चालित बालविकास केन्द्रहरुको नक्साङ्कन गरी बालविकास केन्द्रलाई एकीकरण तथा सुदृढीकरण गरिनेछ। महानगरभित्र सञ्चालित कम्तीमा ५ वटा शिशु स्याहार केन्द्रहरुलाई नमुनाका रुपमा सञ्चालन गरिनेछ। बालविकास केन्द्र र शिशु स्याहार केन्द्रका लागि आवश्यक थप सामग्री व्यवस्थापनका लागि अनुदानको व्यवस्था मिलाइनेछ।

१५७. महानगर भित्र सञ्चालित विद्यालयहरुमा "हरित विद्यालय" तथा "विद्यालय बँगैचा" कार्यक्रमलाई निरन्तरता दिइनेछ। विद्यालयहरुमा सञ्चालित हरित विद्यालय कार्यक्रमलाई प्रतिस्पर्धी बनाई उत्कृष्ट रुपमा सञ्चालन गर्ने ३ वटा विद्यालयहरुलाई महानगर स्थापना दिवसका अवसरमा नगद तथा प्रमाण पत्र सहित पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ।

१५८. विद्यालयहरुमा प्रत्येक शुक्रवारका दिन सञ्चालन गर्ने अतिरिक्त क्रियाकलाप तथा सहक्रियाकलापलाई योजनावद्धरुपमा सञ्चालन गर्दै महानगरस्तरीय प्रतिस्पर्धा गराई प्रतिष्पर्धा विधामा उत्कृष्ट स्थान हासिल गर्ने विद्यार्थी र विद्यालयलाई पुरस्कार सहित प्रमाणपत्र प्रदान गरिनेछ। विद्यालय स्तरमा हुने खेलकुद प्रतियोगिता एवम् स्काउटका साथै विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि सञ्चालन हुँदै आएका कार्यक्रमहरुलाई प्रोत्साहन गर्दै लगिनेछ। रनिङ शिल्ड प्रतियोगितालाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। यस किसिमका क्रियाकलापमा खेलकुद, सङ्गीत, नृत्य सम्बन्धी प्रशिक्षणको लागि स्वयंसेवक शिक्षकको समेत व्यवस्था गरिनेछ।

१५९. विद्यालय र विद्यार्थीहरुको सम्पदा संरक्षणमा प्रत्यक्ष भूमिका रहने गरी "एक विद्यालय एक सम्पदा" संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ। सम्पदा संरक्षणमा उत्कृष्ट भूमिका निर्वाह गर्ने विद्यालयलाई पुरस्कृत गरिनेछ।

१६०. महानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको नियमित अनुगमन तथा निरीक्षण कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न प्रविधिमा आधारित डिजिटल अनुगमन प्रणालीको विकास गरिनेछ।

१६१. सामुदायिक विद्यालय तथा समुदायमा आधारित बालबिकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीहरुलाई महानगरपालिकाद्वारा थप गरिएको पारिश्रमिकलाई निरन्तरता दिइनेछ।

१६२. सामुदायिक तथा संस्थागत विद्यालयहरुको कक्षा ८, ९ र १० मा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरी योजनावद्ध वृत्ति विकासका लागि विद्यालयहरुमा वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन गरिनेछ।

१६३. परम्परागत, ऐतिहासिक, सम्पदा, संस्कृति तथा रहन सहनलाई समावेश गरी अगामी शैक्षिक सत्रदेखि कक्षा ५ सम्म स्थानीय पाठ्यक्रम (नेपाल भाषा)मा अध्ययन गर्ने व्यवस्था मिलाइनेछ। यसका लागि नेपाल भाषा शिक्षणका लागि छनौट भई विद्यालयहरुमा कार्यरत जनशक्तिहरुलाई निरन्तरता दिइनेछ। महानगरपालिकाद्वारा प्रकाशित सडक सुरक्षा शिक्षा पुस्तकलाई सन्दर्भ सामग्रीका रुपमा प्रयोग गरिनेछ।

१६४. नागरिकलाई नैतिकवान, स्वावलम्वी बनाउन एवम् असल समाज र चरित्र निर्माण गर्न महानगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुमा संस्कृत भाषा, परियत्ति शिक्षा, नैतिक तथा संस्कारयुक्त शिक्षाको पठनपाठन गरी कला, संस्कृति र सम्पदाको संरक्षणमा विशेष जोड दिइनेछ।

१६५. हाल सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुलाई वडा कार्यालयहरुसँग आवद्ध गरी कार्यक्षेत्र विस्तार गरिनेछ। २०८५ साल भित्र प्रत्येक नागरिकले आधारभूत तहको शिक्षा पुरा गर्ने व्यवस्था मिलाउन यसवर्ष सामुदायिक सिकाइ केन्द्र मार्फत तथ्याङ्क सङ्कलन गरिनेछ।

साक्षरताको सर्वेक्षण लगायत अनौपचारिक तथा निरन्तर शिक्षाका कार्यक्रमहरू आवश्यकताका आधारमा सञ्चालन गरिनेछ। साथै सामुदायिक अध्ययन केन्द्रहरूको संस्थागत सुदृढीकरण गर्दै लगिनेछ।

१६६. नेपाल सरकारद्वारा सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि दैनिक उपस्थितिका आधारमा प्रदान गर्दै आएको दिवा खाजा कार्यक्रममा (कक्षा १-५) मा थप गरिएको रकमलाई निरन्तरता दिइनेछ।

१६७. महानगरपालिका भित्र सञ्चालित संस्थागत विद्यालयहरू मध्ये "क" श्रेणीका विशेष सुविधायुक्त विद्यालयहरुले प्रदान गर्ने सामाजिक उत्तरदायित्व सम्बन्धी योगदानलाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ। साथै संस्थागत विद्यालयहरुको स्तरीकरण गरी शुल्क निर्धारणलाई व्यवस्थित गरिनेछ।

१६८. महानगरभित्र सञ्चालित सामुदायिक कलेजलांई प्रदान गरिदैं आएको एकमुष्ट रकम अनुदानलाई निरन्तरता दिइनेछ।कक्षा ११-१२ सञ्चालित साविकको उच्च माध्यमिक दरबन्दी नभएका सामुदायिक विद्यालयहरुलाई कम्तीमा १ शिक्षक दरबन्दी बराबरको रकम अनुदानको रुपमा उपलब्ध गराईनेछ।

१६९. सामुदायिक विद्यालयका शिक्षकहरुको क्षमता विकास गरी शैक्षिक गुणस्तर अभिवृद्धिमा जोड दिइनेछ। साथै STEAM, कोडिङ लगायत अन्य शिक्षक तालिम कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालन गरिनेछ।

१७०. संस्थागत तथा सामुदायिक विद्यालयहरुको शैक्षणिक पद्धति र गुणस्तर समेतलाई एक आपसमा अनुभव आदान प्रदान गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै खेलकुद संरचनाहरुलाई पनि एक आपसमा उपयोग गर्ने नीति लिईनेछ।

१७१. विपद् तथा भूकम्पीय जोखिमलाई न्यूनीकरण गर्न महानगर अन्तर्गतका विद्यालयहरुमा सचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१७२. विद्यालयमा कार्यरत महिला शिक्षक तथा कर्मचारीहरु प्रसुति भएको अवस्थामा पठन पाठन र प्रशासनिक कार्यमा सहजताका लागि नियमानुसार प्रसुति बिदामा रहेको समयमा सट्टा शिक्षक तथा कर्मचारीको व्यवस्था गरिनेछ।

१७३. संस्थागत विद्यालयहरुले प्रदान गर्ने छात्रवृत्तिलाई विश्वसनीय, पारदर्शी एवम् अनुमानयोग्य हुनेगरी व्यवस्थित गरिनेछ।

१७४. डिजिटल लर्निङ प्लेटफर्म MY SECOND TEACHER मार्फत माध्यमिक तहको शैक्षिक गुणस्तर अभिवृद्धिको कार्यक्रम सञ्चालन गरिनेछ। साथै एसइइ र एसएलसी परीक्षामा सहभागी हुने सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि बिदाको समयमा समेत अतिरिक्त कक्षा सञ्चालनको प्रबन्ध गरिनेछ।

१७४. महानगरस्तरीय आधारभूत तह उत्तीर्ण परीक्षालाई मर्यादित व्यवस्थित र प्रभावकारी बनाइनेछ। साथै आगामी शैक्षिक सत्रदेखि कक्षा ५ को अन्तिम मूल्याङ्कन महानगरपालिकाबाट गर्ने व्यवस्था मिलाइने छ।

१७६. महानगरपालिका भित्र सञ्चालित माध्यमिक विद्यालयहरुमा प्रत्येक महिनाको अन्तिम शुक्रवार स्थानीय तह, जिल्ला प्रशासन कार्यालय र अन्य निकायहरुले जनतालाई प्रदान गर्ने सेवा सुविधा तथा बिभिन्न सेवा आयोगमा प्रवेश गर्ने विधि प्रक्रियाका बारेमा सुसूचित गर्ने उद्देश्यले विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन गर्ने व्यवस्था गरिनेछ।

१७७. महानगरपालिका भित्र रहेका बेरोजगार युवाहरुलाई प्राविधिक तथा व्यवसायिक सीप प्रदान गरी बजारको माग अनुसार रोजगारीमा जोड्न र आत्मनिर्भर बनाउन प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) को पाठ्यक्रममा आधारित छोटो अवधिको तालिमहरु क्रमशः सञ्चालन गर्दै लगिनेछ।

१७८. सामुदायिक विद्यालहरुमा पढ्दै, रमाउँदै, कमाउँदै कार्यक्रम सञ्चालन गरिनेछ ।

१७९. शिक्षक, अभिभावक र वडाबिचको समझदारीमा स्थानीय विद्यार्थीहरुलाई सामुदायिक विद्यालयमा आवद्धता हुने गरी कार्यक्रम ल्याइनेछ।

ङ. स्वास्थ्यः

१८०. महानगरपालिका भित्रका ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरु, अपाङ्गता भएका व्यक्तिहरुको लागि सञ्चालनमा रहेको स्वास्थ्य उपचार सम्बन्धी **"जेष्ठ नागरिकसँग महानगर"** कार्यक्रममा निःशुल्क थेरापी सेवा समेत विस्तार गरी निरन्तरता दिइनेछ।

१८१. महानगरपालिकामा स्थायी रुपले बसोबास गर्ने ६८ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरुलाई निमोनिया रोग विरुद्धको खोप दिने व्यवस्थालाई निरन्तरता दिइनेछ। पूर्ण खोप तथा दिगोपना सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१८२. नागरिकलाई सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन प्रथम सेवा विन्दुको रुपमा रहने गरी स्वास्थ्य सेवा केन्द्र विस्तार गरिनेछ।

१८३. स्थानीयवासीको हकमा स्वास्थ्य बीमा नवीकरण बापतको रकमको ४० प्रतिशत रकम र लक्षित समुह (एकल महिला, सवारी चालक, नगर प्रहरी, सरसफाईकर्मी, टोल स्वास्थ्य उत्प्रेरक) को स्वास्थ्य बीमाको प्रिमियम/नवीकरण बापतको रकम दोहोरो नपर्ने गरी महानगरपालिकाबाट व्यहोर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ। साथै वडास्तरबाट विनियोजित बजेटको सीमा भित्र रही आवश्यकता र औचित्यताको आधारमा स्वास्थ्य बीमा कार्यक्रममा स्थानीयबासीको प्रिमियमको निश्चित रकम व्यहोर्न सक्ने व्यवस्था समेतलाई निरन्तरता दिइनेछ।

१८४. महानगरपालिकाबाट र वडास्तरबाट हाल सञ्चालित स्वास्थ्य संस्थाहरुले उपलब्ध गराएको सेवा लगायतका विषयमा पुनरावलोकन गरी आवश्यक्ता र औचित्यताका आधारमा स्वास्थ्य

१९८. महानगरपालिका भित्रका नागरिकलाई सर्वसुलभ गुणस्तरीय र पहुँच योग्य स्वास्थ्य सेवा प्रदान गर्न नगर स्वास्थ्य नीति लागु गरिनेछ।

१९९. महानगर अन्तर्गतका स्वास्थ्य संस्थाबाट उत्पन्न हुने चिकित्साजन्य फोहोरको समुचित व्यवस्थापनको नीतिलाई निरन्तरता दिइनेछ।

२००. महानगरपालिकाभित्र आईपर्ने स्वास्थ्य महामारी तथा संक्रामक रोगहरु नियन्त्रणका लागि सचेतना कार्यक्रम सञ्चालन गर्नुका साथै Rapid Response Team सहितको आवश्यक उपायहरु अवलम्बन गरिनेछ।

२०१. महानगर भित्र सञ्चालन हुने सबै प्रकारका स्वास्थ्य शिविर, Medical विद्यार्थीद्वारा समुदायमा गरिनें तथ्याङ्क संकलन तथा स्वास्थ्य सम्बन्धी प्रयोगात्मक क्रियाकलाप गर्नु पूर्व महानगरपालिकाबाट सहमति लिनु पर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ।

२०२. वडा कार्यालयबाट विभिन्न नसर्ने/दीर्घ रोगहरुको औषधी वितरणलाई व्यवस्थित गर्न कार्यविधि तर्जुमा गरी लागु गर्ने नीति लिइनेछ।

२०३. महानगरपालिकामा नाक, कान, घाँटी र आँखा समेतको उपचारको लागि आवश्यक व्यवस्था गरिनेछ।

## ढ. महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाजकल्याण:

२०४. संघ संस्था दर्ता, नियमन र अनुगमन गरिनेछ।

२०५. लैङ्गिक समानता सम्बन्धी हक अधिकारको क्षेत्रमा सचेतना अभिवृद्धि गरी लैगिंक हिंसा विरुद्धको अभियानलाई प्रभावकारी वनाउन प्रचारप्रसार लगायतका कार्यलाई निरन्तरता दिइनेछ।

२०६. लैङ्गिक उत्तरदायी बजेट तर्जुमा गरी सोको आधारमा बजेटको विश्लेषण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२०७. महानगरपालिकास्तरमा लैङ्गिक हिंसा विरुद्ध पुरुष सञ्जाल गठन तथा परिचालन गरिनेछ।

२०८. महिला तथा विपन्नवर्गको सशक्तिकरणका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२०९. वडास्तरीय/ टोलस्तरीय महिला समूह, एकल महिला/ पुरुष समूह, जेष्ठ नागरिक समूह गठन तथा सञ्चालनका लागि छुट्टै कार्यविधि जारी गरिनेछ।

२१०. महिलाहरुको नेतृत्व विकास तथा समग्र क्षमता विकासका लागि महानगरपालिका भित्र रहेका महिला समूहले गरेका कार्यक्रमको मूल्याङ्कन गरी उत्कृष्ट महिला समूह घोषणा गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२११. महिला समूहलाई मागका आधारमा विभिन्न विधामा प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरी स्थानीय श्रोत व्यक्ति उत्पादन गरिनेछ।

२१२. बालमैत्री स्थानीय तह निर्माण गर्न मध्यमकालिन एवम् रणनैतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। बालश्रम तथा बाल विवाह मुक्त नगर बनाउन अभियानको रुपमा सञ्चालन गरिनेछ।

२१३. बालबालिकाको नेतृत्व विकास र महानगरका गतिविधिहरु जानकारी गराउने उद्देश्यले सञ्चालन गरिदैं आएको नमूना बाल नगर सभा सञ्चालनलाई निरन्तरता दिईनेछ।

२१४. बालगृह व्यवस्थापनको लागि नियमित अनुगमन गरिनेछ। साथै बालबालिकालाई परिवारसँग पुर्नमिलन गर्न आवश्यक समन्वय गरिनेछ।

२१५. जोखिममा परेका बालबालिकाको उद्धारका लागि बाल हेल्पलाइन नं. १०९८ र महानगरको ११३१ मार्फत सेवा प्रदान गर्नका लागि सम्बन्धित संघसंस्थासँग समन्वय र सहकार्य गर्ने नीति लिइनेछ।

२१६. किशोरकिशारीहरुको लागि लागुपदार्थ दुर्व्यसन, Cyber Security तथा हिंसा न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

२१७. स्थानीय दलित, जनजाति लगायतका समुदायको परम्परागत सिप तथा पेशालाई आधुनिकीकरण गर्दै स्वरोजगारमुखी बनाउन जोड दिइनेछ।

२१८. महानगरपालिकालाई सडक मानव रहित शहर बनाउन सरोकारवाला संघसंस्थासँगहरुको समन्वय र सहकार्यलाई निरन्तरता दिइनेछ।

२१९. वडास्तरमा जेष्ठ नागरिकहरुको लागि आवासीय र दिवा सेवा केन्द्र/मिलन केन्द्र स्थापना तथा सञ्चालनमा सहयोग तथा सहजीकरणको लागि कार्यविधि बनाई लागु गरिनेछ।

२२०. बालबालिकाहरुको नेतृत्व तथा समग्र क्षमता विकास र बाल अधिकार संरक्षण र प्रवर्धनका लागि वडा स्तरीय बाल क्लबले गरेका कार्यक्रमको मूल्याङ्कन गरी उत्कृष्ट बाल क्लब घोषणा गरिनेछ।

## ण. युवा तथा खेलकुदः

२२१. युवाहरुका लागि आयआर्जन तथा रोजगारी सम्बन्धी कार्यक्रमहरूलाई निरन्तरता दिदैं युवाहरुलाई नविनतम, उद्यमशील, सिर्जनशील र रचनात्मक गतिविधिमा लाग्न अभिप्रेरित गर्ने कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। उदाहरणीय र उत्प्रेरक युवा व्यक्तित्वहरुलाई सम्मान गरिनेछ। युवाहरुलाई लागु पदार्थ तथा दुर्व्यसनको कुलतबाट जोगाउन चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२२२. महानगरपालिकाबाट सञ्चालन हुने सबै प्रकारका क्षमता विकास सम्बन्धी कार्यक्रम र खेलकुद प्रतियोगितालाई व्यवस्थित, उपलब्धिपूर्ण र व्यवहारिक बनाउनका क्षमता विकास कार्यक्रम र

खेलकुद प्रतियोगिता सञ्चालन कार्यविधि पहिलो त्रैमासिक भित्र जारी गरी सोही आधारमा मात्र यस प्रकारका कार्यक्रम/प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

२२३. सिप विकास तालिम प्राप्त व्यक्तिहरुलाई प्रविधि, पूँजी र बजारसँग आवद्ध गराई व्यवसाय स्थापना र विस्तार गर्ने बातावरण सिर्जना गरिनेछ। उद्यमशील स्वरोजगार कोष सञ्चालन कार्यविधि, २०७६ परिमार्जन गरिनेछ।

२२४. SEE र SLC परीक्षा दिइ बसेका तथा वेरोजगार स्थानीय युवा जनशक्तिलाई लक्षित गरी छोटो अवधिको प्राविधिक तथा व्यावसायिक सिपमूलक तालिमहरु सञ्चालन गरिनेछ।

२२५. युवाहरुलाई स्वदेशमा नै बस्ने वातावरण सिर्जनाका लागि माग र आवश्यकताका आधारमा स्वरोजगार तथा व्यवसाय सञ्चालन गर्न आवश्यक सहयोग गरिनेछ।

२२६. युवाहरुलाई उत्प्रेरित गर्न र उद्यमशीलतालाई प्रोत्साहित गर्न नवप्रवर्तन पहिचान/छनोट, इन्क्युबेट, स्टार्टअप र इनोभेसन जस्ता कार्यक्रम आयोजना गरिनेछ। नवप्रवर्तनका लागि तालिम प्राप्त प्रशिक्षार्थी/व्यवसायीहरुलाई वित्तीय संस्थासँग सम्झौता गरी व्याज अनुदान मार्फत सरल बिउपूँजी तथा कर्जा प्रवाहको व्यवस्था गरिनेछ।

२२७. सीपयुक्त कालिगढ (कलाकार) हरुको पहिचान र सूचीकरण गरी सो सम्बन्धी परम्परागत कला र सिपको पुस्तान्तरण तथा हस्तान्तरणका लागि युवा उत्प्रेरणा सहितका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२२८. जेष्ठ नागरिकसँग युवा र महानगरसँग युवा कार्यक्रम सञ्चालन गरिनेछ। युवा समुह तथा खेलकुद क्लबहरु स्थापना र सञ्चालनमा सहयोग र सहजीकरण गरिनेछ। खेलाडीलाई प्रोत्साहित गर्न दिइदैं आएको सहयोगलाई निरन्तरता दिइनेछ।

२२९. महानगरपालिभित्र स्थानीय क्लव तथा खेलकुद सम्वन्धी संघ संस्थाले आयोजना गर्ने खेलकुद कार्यक्रम सञ्चालनमा कार्यविधि बमोजिम सहयोग गरिनेछ। साथै खेल तथा खेलाडीहरुलाई प्रोत्साहित गर्न वडाबाट सञ्चालन हुने खेलकुद कार्यक्रम सञ्चालनका लागि दिइदै आएको सहयोगलाई निरन्तरता दिइनेछ।

२३०. स्थानीयस्तरमा खेलकुदलाई प्रवर्द्धन गर्ने उद्देश्यले स्थानीय खेलाडीहरुको प्रोत्साहन र विकासका लागि ललितपुर महानगर स्थित A, B र C डिभिजन फुटबल क्लव लगायत अन्य खेलकुद बिधामा गरिदैं आएको सहयोगलाई निरन्तरता दिइनेछ।

२३१. युवाहरुको नेतृत्व विकास गर्दै सहभागिता र सशक्तिकरण कार्यलाई संस्थागत गर्दै लैजान युवा समूह, युवा क्लब, नगर युवा परिषद् गठन तथा सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

त. अपाङ्गतामैत्री:

२३२. अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र बितरण, अपाङ्गता सम्बन्धी दिवसीय कार्यक्रम एवम् पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्तिका अभिभावकहरुलाई हेरचाह सम्बन्धी तालिम कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२३३. अपाङ्गता भएका व्यक्तिहरुका लागि स्वावलम्वन जीवनयापन सम्बन्धी सीप र समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२३४. बहिरा अपाङ्गता भएका व्यक्तिहरुको सञ्चारमा सहज पहुँचको प्रत्याभूतिको लागि साङ्केतिक भाषाको तालिमलाई निरन्तरता दिइनेछ।

२३५. शारीरिक अपाङ्गता भएका व्यक्तिहरुलाई फिजियोथेरापी सेवा प्रदान गर्न आवश्यक व्यवस्थापन गरिनेछ।

२३६. सरकारी कार्यालयहरु, सामाजिक सुरक्षा भत्ता उपलव्ध गराउने बैंक, व्यापारिक मलहरु, निजी र सामुदायिक विद्यालयहरुको साथै सबै वडा कार्यालयहरुको भौतिक संरचना अनुगमन गरी अपाङ्गतामैत्री बनाउन सुझाव सहितको प्रतिवेदन तयार गरिनेछ।

२३७. सरोकारवाला निकाय, अभिभावक तथा महिला स्वास्थ्य स्वयमसेविका लगायतको समन्वय र सहकार्यमा बौद्धिक अपाङ्गता तथा अटिज्म भएका व्यक्तिहरुको यर्थाथपरक विवरण संकलन गरिनेछ। अटिज्मको क्षेत्रमा सेवा सुविधा सहजरुपमा उपलव्ध गराउन कार्यविधि निर्माण गरिनेछ।

२३८. महानगरपालिका स्वास्थ्य स्वयंसेवक/सेविकाहरु, सामुदायिक र निजी विद्यालयका शिक्षकहरुलाई अटिज्म लगायत १० प्रकारका अपाङ्गताको बारेमा सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

२३९. अटिज्म तथा अपाङ्गता भएका व्यक्तिहरुलाई महानगरपालिकाले सञ्चालन गर्ने जेष्ठ नागरिकसँग महानगर सम्बन्धी स्वास्थ्य सेवा कार्यक्रममा आवद्ध गराईनेछ। अटिज्म भएका व्यक्तिहरूलाई निःशुल्क थेरापी सेवा उपलव्ध गराउने व्यवस्था मिलाइनेछ।

२४०. अटिज्म तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि व्यक्तित्व विकासका लागि खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ।

थ. पर्यटन प्रवर्द्धन, संस्कृति तथा अमूर्त सम्पदा संरक्षण:

२४१. सांस्कृतिक, धार्मिक तथा पर्यापर्यटनलाई समन्वयात्मक रुपमा सञ्चालनको व्यवस्था मिलाइनेछ। पर्यटनसँग स्थानीय कला, संस्कृति/सम्पदा तथा हस्तकलालाई आवद्ध गरी एकीकृत रुपमा परिचालनका लागि छुट्टै रणनीति तर्जुमा गरिनेछ।

२४२. पर्यटकको बसाई अवधि लम्ब्याउन सांस्कृतिक तथा मनोरञ्जनात्मक क्रियाकलापहरु सञ्चालन गरिनेछ। पर्यटन क्षेत्रमा संलग्न जनशक्तिलाई Hospitality तथा पथ प्रदर्शक (टुर गाईड)

सम्बन्धी माग र आवश्यकता अनुसार तालिम सञ्चालन गरिनेछ। होमस्टे र Bed & Breakfast लाई प्रवर्द्धन गर्नुका साथै कानून बमोजिम नियमन समेत गरिनेछ।

२४३. संविधानको साझा सूची (अनुसूची- ९) मा रहेको प्रावधान बमोजिम "पाटन संग्रहालय" लाई महानगरपालिका मातहत ल्याउन पहल गरिनेछ।

२४४. सांस्कृतिक महत्वका विभिन्न जात्रा पर्वहरुको लागि मापदण्डका आधारमा बरबन्दी निर्धारण सम्बन्धमा पुनरावलोकन गरिनेछ।

२४५. विश्व सम्पदा क्षेत्रमा सूचीकृत पाटन दरबार क्षेत्रका पर्यटकहरुको आगमन व्यवस्थित गर्ने पर्यटक रुटको व्यवस्थापन गरिनेछ र E-Shuttle Bus सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

२४६. सांस्कृतिक धरोहरको रुपमा रहेका मूर्त/अमूर्त सम्पदाहरुलाई राष्ट्रियस्तरमा तथा विश्व सम्पदा सूचीमा समावेश गर्न थप पहल गरिनेछ। सरोकारवालाहरु समेतको सहकार्य र समन्वयमा मूर्त/अमूर्त सम्पदा/जात्रा/पर्वहरुको संरक्षण व्यवस्थापन र प्रचार प्रसार गरिनेछ। पर्यटन सम्बन्धी सूचना तथा गतिविधिहरुको व्यापक प्रचार प्रसारका लागि विद्युतीय माध्यमलाई अधिकतम प्रयोग गरिनेछ।

२४७. विभिन्न जातजाति र समुदायको भाषा, लिपि, धर्म र संस्कृति, साहित्य, कला, चलचित्र र जात्रा पर्वको संरक्षण र सम्वर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। महानगर क्षेत्रभित्रको जीवन्त सम्पदाको रूपमा स्थापित कला, साहित्य र सङ्गीतको सम्वर्द्धन सम्बन्धी आवश्यक कार्य गरिनेछ।

२४८. ऐतिहासिक तथा सांस्कृतिक शहरहरुको शहरी पुनरुत्थान (Urban Regeneration) कार्यक्रम शुरु गरिनेछ।

२४९. पर्यटन प्रवर्द्धनमा निजी क्षेत्रका संघ संस्था तथा व्यवसायीहरूलाई प्रोत्साहन गर्न नीतिगत व्यवस्था गरी पर्यटकलाई गुणस्तरीय सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

२५०. नेपाली परम्परा र भेषभुषालाई प्रवर्द्धन गर्न सम्पदा क्षेत्रभित्र प्रवेश गर्दा परम्परागत भेषभुषा लगाउन प्रोत्साहित गरिनेछ। महानगर भित्र रहेको मूर्त, अमूर्त संस्कृतिलाई पर्यटनसँग आबद्ध गरी कार्यक्रम सञ्चालन गरिनेछ।

२५१. पुरातात्विक सम्पदा सम्बन्धी विज्ञहरूको सूची तयार गरी उनीहरूलाई संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धनमा परिचालन र प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ।

२५२. यस महानगरमा आउने पर्यटकको सुविधालाई व्यवस्थित गरी यस महानगरलाई सांस्कृतिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ। आन्तरिक पर्यटन प्रवर्द्धनको लागि प्रभावकारी कार्यक्रमहरु सञ्चालनका लागि आवश्यक कार्य गरिनेछ।

२५३. पर्यटन प्रवर्द्धन तथा संस्कृति संरक्षण सम्बन्धी सङ्घीय र प्रदेश सरकारबाट सञ्चालन हुने कार्यक्रमहरुमा आवश्यक समन्वय गरिनेछ। पर्यटन प्रवर्द्धनका लागि छिमेकी स्थानीय तहहरुसँग समन्वय र सहकार्य गरिनेछ।

२५४. पर्यटकलाई एकद्वार प्रणाली मार्फत सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ। एकद्वार पर्यटन सम्बन्धी कार्यविधि परिमार्जन गरिनेछ।

२५५. इतिहास, संस्कृति, भाषा, र सभ्यतालाई संरक्षण र सम्वर्द्धन गर्ने विविध कार्यक्रम सञ्चालन गरिनेछ। भाषा, साहित्य, दर्शन, संस्कृति, कला, सङ्गीत, नाट्य लगायतका अमूर्त सांस्कृतिक क्षेत्रहरुको विकास र प्रवर्द्धन गरिनेछ। प्रतिलिपि अधिकारको संरक्षणको लागि आवश्यक पहल गरिनेछ। धर्म र संस्कृति सम्बन्धी अन्तर्राष्ट्रियस्तरका सभा र सम्मेलन यस महानगरभित्र आयोजना गर्न प्रोत्साहन गरिनेछ। मूर्त तथा अमूर्त सम्पदा अन्तर्गत परम्परादेखि चलिआएको मूल्य र मान्यतालाई संरक्षण र सम्वर्द्धन गरी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय रुपमा प्रचार प्रसार गरिनेछ।

२५६. राष्ट्रिय विभूति अरनिको जन्मस्थान संरक्षण तथा अरनिको सम्वधी थप अध्ययन गरिनेछ।

द. अन्तर्राष्ट्रिय सम्बन्ध तथा अतिथी सत्कारः

२५७. पर्यटन प्रवर्द्धन गर्न नेपाल स्थित विभिन्न राजदुतावास तथा कूटनीतिक नियोगहरुसँग समन्वय गरिनेछ। स्वदेशी तथा विदेशी नगरहरुबीच पर्यटन प्रवर्द्धनका लागि आवश्यक सहयोग र समझदारी कायम गर्न आवश्यक कार्य गरिनेछ।

२५८. देश भित्रका र विदेशी स्थानीय तहहरुसँग भगिनी सम्वन्ध कायम गर्दै पारस्परिक रुपमा सहयोग आदान प्रदान गर्ने नीतिलाई निरन्तरता दिइनेछ। अन्तर्राष्ट्रिय संघ संस्था र विकास साझेदारहरुसँगको सम्बन्ध एवम् सहकार्यलाई अगाडि बढाउँदै लगिनेछ।

२५९. मैत्री र सहयोग आदानप्रदानको लागि स्थापना भएका क्षेत्रीय तथा वहुपक्षीय राष्ट्रिय/अन्तर्राष्ट्रिय संगठन सञ्जाल तथा मञ्चहरू सदस्यताको लागि आवश्यक पहल र समन्वय गरिनेछ।

२६०. देश भित्रका स्थानीय तहहरुसँग भगिनी सम्बन्ध कायम गर्दा सहकार्य र पारस्पारिकता सम्भावनाको आधारमा सातै प्रदेश तथा हिमाल, पहाड र तराई गरी तिनै भौगोलिक क्षेत्रको प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ।

२६१. महानगरमा पाल्नुहुने स्वदेशी तथा विदेशी पाहुनाहरुलाई सत्कार गर्दा महानगरपालिकाको तर्फबाट प्रदान गरिने मायाको चिनो ललितपुरको कला संस्कृति झल्किने हस्तकला सामग्री दिने व्यवस्था मिलाइनेछ।

ध. उपभोक्ताको अधिकार तथा बजार नियमनः

२६२. उपभोक्ता हित संरक्षण सम्बन्धी कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। उपभोक्ता हित संरक्षण सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन तथा प्रचार-प्रसार गरिनेछ।

२६३. स्थानीय स्तरका उत्पादन बिक्री गर्ने कोसेली घर/सौगात गृहलाई प्रोत्साहन र सहुलियत प्रदान गरी स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने नीति अनुशरण गरिनेछ।

२६४. बजार अनुगमन व्यवस्थित र नियमित रुपमा गर्ने व्यवस्था मिलाइनेछ। बजार अनुगमन गर्दा कालोबजारी, नाफाखोरी तथा अनावश्यक मूल्यवृद्धि गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गरिने व्यवस्था कडाईका साथ लागु गरिनेछ। साथै बजारमा बिक्रीका लागि राखिएको जार/बोतलको पानी, खाद्य समाग्रीहरुको नियमित अनुगमन गरिनेछ।

२६५. उपभोक्ता हित संरक्षण सम्बन्धी चेतना, पैरवी लगायतका क्रियाकलापहरूमा सरोकारवाला निकायहरुसँग समन्वय गरिनेछ।

२६६. उपभोक्ताको अधिकार सुरक्षित गर्न तरकारी तथा फलफूलको विषादी परीक्षण गर्न पहल गरिनेछ। स्थानीय उत्पादन प्रवर्द्धनका लागि वडास्तरवाट नै साप्ताहिक तथा अर्धसाप्ताहिक हाट बजार सञ्चालन गर्न उपयुक्त स्थानहरुको छनौट गर्ने प्रक्रिया थालिनेछ।

## न. सहकारी नियमन तथा प्रवर्द्धनः

२६७. अनुगमन प्रतिवेदनका आधारमा सुधार गर्न सकिने सहकारी संस्थाका हकमा सुधारात्मक कार्यक्रम तथा समस्याग्रस्त सहकारीका हकमा प्रचलित ऐन कानुन बमोजिम सहकारीहरुको नियमन र व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२६८. संस्थाका पदाधिकारी र सदस्यहरुको क्षमता विकास तथा संस्थागत सुदृढिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ। सहकारी संस्थाहरुको लागत साझेदारीमा महानगरपालिकाले तर्जुमा गरेको कार्यविधि र पाठ्यक्रमका आधारमा सहकारीका सदस्यहरुलाई उत्पादनसँग जोड्ने गरी सञ्चालन गरिदैं आएको आयमूलक र सीपमूलक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

२६९. समस्या देखिएका सहकारी संस्थाले वर्तमान समस्याहरुको निराकरण नभएसम्म नयाँ ऋण प्रदान नगर्ने र भाखा नाघेका ऋणहरुलाई असुल गरी बचतकर्ताहरुको बचत फिर्ता गर्ने कार्यलाई जोड दिने नीतिलाई निरन्तरता दिईनेछ।

२७०. सहकारी संस्थाको रकम अपचलन गर्ने, प्रचलित ऐन कानून विपरित संस्था सञ्चालन गर्ने संस्थाका पदाधिकारी र कर्मचारी एवम् संस्थाबाट ऋण लिई समयभित्र ऋण तथा ब्याज नतिर्ने ऋणीहरुको सम्पति रोक्का राख्न तथा यस महानगरपालिकाबाट प्रदान गरिने सेवा सुविधा रोक्का राख्ने लगायतका विषयहरु समेटी नियमावली र निर्देशिकाहरु जारी गरिनेछ।

२७१. महानगरपालिका भित्रका सहकारी संस्थाहरुमा सुशासन कायम गर्नका लागि ५ वर्ष भन्दा बढी अवधिदेखि विवरण नबुझाउने सहकारी संस्थाहरुलाई नियमित गराउने, सचेत गराउने र सो गर्दा समेत संस्थाका पदाधिकारी सम्पर्कमा नआएमा सञ्चालक समितिका पदाधिकारीहरुको फोटो सहितको विवरण सार्वजनिक गर्ने नीति लिइनेछ।

२७२. संस्थागत सुशासनलाई भरपर्दो बनाउनका लागि अन्तरनिकाय र अन्तरपालिका स्तरीय अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ।

२७३. बचतकर्ताको बचत फिर्ता गर्ने सम्बन्धमा सम्बन्धित संस्थासँग समन्वय र सहकार्य गरी बचत फिर्ता गर्ने वातावरण मिलाइने छ। बचत फिर्ता नगर्ने र सम्पर्कमा नआउने सहकारी संस्थाहरुलाई कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाइनेछ।

२७४. सहकारी संस्थाले महानगरपालिकामा पेश गरेका लेखा परीक्षण प्रतिवेदनको अध्ययन विश्लेषण गरी सुधारका उपाय पहिल्याउन सम्बन्धित विज्ञ मार्फत गर्ने नीति लिइनेछ।

२७५. सहकारीको उद्देश्य अनुसार उत्पादनसँग जोडी साझेदारी कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

प. <u>लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनः</u>

२७६. औद्योगिक व्यवसाय नियमावली तथा अन्य आवश्यक निर्देशिका एवम् कार्यविधिहरु जारी गरी लघु, घरेलु तथा साना उद्योगहरुको नियमन र व्यवस्थापन गर्ने नीति लिइनेछ।

२७७. बजारको मागलाई दृष्टिगत गरी व्यवसाय र रोजगारीको सुनिश्चितता हुने प्रकृतिका निश्चित व्यवसायिक तथा रोजगारमूलक तालिम मात्र सञ्चालन गरिनेछ। तालिमलाई प्रभावकारी र उपलब्धिमूलक बनाउन प्रशिक्षार्थी छनोटदेखि व्यवसाय सञ्चालनसम्म माग र आवश्यकता अनुसार निरन्तर सहजीकरण र सहयोग गरिनेछ।

२७८. महिला उद्यमीहरुको उद्यमको स्तरोन्नती गर्न मेन्टरसीप तालिम, व्यवसायिक योजना तालिम, डिजिटल हाट बजार एप निर्माण र प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ।

२७९. महानगरद्वारा प्रदान गरिएका व्यवसायिक तथा रोजगारमूलक तालिमको तथ्याङ्क अद्यावधिक गरी नव उद्यमीलाई बजारसम्म पहुँच पुऱ्याउन आवश्यक प्रबन्ध मिलानेछ।

२८०. व्यवसायको स्तरोन्नति, बिस्तार र उत्पादकत्व वृद्धि गर्न माग र आवश्यकताका आधारमा गरिबी निवारण तथा रोजगार प्रवर्द्धन कार्यविधि, २०८१ अन्तर्गत रही उपयुक्त प्रविधि हस्तान्तरण गरिनेछ। एकपटक प्रविधि पाइसकेको व्यक्तिलाई अर्को २ वर्षसम्म प्रविधि हस्तानान्तरण नगर्ने नीति लिइनेछ।

२८१. महानगर भित्र रहेका औद्योगिक संघ संस्थाहरुसँग समन्वय गरी औद्योगिक संस्थालाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण सञ्चालन गरिनेछ। साथै रोजगारदाता, तालिम प्रदायक र सेवा प्रदायकसँगको समन्वय र साझेदारीमा बेरोजगारहरुलाई जीवन धान्न सक्ने रोजगारी सुनिश्चित गर्ने नीति लिइनेछ।

२८२. महानगर भित्र सञ्चालन हुने उद्यम व्यवसायका लागि पूँजी व्यवस्थापन गर्न महानगरपालिका भित्र रहेका बैंक, वित्तीय संस्थाहरु एवम् सहकारी संस्थासँग समन्वय तथा सहकार्य गरी ब्याज अनुदानमा कर्जा लगानीको सहज वातावरण मिलाइनेछ।

२८३. उद्यमशीलता र स्टार्ट अप प्रवर्द्धन सम्बन्धमा संघ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा नविनतम कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२८४. लक्षित वर्गको परम्परागत मैलिक सीपलाई प्रवर्द्धन गर्ने र पुस्ता हस्तान्तरणमा जोड दिने नीति लिइनेछ।

२८५. साना लघु उद्यम विकास र बिस्तारका लागि निजी क्षेत्रका छाता संगठनहरुसँग समन्वय र सहकार्य गर्दै लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

२८६. स्थानीय उत्पादनको बजार प्रवर्द्धनका लागि घुम्ती हाट बजारको व्यवस्थापन गर्ने नीति लिइनेछ।

## फ. कृषि तथा सिंचाई:

२८७. महानगरपालिका क्षेत्रमा सम्भाव्यताको आधारमा कृषि व्यवसायलाई प्रवर्द्धन गरी कृषिजन्य बस्तुहरुको उत्पादकत्व अभिवृद्धि गरिनेछ।

२८८. मानव स्वास्थ्य र वातावरणलाई सर्वोपरी ध्यानमा राखी बिषादी रहित अर्गानिक खेतीको विकास, विस्तार र प्रवर्द्धन गरी तरकारीमा आत्मनिर्भर गराउँदै लगिनेछ। विषादी परीक्षणका लागि ल्याब स्थापना गर्ने नीति लिइनेछ।

२८९. व्यवसायिक तरकारी खेती तथा अन्य कृषि व्यवसाय गर्ने कृषकलाई उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न कृषि यन्त्र र उपकरण लगायतका सामाग्री खरिदमा दिइदैं आएको मूल्य अनुदानको व्यवस्थालाई निरन्तरता दिइनेछ। नर्सरीहरुको स्थापना र सञ्चालनमा आवश्यक सहयोग गरिनेछ।

२९०. कृषिजन्य वस्तुहरु विशेष गरी तरकारी बालीको post-harvest सुदृढिकरण तथा बालीहरुलाई संरक्षणका लागि आवश्यक देखिएका क्षेत्रहरुमा Poratable कोल्ड चेम्बरको कूल बुट तथा शित भण्डारको व्यवस्था गरिनेछ।

२९१. बाँझो जग्गालाई खाली नराखे नीति अनुरुप स्थान विशेष अनुसार सम्भाव्य बालीहरुको पहिचान गरीं तरकारी, फलफूल, खाद्यान्न, पुष्प, च्याउ, मौरी पालन र जडिबुटी खेतीलाई प्रोत्साहन र व्यावसायिकीकरण गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

२९२. महानगरपालिका क्षेत्र भित्र रहेको कृषि योग्य भूमिमा आवश्यक समयमा सिंचाइको व्यवस्था मिलाइनेछ। पानीको स्रोतको रुपमा रहेका राजकुलो, इनार, ट्युवेललाई समेत आवश्यकता र औचित्यताका आधारमा सिंचाईको लागि प्रयोग गरिनेछ। साथै प्राङ्गारिक खेतीको विकास, विस्तार तथा प्रर्वद्धनको लागि प्राङ्गारिक तथा जैविक मल र जैविक बिषादी प्रयोगलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२९३. कृषिजन्य तथा कृषिसँग सम्बन्धित साना तथा घरेलु उद्योगहरुको स्थापना र सञ्चालन गर्न निजी क्षेत्र तथा समूह र सहकारीलाई प्रोत्साहन गरिनेछ।

२९४. सडक क्षेत्र वरिपरि रहेका पार्क, बँगैचा र सार्वजानिक क्षेत्रहरुमा विभिन्न फलफूल तथा पुष्प विरुवाहरु रोपण गरी स्वच्छ वातावरण र शहरी सुन्दरतामा वृद्धि गरिनेछ।

२९५. कृषि बीमाको कार्यक्रमलाई विस्तार गरी कृषकहरुलाई विभिन्न प्रकोपवाट हुने क्षतिलाई न्युनीकरण गरिने कार्यलाई प्रोत्साहन गरिनेछ।

२९६. चक्रपथ भित्रका वडाहरुमा कौसी खेती सहयोग कार्यक्रमलाई निरन्तरता दिदैं चक्रपथ बाहिरका वडाहरुलाई व्यवसायिक तरकारी खेतीको पकेट क्षेत्रको रुपमा विस्तार गरिनेछ। निजी खाली जग्गामा जग्गाधनीसँग सम्झौता गरी नर्सरी, तरकारी, फलफूल खेती गर्ने कृषकलाई महानगरपालिकाबाट लिइने बहाल करमा छुट दिने नीतिलाई निरन्तरता दिइनेछ।

२९७. माटो जाँच गरी माटोको अवस्था सुधार गर्ने र रासायनिक मलको प्रयोगलाई न्यूनीकरण गर्दै प्राङ्गारिक मलको प्रयोगलाई बढावा दिइनेछ।

२९८. कृषकहरुले उत्पादन गरेको ताजा तरकारीलाई सिधै उपभोक्तासम्म पुऱ्याउने उद्देश्यका साथ रिङ्ग रोड बाहिरका वडाहरुमा विषादीरहित ताजा तरकारी उत्पादन गर्न र रिङ्गरोड भित्रका मुख्य शहरी क्षेत्रहरुमा हाट बजारको व्यवस्था गरी ताजा तरकारी उत्पादन र उपभोगमा जोड दिइनेछ।

२९९. कौसी खेती तथा सार्वजनिक जग्गामा फलफूल तथा पुष्प खेती प्रवर्द्धनमा जोड दिदैं महानगरलाई हरियाली शहरको रुपमा विकास गर्दै लगिने र शहरी क्षेत्रमा बढ्दै गएको प्रदुषणलाई न्युनीकरण गर्दै शहरी सुन्दरतामा वृद्धिमा जोड दिइनेछ।

३००. कृषिमा आधुनिकीकरण र कृषिको यान्त्रिकरणका लागि कृषक मैत्री औजार उपकरणहरु लगायत उन्नत प्रविधिको आवश्यक व्यवस्थाको लागि पहल गरिनेछ।

३०१. महानगरपालिका क्षेत्रभित्र रहेको लगनखेल तरकारी तथा फलफूल बजार र वडा नं १६ मा रहेको तरकारी तथा फलफूल बजारको स्तरोन्नती र थप तरकारी तथा फलफूल बजारहरुको खोज तथा बिस्तार गर्दै लगिनेछ।

३०२. वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई लक्षित गरी विभिन्न कृषि विकास कार्यक्रम सञ्चालन गरिनेछ। महानगरपालिका क्षेत्रभित्र रहेका कृषकहरुलाई व्यवसायिक कृषि गर्न प्रोत्साहन गरिनेछ।

३०३. जैविक विविधताको लागि महानगरपालिका भित्र रहेका लोपोन्मुख स्थानीय/रैथाने वनस्पतिको खोज गरी संरक्षण र प्रवर्द्धनमा जोड दिइनेछ।

३०४. कृषि उत्पादकत्व वृद्धिको लागि सम्भाव्य स्थानहरुमा Lifting system बाट सिंचाईको व्यवस्था गर्न आवश्यक समन्वय गरिनेछ।

ब. पशु सेवा:

३०५. नमुना र व्यवस्थित पशु बधस्थलको निर्माणमा सहयोग गरी स्वस्थ्कर मासु बिक्रीको व्यवस्था मिलाइनेछ।

३०६. घरपालुवा पशुपन्छीहरुको अभिलेख व्यवस्थित गर्न Animal App सहितको प्रवन्ध गरिनेछ।

३०७. पशुपन्छी तथा मत्स्यपालन सम्बन्धी व्यवसाय प्रवर्द्धनका लागि आवश्यक सहयोग सहजीकरण गरिनेछ। पशु बीमा कार्यक्रमलाई प्रोत्साहित गरिनेछ।

३०८. पशुहरुको नश्ल सुधारका लागि गरी आएको कृत्रिम गर्भाधान सेवालाई निरन्तरता दिँदै थप प्रभावकारी सञ्चालनको प्रबन्ध गरिनेछ।

३०९. महामारी रोग विरुद्ध पशुपन्छीलाई दिइने निःशुल्क खोप सेवा, नमुना सङ्कलन र परीक्षण तथा उपचार सेवाका लागि आवश्यक औषधि तथा जनशक्तिको व्यवस्थापन गरिनेछ। पशु आहारका लागि उन्नत किसिमका घाँसका बिउहरु निःशुल्क वितरण गरिनेछ।

३१०. भेट एम्बुलेन्स सेवा सञ्चालनलाई निरन्तरता दिइनेछ। छाडा पशु नियन्त्रणको लागि कान्जी हाउस/एनिमल सेल्टरको व्यवस्था गरिनेछ। सामुदायिक कुकुरहरुको बन्ध्याकरणलाई अभियानको रुपमा सञ्चालन गरिनेछ। संघ संस्थाहरुको सहयोग तथा सहकार्यमा सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

३११. पशु सेवा सम्बन्धी सामूहिक व्यवसाय गर्ने युवालाई मागका आधारमा आवश्यक सहयोग गरिनेछ। साना लगानीमा सञ्चालन गर्न सकिने पशुपन्छी व्यवसायलाइ प्रवर्द्धन गर्दै लगिनेछ।

३१२. पशुपन्छी पालन लगायतका व्यवसाय सञ्चालन गर्दा वातावरण, संस्कृति र समुदायमा समेत असर नपर्ने गरी सञ्चालन गर्नु पर्ने नीतिलाई निरन्तरता दिँदै महानगरपालिकाबाट त्यस्ता व्यवसायको नियमन गरिनेछ। पशुपालन व्यवसायबाट उत्पादित प्राङ्गारिक मललाई प्रशोधन तथा प्रवर्द्धनको व्यवस्था मिलाइनेछ।

३१३. महानगरपालिकालाई रेबिजरोग मुक्त पालिका बनाउन रेबिज रोग नियन्त्रणमा विशेप जोड दिई सामुदायिक तथा घरपालुवा कुकुरहरुमा निःशुल्क खोप लगाउने व्यवस्था मिलाईनेछ।

३१४. उपभोक्ताहरुलाई दुध, फुल, मासु तथा माछामा मिसावट तथा त्यसबाट हुने अल्पकालिन तथा दीर्घकालिन असरको बारेमा जानकारी गराउने गरी वडाहरुमा उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

भ. रोजगार प्रवर्द्धन तथा गरिबी निवारण:

३१५. महानगरभित्र रहेका औद्योगिक संघसंस्थाहरुलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न कार्यस्थलमा आधारित रोजगारमुलक तालिमको व्यवस्था गरी रोजगारी सुनिस्चित गर्ने नीति लिइनेछ।

३१६. सूचना प्रविधिमा युवाहरुको पहुँच वृद्धि गरी रोजगारीको अवसर सृजना गर्दै रोजगारीको प्रत्याभूति सहितको कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

३१७. असहाय, जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा विपन्न व्यक्तिलाई सामाजिक संरक्षण कार्यक्रम अन्तर्गत न्यूनतम रोजगारमा समावेश गरिनेछ।

३१८. स्थानीय सरकार, रोजगारदाताहरु र रोजगारी आकांक्षीहरु बीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी कार्यस्थल प्रशिक्षण Internship, On The Job Training सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईने छ।

३१९. श्रम संसार प्रणाली (shramsansar.gov.np) डिजिटल प्लेटफर्मको माध्यमबाट रोजगारीका अवसरको जानकारी उपलब्ध गराई रोजगारदाता र रोजगारी आकांक्षी बीच समन्वय स्थापित गरिनेछ। आन्तरिक रोजगारी प्रवर्द्धनको लागि अनलाइन सीप विकास तालिम प्लेटफर्म निर्माण गरी विभिन्न शैक्षिक संस्थाहरू र तालिम प्रदायकहरूसँग सहकार्य गरिनेछ।

३२०. बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न सुरक्षित आप्रवासी स्रोत केन्द्र (SaMi) मार्फत बैदेशिक रोजगारीका क्षेत्रमा जाने व्यक्ति वा तिनका परिवारहरुलाई सूचनामा पहुँच, न्यायमा सहजीकरण र सीप तालिम सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३२१. व्यक्तिको मानसिक स्वास्थ्यलाई ध्यानमा राखी (SaMi) कार्यक्रम मार्फत मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ। किशोर किशोरी समूह, आमा समूह, जनप्रतिनिधि, कर्मचारीलाई विभिन्न सरोकारवाला निकायहरुको सहकार्यमा मनोसामाजिक परामर्श सेवा अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

३२२. बैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरु तथा सरोकारवाला निकायको लागि समुदाय स्तरमा वृहत अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

म. लगानी व्यवस्थापनः

३२३. महानगर भित्र सञ्चालन हुने उद्यम व्यवसायमा कर्जा लगानीको सहज वातावरणका लागि महानगरपालिका भित्र रहेका बैंक तथा वित्तीय संस्था एवं सहकारी संस्थाहरुसँग समन्वय, सहकार्य गरी ब्याज अनुदानमा कर्जा लगानीको सहज वातावरण मिलाइनेछ।

३२४. उद्यम व्यवसायमा आवश्यक पर्ने विउँपुजी व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गरिनेछ।

य. हस्तकला प्रवर्द्धनः

३२५. महानगरलाई हस्तकलाको राजधानीको रुपमा विकास गर्न पहल गरिनेछ। हाल सञ्चालनमा रहेको कोसेली घरलाई व्यवस्थित गर्दै उपयुक्त स्थानहरुमा थप कोसेली घरहरु स्थापना र सञ्चालन गरिनेछ।

३२६. हस्तकला समाग्रीहरु उपयोग वृद्धिका लागि प्रचार प्रसार, जनचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

३२७. महानगर भित्र रहेका हस्तकला व्यवसायहरु तथा हस्तकलाकर्मीहरुको विवरण सङ्कलन तथा अद्यावधिक गरिनेछ।

३२८. हस्तकला सामाग्रीहरुको गुणस्तर परीक्षण, नियन्त्रण र प्रमाणीकरणका लागि सरोकारवाला निकाहरुसँग समन्वय गरिनेछ।

३२९. लोप हुनलागेको सिप र कला संरक्षण र सम्वर्द्धनका लागि सिप हस्तान्तरण र पुस्तान्तरण सम्बन्धी कार्यहरु गरिनेछ। हस्तकला सम्बन्धी औपचारिक शिक्षाका लागि सरोकारवाला र सम्बन्धित निकायसँग समन्वय गरी College Of Art स्थापनाका लागि आवश्यक कार्य गरिनेछ।

## र. राजस्व प्रशासन तथा प्रवर्द्धनः

३३०. "कर करले होईन, रहरले तिरौं" भन्ने अवधारणालाई व्यापक र विस्तृत बनाउन कर शिक्षा र सचेतना मार्फत यस महानगरपालिकाका करदाताहरुमा कर साक्षरता, कर दायित्व र अधिकार सम्बन्धी जानकारी प्रवर्द्धन गरी पारदर्शी र जबाफदेही कर संस्कृतिको सवलिकरण गरिनेछ।

३३१. महानगरवासीको चाहना अनुरुप विकास निर्माण र नागरिकको सेवा तथा सुविधाको बिस्तारका लागि सञ्चालित कार्यक्रमहरुको निरन्तरतालाई कायम राखी करका नयाँ श्रोत र क्षेत्रलाई कर प्रणालीमा समाहित गर्ने कार्यलाई राजस्व वृद्धिको रणनीतिक औजारको रुपमा अङ्गिकार गरिनेछ। यसका लागि राजस्वका दरलाई वैज्ञानिक बनाउँदै सम्पूर्ण आर्थिक क्रियाकलापलाई करको दायराभित्र समाहित गर्न आ.व. २०८१/०८२ मा तयार गरिएको करको दर, दायरा र पुनरावलोकन सम्बन्धी अध्ययन प्रतिवेदनलाई क्रमशः कार्यान्वयन गरिनेछ।

३३२. नियमित र सबैभन्दा बढि कर तिर्ने करदाताहरुलाई सम्मान र प्रोत्साहन स्वरुप उत्कृष्ट करदाता पुरस्कार प्रदान गरिनेछ। यस कार्यक्रमलाई वडास्तरमा समेत विस्तार गर्दै लगिनेछ।

३३३. महानगरपालिकाको राजस्व प्रणालीमा आवद्ध भै विगत लामो समयदेखि राजस्व तिर्न बाँकी बक्यौता भएका करदाताहरुलाई नियमानुसार छुट तथा सहुलियत प्रदान गरी राजस्व बाँकी बक्यौतालाई नियमित गरिनेछ।

३३४. कर असुली प्रकृयालाई थप सहज र पहुँचयोग्य बनाउन विद्युतीय राजस्व सङ्कलन प्रणालीको विस्तार, स्तरोन्नति गरी स्वच्छ, पारदर्शी, जनमैत्री र प्रविधिमैत्री राजस्व प्रशासनको विकास गरिनेछ। राजस्व प्रणालीलाई राष्ट्रिय प्रणालीसँग आवद्धताका लागि महालेखा नियन्त्रकको कार्यालयबाट विकास गरिएको स्थानीय तह राजस्व पोर्टल (SuTRA Revenue Module) क्रमशः प्रयोगमा ल्याइनेछ।

३३५. करको दायरामा नआउने, कर नतिर्ने तथा झुठो विवरण पेश गरी कर छल्ने प्रवृतिलाई निरुत्साहित गर्न नियमित निरीक्षण र अनगुमन गर्ने प्रणालीको विकास गरिनेछ।

३३६. राजस्व वृद्धिका लागि न्यून आय भएका व्यक्ति/परिवारमा करको भार नबढ्ने गरी प्रगतिशील कर प्रणालीको नीति अवलम्बन गरिनेछ।

३३७. महानगरपालिकाले सेवा प्रदान गर्दा सेवाग्राहीले बुझाउनुपर्ने शुल्क, केर, दस्तुर, दण्ड/जरिवानालाई सेवासँग क्रमशः आवद्ध गरिनेछ।

३३८. महानगरपालिकाभित्र सँञ्चालनमा रहेका तर करको दायरामा नआएका निजी विद्यालय, स्वास्थ्य संस्था, सहकारी संस्था तथा अन्य औद्योगिक तथा व्यापारिक प्रतिष्ठानहरुको विवरण सङ्कलन गरी करका दायरामा ल्याउन पहल गरिनेछ। करको दायरामा नआएमा आर्थिक ऐनमा उल्लेख भए अनुसार कारवाही गरिनेछ।

३३९. राजस्व सम्वन्धी प्रवर्द्धनात्मक तथा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३४०. करदाताहरुलाई कर सम्वन्धी सूचना प्रवाह गर्न छुट्टै App को व्यवस्था गरी अन्य App तथा Software सँग आवद्ध गरिनेछ। साथै SMS, email लगायत अन्य माध्यमबाट पनि कर सम्बन्धी जानकारी गराउन आवश्यक व्यवस्था गरिनेछ।

३४१. बैंक तथा वित्तीय संस्थाहरुमा व्यावसायिक कारोवार गर्ने, धारा, विजुली जडान गर्ने, मालपोत कार्यालयमा घर जग्गा पास गर्ने आदि कार्यहरु गर्दा महानगरपालिकामा बुझाउनु पर्ने सम्वन्धित करहरु (सम्पति कर, बहाल कर, व्यवसाय कर आदि) चुक्ता गरेको प्रमाण पेश गराउने व्यवस्थाका लागि सम्बन्धित निकायहरु सँग समन्वय गरिनेछ।

३४२. राजस्व सङ्कलन तथा व्यवस्थापन नियमन गर्न राजस्व सम्बन्धी आवश्यक ऐन, नियम, कार्यविधि वनाई लागु गरिनेछ।

३४३. राजस्व सङ्कलन गर्ने कार्यलाई क्रमशः वडास्तरमा विस्तार गरिदै लगिनेछ।

३४४. राजस्व प्रशासनको जनशक्तिको क्षमता विकास तथा राजस्व सम्बन्धी अन्य क्षेत्र निकायको असल अभ्यासहरुको अवलोकन गरी प्राप्त राम्रा कर अभ्यासहरुलाई राजस्व सुधार कार्यक्रममा समावेश गरिनेछ।

## ल. प्रशासन, सेवा प्रवाह र सुशासनः

३४५. प्रमुख र प्रमुख प्रशासकीय अधिकृत एवम् प्रमुख प्रशासकीय अधिकृत र महाशाखा/शाखा प्रमुखहरु बीच गरिदैं आएको कार्यसम्पादन करार सम्झौतालाई निरन्तरता दिदैं अझ व्यवस्थित गर्न सूचकाङ्कको आधारमा कार्यसम्पादन करार सम्झौता गरी नियमित मूल्याङ्कनको व्यवस्था समेत मिलाईनेछ।

३४६. वडावाट हुने विकास निर्माण र सेवा प्रवाहलाई ,जनमुखी, परिणाममुखी र सेवाग्राही मैत्री वनाउन वडाको संस्थागत क्षमता वृद्धि गरी आधारभूत सेवाहरु (राजस्व समेत) सम्बन्धित वडाबाटै प्रदान गर्ने गरी सेवा विस्तार गरिनेछ।

३४७. महानगरपालिकाबाट प्रवाह हुने सेवालाई चुस्त, दुरुस्त, प्रविधियुक्त, नागरिकमैत्री, पारदर्शी, जनउत्तरदायी र जवाफदेही बनाईनेछ। मुस्कान सहितको सेवालाई व्यवहारिक रुपमा लागु गरी नगरवासीसँग प्रत्यक्ष सम्बन्ध रहेका सेवा प्रवाहमा Time Card System लागु गरिनेछ।

३४८. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ। भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्न सचेतनामूलक कार्यक्रम, सुशासन शिक्षा, जानकारीमूलक सामाग्रीको उत्पादन तथा गुनासो व्यवस्थापनसँग सम्बन्धित हाल सञ्चालनमा रहेको LMC features तथा App को स्तरोन्नति र प्रचारप्रसार गरी थप प्रभावकारी बनाइनेछ।

३४९. महानगरपालिकाका सम्पुर्ण जनप्रतिनिधिहरु तथा कार्यरत कर्मचारीहरुलाई अझ बढी उत्प्रेरित गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउनका लागि क्षमता बिकास कार्यक्रम सञ्चालन गरिनेछ।

३५०. कर्मचारीहरुको वृत्ति विकास, पदोन्नति, पुरस्कार र दण्ड सजायको व्यवस्था कार्यान्वयन गरिनेछ। उत्कृष्ट कर्मचारी छनौटको मापदण्ड बमोजिम महानगरपालिकाको स्थापना दिवसको अवसरमा उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कृत गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

३५१. महानगरपालिकामा कार्यरत सबै कर्मचारीहरुको जीवन बीमा कार्यक्रम र करारका कर्मचारीहरुका लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोषको व्यवस्थालाई निरन्तरता दिइनेछ। साथै स्वीकृत दरबन्दी भित्र रहेका सम्पुर्ण कर्मचारीहरुलाई महङ्गी भत्ता बापतको रकम उपलब्ध गराइनेछ।

३५२. महानगरपालिकाको स्वीकृत "संगठन तथा व्यवस्थापन सर्वेक्षण" प्रतिवेदनमा उल्लेखित कार्यविवरण अनुसार कार्यरत कर्मचारीहरुले कार्यसम्पादन गर्ने व्यवस्था मिलाईनेछ।

३५३. महानगरपालिकाबाट प्रदान गरिने सेवालाई नागरिक केन्द्रित बनाउन Right to Information र अनलाईन प्रविधिको अधिकतम उपयोग गर्दै e-Governance को प्रत्याभूति दिइनेछ।

३५४. महानगरपालिकामा आवश्यक जनशक्ति समयमा नै पदपूर्तिका लागि आवश्यक कार्य गरिनेछ। प्रचलित कानून र करार सेवा सम्बन्धी कार्यविधि बमोजिम करार सेवामा पदपूर्ति गरिने पदहरुमा प्रतिस्पर्धाको आधारमा मात्र पदपूर्ति गरिनेछ।

३५५. महानगरपालिकामा रहेका सबै प्रकारका अभिलेखलाई व्यवस्थित गर्न Digitalization गरिनेछ। कर्मचारी अभिलेख व्यवस्थापनलाई व्यवस्थित गरिनेछ।

३५६. महानगरपलिकाबाट प्रदान गरिने सिफारिस तथा सेवा प्रवाहमा एकरुपताका लागि सिफारिस सम्बन्धी छुट्टै सफ्टवेयर निर्माण गरी महानगरपालिकाका अन्य सम्वद्ध सफ्टवेयरसँग आवद्ध गरिनेछ।

३५७. महानगरपालिकाले प्रदान गर्ने सबै सेवाहरुलाई एकीकृत गरी व्यवस्थापन सूचना प्रणालीको विकास गरिनेछ।

व. कानून, न्याय तथा मानवाधिकार:

३५८. स्थानीय स्तरमा नै विवाद समाधानका लागि मेलमिलापकर्ता उत्पादन गर्ने कार्यलाई निरन्तरता दिदैं वडा तहमा मेलमिलाप केन्द्रको संयन्त्र विस्तार गरी युवा लक्षित कानूनी सचेतना कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।

३५९. जनप्रतिनिधिहरुलाई कानूनी विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

३६०. मेलमिलापकर्ताको क्षमता विकासमा विशेष जोड दिई मेलमिलापकर्ता वडा तहमा नै सूचिकृत गर्ने व्यवस्थालाई व्यवस्थित गरिनेछ।

३६१. स्थानीय तहमा कानून तर्जुमा र कार्यान्वयन गर्दा मानव अधिकार संरक्षण, सम्बर्द्धन र बिकासुलाई प्राथमिकता दिने नीति लिइनेछ।

३६२. मेलमिलापको माध्यमबाट विवाद समाधान गर्दै महानगरपालिका क्षेत्रमा विबाद न्यूनीकरण गर्ने नीति लिइनेछ।

३६३. सर्वसाधारणहरुको जानकारीको लागि कानून तथा न्यायिक समिति सम्बन्धी स्रोत सामाग्री प्रकाशन गर्ने नीति लिइनेछ

३६४. संविधान, संङ्घीय तथा प्रदेश कानून र महानगरपालिकाको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने ऐन, नियमावली, कार्यविधि, मापदण्ड, तथा निर्देशिका तर्जुमा गरिनेछ। साथै महानगरपालिकाबाट यस अघि निर्मित कानूनहरुको आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्ने नीति लिइनेछ।

श. आर्थिक प्रशासन:

३६५. महानगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली तर्जुमा गरी कार्यान्वयन गरिनेछ। म्याद नाघेका पेश्कीको फछर्यौटका लागि विशेष जोड दिइनेछ।

३६६. महानगरपालिकाबाट सम्पादन हुने आर्थिक प्रशासन सम्बन्धी काम कारवाहीलाई पारदर्शी व्यवस्थित र समयानुकुल बनाइनेछ। बेरुजु न्यून गर्नका लागि बेरुजु फछर्यौट कार्ययोजना सहित अभियानका रुपमा सञ्चालन गरिनेछ।

३६७. आगामी आ.व. २०८२/८३ मा पनि Electronic Funds Transfer (EFT) प्रणालीलाई निरन्तरता दिइनेछ। वडाबाट सम्पादन हुने कार्यको भुक्तानी केन्द्र तोकी भुक्तानीलाई छिटो, छरितो र सहज बनाईनेछ।

३६८. वित्तीय सुशासन कायम गर्न आन्तरिक नियन्त्रण कार्यविधि तर्जुमा गरिनेछ।

ष. सार्वजनिक सम्पत्ति (जिन्सी) व्यवस्थापन:

३६९. आ.व.२०८१/८२ देखि सार्वजनिक सम्पत्तिहरुको व्यवस्थापन प्रणाली (PAMS) लागु गरिएकोमा आ.व. २०८२/८३ बाट महानगरपालिकाको सबै वडाहरुमा समेत विस्तार गरिनेछ।

३७०. सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र प्रतिस्प्रधात्मक बनाईनेछ। यसको लागि विद्युतीय बोलपत्र प्रणाली मात्र अवलम्बन गरिनुको साथै प्रचलित कानुनले तोकेका व्यवस्था अधिनमा रही खरिद कारवाही अगाडि बढाईनेछ।

३७१. महानगरपालिकाबाट बोलपत्र र दरभाउपत्र मार्फतबाट हुने खरिद प्रकिया दोस्रो चौमासिक भित्र सम्पन्न गरिनेछ।

३७२. जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि सार्वजनिक खरिद सम्बन्धी तालिम प्रदान गरिनेछ।

३७३. जिन्सी निरीक्षण प्रतिवेदनमा काम नलाग्ने भनी उल्लेख भएका सामानहरुको लिलाम प्रक्रिया अगाडि बनाईनेछ। साथै काम नलाग्ने कागजातहरु प्रचलित कानुन बमोजिम धुल्याइनेछ।

## स. आन्तरिक लेखा परीक्षणः

३७४. महानगरपालिकाको आर्थिक तथा वित्तीय व्यवस्थापन प्रणालीलाई अनुशासित एवम् व्यवस्थित बनाइनेछ।

३७५. लेखा समितिको काम कारवाहीलाई थप क्रियाशील तथा सुदृढीकरण गर्दै लगिनेछ।

३७६. कार्यालयमा वित्तीय सुशासन कायम राख्न आवश्यक कानुनको तर्जुमा गरिनेछ।

३७७. राजश्व तथा विभिन्न योजना कार्यान्वयनको अवस्था तथा खरिद सम्बन्धी विषयमा अनुगमन गरी पारदर्शी बनाउँदै लगिनेछ।

## ह. सूचना प्रविधिः

३७८. ललितपुर महानगरपालिका अन्तर्गतका क्षेत्रलाई Silicon Valley को रुपमा क्रमशः विकास गर्दै लगिनेछ।

३७९. यस महानगरपालिकामा रहेको श्रेस्ताहरूलाई क्रमशः विद्युतीय माध्यमबाट अभिलेखन गरिनेछ।

३८०. महानगरपालिकामा हाल प्रयोगमा रहेका सवै प्रकारका Software हरुलाई एकीकृत गरी एउटै व्यवस्थित सफ्टवेयर निर्माण गरिनेछ। एकीकृत हुन प्राविधिक रुपमा नमिल्ने सफ्टवेयरलाई एक अर्कासँग आवद्ध गरिनेछ।

३८१. सम्भाव्यताको आधारमा उपयुक्त स्थानहरुको छनौट गरी सम्बन्धित निकायको समन्वयमा Free WiFi Zone को व्यवस्था गरिनेछ।

३८२. महानगरपालिकाको आधिकारिक वेभसाईटलाई विकसित गरी Open Data Standardमा लगिनेछ।

३८३. महानगरपालिकाको सबै सार्वजनिक सेवालाई क्रमशः Online तथा Latest Technologyको प्रयोग गरी सरल र सहज रुपमा प्रवाह गरिनेछ।

## क्ष. नगर प्रहरीः

३८४. सङ्घीय र प्रादेशिक प्रहरीसँग नगर प्रहरीको समन्वयात्मक सह-सम्बन्ध स्थापना गरी नगरवासीको सुरक्षा, ट्राफिक व्यवस्थापन र गुनासो व्यवस्थापन गरिनेछ।

३८५. विपद् व्यवस्थापनसँग सम्बन्धित कार्य र नवीनतम र सिर्जनशील क्रियाकलाप एवम् कर सङ्कलन लगायतका कार्यमा आवश्यकता अनुसार नगर प्रहरीको प्रभावकारी परिचालन गरिनेछ। साईकल लेनमा पार्किङ्ग निषेध गर्ने व्यवस्था मिलाइनेछ।

३८६. नगर प्रहरी बलमा संलग्न जनशक्तिको उत्प्रेरणा एवम् मनोबल अभिवृद्धिका लागि आवश्यक व्यवस्था गरिनेछ। नगर प्रहरीको सेवालाई सबै वडाहरुमा प्रभावकारी रुपमा पुऱ्याउने व्यवस्था मिलाइनेछ।

३८७. विपद् सुरक्षा तथा व्यवसायजन्य स्वास्थ्य सुरक्षा (Health and Safety) सम्बन्धी सचेतना विकासका लागि अन्तर्राष्ट्रिय अभ्यासलाई अनुकरण गर्ने गरी क्षमता विकास गरिनेछ।

३८८. LMC Alert तथा प्रहरी Control Room जस्ता माध्यमबाट प्राप्त गुनासाहरु Rapid Response Team मार्फत तत्काल सम्बोधन गर्ने व्यवस्था मिलाइनेछ।

यस नीति तथा कार्यक्रमले सम्पदा संस्कृतिको संरक्षण, विपद् व्यवस्थापन, पूर्वाधार निर्माण, हरियाली सहितको वातावरण संरक्षण, लक्षित वर्गको आयआर्जन तथा रोजगारी सिर्जना मार्फत जीवनस्तर सुधार, सेवा प्रवाहमा जवाफदेहिता र सुशासन कायम गर्न सहयोग पु-याउनेछ भन्ने विश्वास लिएको छु। नीति तथा तथा कार्यक्रमको तर्जुमामा नेतृत्वदायी भूमिका निर्वाह गर्नु उपप्रमुख लगायत विषयगत समितिका संयोजकहरु, वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु प्रमुख प्रशासकीय अधिकृत सहित सम्पूर्ण कर्मचारीहरुलाई यस अवसरमा धन्यवाद दिन चाहन्छु। यो नीति तथा कार्यक्रम र यस नीति बमोजिम प्रस्तुत हुने वजेट तथा कार्यक्रमको कार्यान्वयनमा बिगतमा झै सबै जनप्रतिनिधिहरु, कर्मचारीहरु, सुरक्षाकर्मी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ-संस्था तथा सरोकारवाला निकायहरु र सम्पूर्ण नगरवासीहरुको सहयोग, सहकार्य एवम् अपनत्व रहनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद

निर्णय नं. ९

सभाध्यक्षबाट नगरसभाको आगामी तेस्रो बैठक २०८२ आषाढ १० गते मंगलवार दिउसो ३.०० बजे आव्हान गरी आजको बैठक स्थगीत भयो ।

आज मिति २०८२ साल असार १० गते मंगलबार नेपाल सम्वत ११४५ तछलागा चतुर्दशी तिथि दिउँसो ३:०० वजे ललितपुरको शंखमुल स्थित यल दरवारमा ललितपुर महानगरपालिकाको सातौं नगरसभाको तेश्रो दिनको बैठक ललितपुर महानगरपालिकाका प्रमुख श्री चिरीबाबु महर्जनज्यूको अध्यक्षतामा तपसिल बमोजिमका नगरसभा सदस्यको उपस्थितीमा बस्यो ।

उपस्थिती

| पद | नाम थर | दस्तखत |
|---|---|---|
| प्रमुख एवं नगर सभा अध्यक्ष | श्री चिरीबाबु महर्जन | |
| उप प्रमुख | श्री मञ्जली शाक्य बज्राचार्य | |
| नगरसभा सदस्य | श्री निर्मल तण्डुकार | |
| नगरसभा सदस्य | श्री अञ्जना कार्की | |
| नगरसभा सदस्य | श्री कृष्ण महर्जन | |
| नगरसभा सदस्य | श्री हरिहर तण्डुकार | |
| नगरसभा सदस्य | श्री राजेश कुमार महर्जन | |
| नगरसभा सदस्य | श्री अलिशा डंगोल | |
| नगरसभा सदस्य | श्री सजिता नेपाली परियार | |
